# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाजशास्त्रीय दृष्टिमा समाज भन्नाले एउटा निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने, एकअर्कामा आत्मर्निभर र व्यापक संस्कृतिमा आबद्ध मानव समूहलाई जनाउँछ । मानव समाज भन्नासाथ मानव-मानवबीच अन्तर्क्रिया भएर सृजना भएको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, कानूनी, व्यक्तिगत तथा भावनात्मक सम्बन्ध भन्ने कुराको बोध हुन्छ । मानिस सामाजिक प्राणी भएकाले स्वभावैले मानव जीवनभर गास, वास, कपास, शिक्षा स्वास्थ्य, सुरक्षा, मनोरञ्जन जस्ता कुराहरुमा समाजमा निर्भर रहन्छ । व्यक्ति मानिस जन्मनुभन्दा अघि नै समाज अविछिन्न रुपमा रहिरहेको हुनाले समाजले जीवनभर व्यक्तिलाई प्रभावित पारिनै रहन्छ । त्यसैले समाज समय सँगसँगै अत्यन्त गतिशील र परिवर्तनशील हुन्छ ।

मानव सभ्यता विकासको इतिहासअनुसार बढी शक्ति भएकाहरुले कम शक्ति भएकाहरुलाई बल प्रयोग गरेर आफ्नो अधीनमा राख्ने र शक्ति विस्तार गर्ने महत्वाकांक्षी मनोवृत्तिको प्रारम्भदेखि नै मानव-मानववीच उच-निचको विभेद विकास हुन थालेको हो । विश्वकर्मा (२००१) ले उल्लेख गरे अनुसार, ई.पू. १८५ मा मनुले मनुस्मृति रचना गरेर वर्णाश्रम धर्मलाई वैधानिकता प्रदान गरे जसलाई ब्राह्मण धर्म भन्न थालियो । त्यहींबाट ब्राह्मण जातिहरु समाजका सबैभन्दा उच्च र शूद्रहरु सबैभन्दा निच मान्ने चलन शुरु भयो । नेपालको सर्न्दभमा लिच्छवीकाल ( ई.सं. २०० देखि ८७९) को शुरुमै चारवर्ण १८ जातको स्थिति कायम भयो भने ई.सं. ६०० सम्ममा यहाँको वर्णाश्रमी समाजमा छुवाछूत भित्रिएको थियो । वाग्मती उपत्यकामा राजा जयस्थिति मल्ल (ई.सं. १३६०-१३९९) ले ४ वर्ण ६४ जातको स्थिति बसाल्दै जातीय छुवाछूतलाई कडाईका साथ लागू गरे । त्यसैगरी शासक पृथ्वीनारायण शाह, भीमसेन थापा, र जंगवहादुर राणासम्म आइपुग्दा मुलुकी ऐन

जारी गरेर चालू जातपात र छुवाछूत प्रथालाई कानूनी रुप दिइयो (विश्वकर्मा, २००१: ३३) । वि.स. २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २६,४९४,५०४ छ भने महिलाको कुल जनसंख्या १३,६४५,४६३ (५१.५%) र पुरुषको कुल जनसंख्या १२,८४९,०४१ (४८.५%) छ । यसरी राष्ट्रको कुल जनसंख्याको १३ प्रतिशत भन्दा बढी जनसंख्या दलितको छ भने कूल दलित जनसंख्याको आधाभन्दा बढी जनसंख्या दलित महिलाको छ (केन्द्रीय तथ्यांक विभाग, २०६८) ।

प्रारम्भिक वैदिक युग (ऋग्वेदको प्रारम्भ सम्भवत: १५००-१००० ई.पु) देखि उत्तरवैदिक युग (यर्जुवेद, सामवेद र अथर्ववेदको पूर्णरचना काल सम्भवत: १०००-६०० ई.पू.) को अवधिमा विकसित र सञ्चालित सामाजिक आचार संहिताअनुसार श्रम विभाजनका आधारमा वर्ण विभाजन गरिएको थियो । जसअनुसार धर्म अथवा मस्तिष्कसम्बन्धी काम गर्नेलाई ब्राह्मण, रक्षा तथा राज्य सञ्चालनको काम गर्नेलाई क्षेत्री, कृषि उद्योग र वाणिज्य जस्ता व्यवसाय गर्नेलाई वैश्य, र सेवा तथा निम्नस्तरको श्रम गर्नेहरुलाई शूद्रमा राखी ४ वर्णमा विभाजन गरिएको थियो । उत्तर वैदिक कालको उत्तरार्द्धदेखि हुनथालेको उपनिषदको सिर्जना र कर्मकाण्डीय संस्कारले पेशाको आधारमा सामाजिक विभेदमा परिणत गराउन पुग्यो (काफ्ले, २००२ : १२५) ।

नेपालको राजनैतिक एकीकरणपछि ब्राह्मण, क्षत्रिय तथा अन्य जातिहरुका साथ "अछूत" मानिने कामी, सार्की, दमाई, गाइने, वादीजस्ता जातिहरु यत्रतत्र फैलिन पुगे । वि.सं. १९१० मा नेपालको प्रथम मुलुकी ऐन लागू भएपछि जातिप्रथालाई बढी कानूनबद्ध गरीयो । तथापि यो प्रचलनलाई कानूनी रुपमा अन्त्य गर्नको लागि २०२० भाद्र १ गते लागू गरिएको नयाँ मुलुकी ऐनले छुवाछूतसम्बन्धी पूराना ऐनका व्यवस्थालाई समाप्त गऱ्यो । कानूनी रुपमा छुवाछुतलाई समाधान गर्न खोजिए पनि नेपालको बहुजातीय समाजमा नयाँ ऐनको त्यो सामाजिक-कानूनी समानताको मर्मलाई आत्मसाथ गर्दै व्यवहारमा उतार्ने प्रयास माथिल्ला जातिहरुबाट बिल्कुलै

पहल भएन । वहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात बनेको नेपाल अधिराज्यको संविधान २०४७ मा समेत अझ वढी सशक्त रुपमा जातीय समानता ल्याउने कानूनी प्रावधानलाई व्यवस्थित बनाइएता पनि छुवाछूत प्रथा जिवीतै रहेको छ । नगर-शहरी क्षेत्र र बौद्धिक समाजमा यो प्रथा केही हदसम्म क्षीण हुँदै गए पनि ग्रामीण समाजमा जातीय स्वरुपमा कुनै फरकपना देखिएको छैन । फलस्वरुपः दलित जातिहरु समग्र रुपमा पछाडि रहेको अवस्थामा आधा आकाश ओगटेका महिला वर्गहरु विकास प्रक्रियामा पछाडि परिरहेको यथार्थता भित्र दलित महिलाको सामाजिक, आर्थिक र राजनैतिक अवस्थामा छुवाछूतले पारेको प्रभाव र दलित समुदायमा उनीहरुको लैङ्गिक भूमिका कस्तो छ ? भन्ने सन्दर्भमा पनि थप अनुसन्धान गरीनु पर्दछ भन्ने मलाई लागेको छ । समग्र देशमा शिक्षा, स्वस्थ्य क्षेत्रमा पिछडिएका दलित महिला वर्ग अन्य जातिका महिलाहरुको तुलनामा सामाजिक तथा आर्थिक आधारमा ज्यादै कमजोर रहेको छ (सोव, २०५८) ।

सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र सबै किसिमले पिछड्याइएका शोषित पिडित र समाजले ने अन्य पेशा स्वीकार्न बाध्य तुल्याएका जाति दलित हुन् । नहुने समूह, समुदाय, वर्गलाई नै हाम्रो समाजमा चलनचल्तीका शब्दमा तल्लो जाति वा अछुत वा दलित भन्ने गरिन्छ (बराल, २०५०) ।

तत्कालिन श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय अन्तर्गत उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समितिले हालसम्म २३ वटा दलित जातिको पहिचान गरेको छ । नेपालमा दलितहरु मुलतः चार प्रकारका पहाडी दलित, मधेसी दलित, हिमाली दलित र आदिवासी दलितहरु रहेका छन् । जनजाति दलितमा नेवार दलित र हिमाली प्रदेशका दलित पनि छन (इन्सेक १९९६: ३९१-४१६) । दलित भनेर चिनिने कामी, दमाई, सार्की, गाइने, कुशुले, वादी, आदि जातिहरुभित्रै पनि उचनिचको स्थिति रहेको छ । नेपाल कृषि अर्थतन्त्रमा आधारित देश भएका कारण बहुसंख्यक मानिसहरु कृषि जीवनमा अभ्यस्त छन् । अझ दलित जातिका

मानिसहरुको वाँच्ने आधार नै कृषि वा कृषि मजदुरी हो । यसरी कृषिमा अभ्यस्त दलित जातिहरुको लागि खेती गरिने जमिनको स्थिति भने झन् नाजुक रहेको छ । नेपाली समाजमा महिलाहरुको भूमिका घर परिवार हेर्ने र खेतिपातीमा नै बाँधिएको छ । यो दलित महिलाहरुको लागि पनि लागू भएको पाइन्छ । सरदर महिलाले दिनको १३-१४ घण्टा काम गर्दछन् भने पुरुषले मात्र ८-९ घण्टा काम गर्दछ । घरमा बनेको मिठो पोषिलो खानेकुरामा सवैभन्दा बढी हक पुरुषको हुन्छ अर्थात् घरका पुरुषले खाइसकेपछि मात्र बाँकी खाना महिलाले खान पाउँछन जसले महिलाको स्वास्थ्य राम्रो हुँदैन (Majupuria,1985)

समाजमा भेदभाव, छुवाछुत सार्वजनिक स्थानमा बहिष्कार, राजनैतिक, आर्थिक अवसरहरुबाट बन्चित गर्नु र गराउनु दुबै अपराध मानिन्छ र सजाय पनि दिइन्छ तर यी सबै किसिमका अवसरबाट दलित महिलाहरु पूर्ण रुपमा बञ्चित छन् । नेपालको कानूनमा छवाछुत पूर्ण रुपले हटाएको बर्षौं वितिसक्दा पनि समाजमा यसको कार्यान्वयन हुन नसक्दा गाउँघरमा सीमित रहेर जीवन विताइरहेका दलित महिलाहरुलाई यसले सबैभन्दा बढी प्रभाव पारेको पाइन्छ । समाजमा रहेर पनि अन्य महिलाले जति अधिकार दलित महिलाले पाउन सकेका छैनन् । श्रोत र साधनलाई उपभोग गर्नबाट दलित महिलाहरु बञ्चित देखिन्छन् ।

## १.२ समस्याको कथन

नेपाल अधिराज्यको हरेक भाग हिमालदेखि मधेश, महाकालीदेखि मेचीसम्म जहाँ गए पनि पाइने जात बाहुन र क्षेत्रीपछि थोरै संख्यामा रहे पनि झण्डै बाहुन र क्षेत्री झैं छरिएर बसेको जात दलितहरु पनि हो (बिष्ट, २०५५) ।

नेपाली समाजको ज्यादै मर्मस्पर्शी र अमानवीय पक्ष परापूर्वकालदेखि विद्यमान छुवाछूत प्रथा हो । विकासको क्रममा विभिन्न सभ्यता र संस्कृतिमा मानव-

मानवबीच भेदका अनेक आधार खडा भै एक वर्ग वा समुदायले अर्कालाई छालाको रङ्ग, पेशा, सम्पत्ति वा खास धर्मप्रति आस्था जस्ता आधारमा ठूलो-सानो, सभ्य-असभ्य मान्ने प्रचलन चलेको पाइन्छ । प्राचीन कालदेखि नै पेशागत आधारमा विभक्त नेपाली समाजमा जातीय संस्कारगत कट्टरवादिता बलियो हुँदै गई जात-जातिवीचका सम्बन्धहरुलाई पेशा, खानपान, रहनसहन र जन्मले निर्धारित क्रियाकलाप जातिहरुवीच सिमीत गरी सामाजिक अन्तर्क्रियालाई सीमाबद्ध गरीयो । केही जातिहरु शुद्ध र विशिष्ट मानिए भने अरु जाति अशुद्ध मानिए । समाज विभिन्न तत्वहरुको पारस्परिक सम्बन्धको पद्धतिको आधारमा चलेको हुन्छ । सामाजिक, सांस्कृतिक मानवीय सम्बन्धको जालो समाज भएकोले विभिन्न सामाजिक पक्ष मा फरक प्रकृतिका सामाजिक समस्याहरु हुन्छन् (प्रश्रित, २००१) ।

चार वर्ण छत्तीस जातको साझा फूलवारीका रूपमा चिनिएको हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक एक स्वतन्त्र राष्ट्र हो (विष्ट, २०५५) । यहाँ अति धनीदेखि लिएर अति गरिबीमा पिल्सिएका मानिसहरू रहेका छन् । घुमन्ते जीवन बिताई कन्दमूल खाने चेपाङ जातिका मानिसहरूदेखि लिएर ठूला-ठूला भवनमा बसोबास गर्ने र हिजोदेखि नै राज्य र राजपरिवारको नजिक रहेका सम्भ्रान्त मानिसहरू समेत यहाँ बसोबास गर्दछन् । प्राचीन समयदेखि नै त्यही ठूला-ठालु व्यक्तिहरूले यहाँ भनौं ठूला उच्च जातका भनिएकाहरूले उच्च जाति भएकै कारण समाजमा सामाजिक तथा आर्थिक हैसियतका साथै मानप्रतिष्ठा, इज्जत र स्रोतसाधनमा पहुँच बढाईरहेको छ भने कथित तल्ला जाति वा दलित भएकै कारण उनीहरुको सामाजिक तथा आर्थिक हैसियत, मानप्रतिष्ठा, इज्जत र रोजगारीबाट बञ्चित भईरहनु परिरहेको अवस्था छ । यही जातीय उच्चता र नीचताका कारणले गाँउ, समाज र राष्ट्र नै सामाजिक र आर्थिकरुपले अविकसित अवस्थामा रहीरहनु परेको हो कि भन्ने आभास समेत हुन गएको छ ।

प्राचीन कालमा दक्षिणतिरबाट आएका आर्यहरू र उत्तरतिरबाट आएका मङ्गोल जातिहरूको सम्मिश्रणबाट सिङ्गो नेपाली समाज निर्माण भएको पाइएको छ । सम्मिश्रणका कारण परापूर्व कालदेखि नै हिन्दू संस्कृति र हिन्दू धर्मको भने यहाँ ठूलो प्रभाव रहेको पाइन्छ । सामाजिक रुपमा हुने जातीय उच्चता र नीचताको परम्परा हुर्कँदै आउदा हिन्दू धर्मलाई नै मान्ने तर तल्लो जातिको रूपमा रहेका मानिसहरुलाई धर्मको आडमा वर्गीकरण गर्दा समाजमा विभेदीकरणको चरम रुप हालसम्म पनि कायमै छ । यही परम्पराबाट दलित जातिहरु तल्लो जातिमा रहेको र जातिय वर्गीकरणले उनीहरुमा गरिने व्यवहारहरु थप जटिल बन्दै गएका कारण उनीहरु सामाजिकरुपले मुक्त हुन सकिरहेको छैन । अझ दलित महिलाले यस्ता विभेद एवं व्यवहारहरु बढी सहनुपरेको छ (शर्मा, १९९४) । त्यसकारण पनि दलित जातिहरूका विभिन्न सामाजिक हैसियत र समस्याहरूको बारेमा समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन हुन आवश्यक देखिन्छ भने उनीहरुको वास्तविक पहिचानलाई समेत सम्बोधन गर्नु आवश्यक छ ।

अर्कोतिर दलितहरु परम्परागत पेशाका रुपमा लुगा सिउने, फलामको काम गर्ने, छालाका सामग्रीहरुको निर्माण गर्ने आदि जस्ता काम गरी जीविकोपार्जन गर्दै आइरहेका छन् । हाल आएर खेतीपाती, ज्यालामजदुरी, वैदेशिक रोजगार आदि क्षेत्रहरुमा काम गरेपनि उनीहरुको जीवनस्तर भने ज्यूका त्यू रहेको छ । हालको समयमा पनि के उनीहरुको त्यो पेशा विद्यमान छ अथवा घरपरिवारको आर्थिक जीवनस्तर बढेको छ वा छैन भनी हेर्नुपर्ने बेला आएको देखिन्छ । त्यसैगरी समाजका अन्य जातका व्यक्तिहरुसँगको प्रतिस्पर्धाले प्राकृतिक स्रोतसाधन एवं रोजगारी माथिको पहुँच र नियन्त्रणलाई समेत दलितहरुले गुमाउदै आएको छ । समाजमा भएका छुवाछुतले विभिन्न रोजगारमुलक काममा उनीहरूको पहुँच गुम्दै जादा गरिबीको सिकार हुनुपरेको छ (विश्वकर्मा, २००१) ।

गरिबीले गर्दा आफ्नो सन्ततिको शिक्षा तथा स्वस्थ्यमा समेत उनीहरुले ध्यान पुर्याउन सकेका छैनन् । दलित उत्थानका निम्ति गरिने विभिन्न सरकारी तथा गैह्रसरकारी प्रयासहरुले समेत उनीहरुको जीवनमा खासै परिवर्तन ल्याएको छैन । राजनीतिक क्षेत्रमा समेत उनीहरुको सहभागिता केवल भोट बैंकका लागि हुने र घरायसी काम, आयआर्जन, शिक्षा, विवाह, रोजगारी आदि क्षेत्रमा समेत पुरुषहरुबाट पिडित हुनुपरेको छ । तसर्थ नेपालको विद्यमान गरिबीको मारभित्र उनीहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्ने मध्य क्षेत्रमा पर्ने चितवन जिल्लाको मङ्गलपुर गाविसमा बसोबास गर्ने दलित महिलाहरुको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको साथै राजनैतिक अवस्थाको अध्ययन गर्नु वान्छनिय भएकोले यो अध्ययन गरिएको हो । यस अध्ययनमा दलित महिलाहरुसँग सम्बन्धित माथिका उपरोक्त कुराहरुलाई अध्ययनको समस्या कथनको रुपमा लिइ निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरियो :

- दलित महिलाहरुको सामाजिक अवस्था कस्तो छ ?
- देशको कानूनले व्यवस्था गरे बमोजिम सामाजिक रुपमा गरिने आफ्नो धार्मिक तथा सांस्कृतिक व्यवहारहरु के कसरी संचालन गरिरहनु भएको छ ?
- दलित जातिभित्रै उच्च र निम्न जातिका दलित हुनु र आफैबीच मदभेद कायम रहनु पर्ने कारण के हो ?
- आर्थिक रुपमा सधै पछाडि रहनुपर्ने कारण के हो ?
- शैक्षिक तथा राजनैतिक क्षेत्रमा दलित महिलाहरु सधै पछाडि रहनुपर्ने अवस्था कसरी भयो ?

## १.३ अध्ययनको उद्देश्य :

यो अध्ययनको मुख्य उद्देश्य चितवन जिल्लाको मङ्गलपुर गाविसमा बसोबास गर्ने दलित जातिका महिलाहरुको सामाजिक-सांस्कृतिक, आर्थिक तथा राजनैतिक

अवस्थाको अध्ययन गर्नु हो । अध्ययनको विशेष उद्देश्यहरु भने निम्नानुसार रहेका छन् :

१. अध्ययन क्षेत्रका दलित महिलाहरुको (कामी, दमाई र सार्की) सामाजिक, आर्थिक र राजनैतिक स्थितिको अध्ययन गर्नु ।
२. दलित महिलाहरु सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा पछाडि पर्नुका मुख्य कारणहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

राज्यको कानूनले जातजाति, वर्ण वा लिंगको आधारमा भेदभाव नगरिने र राज्यको सेवासूविधामा सबैलाई समान अवसर प्रदान गर्ने अठोट गरेको छ । त्यसमा पनि जाति, लिङ्ग, धर्मको आधारमा भेदभाव नगरिने, महिला र पुरुषमा समान कामको लागि पारिश्रमिकमा भेदभाव नगरिने जस्ता वाक्यांशहरु नेपालको आन्तरिम संविधान, २०६३ मा प्रष्ट उल्लेख गरेको पाईन्छ । तर वास्तविक समाजमा त्यसको औचित्यता कस्तो रहेको छ ? भन्ने कुराको सोधखोज गर्नु आजको आवश्यकता भएको छ । विशेष गरी जातपातको आधारमा छुवाछूत एवं भेदभाव नगरिने भन्ने हाम्रो समाजमा दलित महिलाको सामाजिक र आर्थिक अवस्थामा के कस्तो व्यवहारहरु भइरहेको छ वा उनीहरुमा के कस्तो सामाजिक तथा आर्थिक प्रभाव परेको छ भन्ने बुझ्नलाई यस अध्ययनले सहयोग पुर्‍याउनेछ । यस अध्ययनले धनी वा सम्पन्न परिवारका दलित महिला र गरीब वा विपन्न परिवारका महिलाको लैङ्गिक भूमिका र सामाजिक अवस्थालाई समेत उजागर गर्ने भएको हुदा यो अध्ययनले महत्वपूर्ण भुमिका खेल्नेछ ।

नेपालका महिलासम्बन्धी प्रकाशित पुस्तक, लेख, रचनाहरुमा दलित महिलाहरुको बारेमा कमै मात्रामा उल्लेख गरेको पाइन्छ । यस अध्ययनले पनि सम्पूर्ण दलित महिलाहरुको अवस्थालाई प्रतिनिधित्व गर्न त सक्दैन तर दलितभित्र पनि दलित

महिलाहरुको जनजीवनबारे जानकारी लिन भने अवश्य मद्दत पुऱ्याउने छ । यसबाहेक यस अध्ययनले दलित महिलाहरु सामाजिक, सांस्कृतिक, राजनैतिक क्षेत्रमा पछाडि पर्नुका कारणहरु बारे जानकारी दिनेछ । यस अध्ययनले विशेष गरी मङ्गलपुर गाविसका दलित जातिका महिलाहरुको वास्तविक सामाजिक, आर्थिक तथा राजनैतिक परिचय गराउन प्रमुख योगदान गर्नेछ । यस शोधबाट भविष्यमा दलित जातिका महिलाहरुको अवस्थासँग थप अध्ययन गर्न र उनीहरुको सामाजिक सम्मान, आर्थिक सुधारलगायत विभिन्न नीति तथा कार्यक्रमहरु बनाउन सन्दर्भ सामग्रीको रुपमा सहयोग पुग्ने छ ।

## १.५ अध्ययनको संगठन

अनुसन्धानको महत्व आकर्षण र प्रभाव त्यसको रूपरेखामा निर्भर रहन्छ । विविध पक्षलाई विभिन्न खण्डमा विभाजन गरी तयार पारिएको अध्ययन आकर्षक र प्रभावकारी हुने गर्दछ । त्यसैले यस शोधलाई विषयवस्तुअनुसार पृथक्-पृथक् खण्डमा छुट्याई शोधखोजलाई सरल, सहज र आकर्षक बनाउन विषयवस्तुका आधारमा मुख्य अध्यायमा विभाजन गरिएको छ ।

पहिलो अध्यायमा अनुसन्धानको परिचय मूल शीर्षक अन्तर्गत पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्वको बारेमा समीक्षा गरिएको छ । दोस्रो अध्यायमा सन्दर्भ साहित्यको सिंहावलोकन मूल शीर्षकअन्तर्गत पूर्वप्रकाशित कृति तथा विभिन्न अध्ययन प्रतिवेदनहरूको अध्ययन एवं समीक्षा गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान पद्धति मूल शीर्षक अन्तर्गत अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोतहरू, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण आदि विषयमा चर्चा गरिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्रका दलित महिलाहरुको परिवारको सामाजिक, आर्थिक, जनसांख्यिक तथा शैक्षिक पक्षहरुलाई सविस्तार उल्लेख गरिएको छ । त्यसैगरी

उत्तरदाताको रुपमा छानिएका दलित महिलाहरुको सामाजिक तथा आर्थिक पक्षहरुलाई केलाउदै अन्य जातजातिहरुसँग उनीहरुको संवन्धका बारेमा विश्लेषण गरिएको छ । पाँचौं अध्यायमा दलित जातिका महिलाहरुको सामाजिक-सांस्कृतिक, आर्थिक र राजनैतिक स्थितिहरुलाई विश्लेषण गरिएको छ । अन्तिम अध्याय छैटौमा शोधको सारांश र निष्कर्षलाई उल्लेख गरिएको छ ।

# अध्याय - दुई
# पूर्व साहित्य अध्ययनको समिक्षा

## २.१ सैद्धान्तिक दृष्टिकोण

विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । लिंग (Gender) भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधीनस्थ गराउने पितृसतात्मक सामाजिक संरचनाको सोच हो (Bhasin, 1993) ।

लिङ्गमा आधारित श्रम विभाजनमा पुरुषहरु शारीरिकरुपमा बलियो हुने हुनाले उनीहरु घरवाहिरको काम गर्ने, शिकार गर्ने, गाइवस्तु चराउने, माछा मार्ने, जस्ता कार्यहरु गर्ने र महिलाले घरभित्र परिवारको रक्षा गर्ने कृषि कार्य गर्ने र जीविकोपार्जनको लागि पुरुषको तुलनामा बढी योगदान दिन सक्दछन् (Ember and Ember, 1993) । मार्क्सवादी बीचारधारामा लागेका समाजशास्त्रीका अनुसार सम्पत्ति नै समाजमा असमानता सृजना गर्ने स्रोत हो । उत्पादन व्यवस्था वा प्रणालीको विकास संगै सामाजिक सांस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । निजी सम्पत्तिको विकास संगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा महिलालाई लिँदै अझ अगाडि भनिएको छ सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्वर्द्धनकालागि छोरा जन्माउने वस्तुका रुपमा पनि महिलालाई लिन थालियो । महिलाहरु घरभित्रकै धन्दामा सीमित गरिए, यात कमसल कार्य वा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो (प्रश्रित, २००१) ।

त्यस्तै प्रकार्यवादीहरुको बीचार अनुसार सामाजिक संरचनालाई व्यवस्थित गर्न लैङ्गिक असमानता एक अनिवार्य शर्त हो । कुनै पनि व्यक्ति आफ्नो योग्यता

क्षमताका आधारमा सामाजिक तहमा (Social Starta) रहने गर्दछन् । त्यसैले सामाजिक विभिन्नता नै सामाजिक मूल्य र मान्यताको प्रणाली हो (Pathy, 1987)।

त्यस्तै आमूल परिवर्तनकारी महिलावादीहरुले विश्वव्यापी रुपमा महिलाको अवमूल्यन भएको छ र पितृसत्ताका कारण सबै ठाउँमा महिलाहरु दमनमा परेका छन् । भन्ने मान्यता रहेको छ भने समाजवादी महिलावादीले मार्क्सवादी बीचारधाराझैं पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो यसले महिलाले भोग्नु परेको अधीनता भिन्न-भिन्न परिवेशमा कति समान छन् र कति असमान् छन् त्यसको पनि अध्ययन गरिनु पर्दछ । महिलाहरु आफै दमित हुँदा हुँदै पनि अर्काथरि महिलाले मात्रै महिलालाई दमित गर्दछन् यो वर्गीय सोच हो जस्तै अमेरिकी समाजमा काला जातिका महिलाहरुलाई दमन गर्ने कार्यमा सेता जातिका महिलाहरु सक्रिय रुपले सहभागी भएका छन् (Haralambos, 1996) ।

यसरी १९८० सम्मका नारीवादी सिद्धान्तमा महिला र पुरुष बीचका विभेद लाई सामाजिक संरचनामा भएको असमानता, परिवारको संरचना र वर्गीय रुपमा गरिएको दमनको उपज मानिएको थियो । १९८० पछि लैङ्गिक अध्ययन सामाजिक र साँस्कृतिक विविधता अनुसार फरक हुने गर्दछ । समाजमा व्याप्त रहेको जाति जनजाति समाजमा सिर्जित वस्तुहरु र सेवाको फरकपन हुने गर्दछ । यस्ता तत्वहरुले लैङ्गिक स्तरीकरण संग अन्तरक्रिया गर्ने गर्दछन् । त्यसैले संसारको सबै भाग र सबै संस्कृतिका महिलाहरु माथि हुने दमनको यथार्थ चित्रण एकै स्वरुपमा गर्न सम्भव छैन भन्ने सिद्धान्त तेस्रो धारको रुपमा जन्म भयो जुन अहिलेको लैङ्गिक विश्लेषणको सान्दर्भिक सिद्धान्तको रुपमा रहेको छ (Keller, 1996) ।

तामाङ (१९९९) ले सेडाबाट प्रकाशित मिना आचार्य र बेनेटको “The Status of Women in Nepal" को टिप्पणी गर्दै नेपाली महिला परिवारभित्र रहन वाध्य छन्, आर्थिक पहुँच छैन्, निर्णय प्रक्रियामा समान सहभागी छैनन् र हरेक क्षेत्रमा

पितृसत्ताले हस्तक्षेप गरेको छ भनि सम्पूर्ण सामाजिक संरचनालाई एकात्मक रुपले अध्ययन गरिएको छ भन्दै उनले अगाडि भनेकी छिन्, नेपाली समाजमा विविधता छ यहाँ विभिन्न जात-जाति, वर्ग, धर्म, उमेर अनुसार महिलाको भूमिका फरक छ । यसमा हाम्रो जातीय विविधताअनुसार परम्परा र अन्धविश्वासले पनि पभाव पारेको हुन्छ । त्यसैले सवैलाई एकरुपतामा राखी सामान्यीकरण गर्नु हुदैंन । जस्तै : उदाहरणको लागि हिमाली क्षेत्रका उद्यमशील शेर्पा महिला मध्यम वर्गीय पहाडी ब्राह्मण महिला बीचको लैङ्गिक सम्बन्ध फरक छ किनकी हिन्दू मान्यता अनुसार वाहुन महिलालाई प्रजनन् शुद्धता र घरबाहीर घुमफिर गर्ने स्वतन्त्रतामा बन्देज लगाइएको हुन्छ भने शेर्पा महिला बजारमुखी अर्थतन्त्रमा सक्रिय भएर लागेका हुन्छन् (तामाङ, १९९९) ।

A.P. Caplan (1972) का अनुसार मानिसहरुमा तल्ला र उपल्ला जातिहरुको बीचमा असमानताका खाडलहरु सिर्जना भएका छन् । सार्वजनिक ठाउँमा , मठमन्दिर, पँधेरो, पाटीपौवा आदिमा तल्ला जातिको प्रवेशलाई निशेध गरिएको छ । जातिय स्तरीकरणको रसिभित्र बाधिएका तल्ला जातिहरु उपल्ला जातिबाट अति शोषित भएका छन् । एकातर्फ उनीहरु उपल्ला घरमा प्रवेश पाउदैनन् भने अर्कोतिर दिनभरि साहुको लागि हाँडमासु खियाएर काम गर्दा पनि एक पेट राम्ररी खान पाएका छैनन् (A.P. Caplan, 1972) ।

विभिन्न देश, समाज, धर्म, जाति, जनजातिअनुसार लैगिक विश्लेषण हुन आवश्यक छ । किनकि विभिन्न वंश, समाज र जातिअनुसार नारी र पुरुषबीचको सम्बन्ध फरक फरक हुने गर्दछ । हाम्रो समाजमा दलित माहिलाहरुको वा गैह्रदलित महिलाहरुको आमाको रुपमा उच्च भूमिका, मूल्य, मान्यता भएपनि महिलाहरुको रुपमा उनीहरको भूमिका भने समुदाय पिच्छे व्यापक मात्रमा फरक पाइन्छ । जहाँसम्म हिन्दु धर्मका उच्च जातका रुपमा मान्न आफ्नो सामाजिक हैसियत स्थापना गर्न सक्छन् । तर भोट बर्मेली भाषा बोल्ने परिवारमा भने विवाह नगरी

पनि श्रीमतीका रुपमा सामाजिक हैसियत प्राप्त गर्न अन्य उपाय अवलम्बन गर्न सक्ने स्थिति देखिन्छ (Acharya & Bennet, 1981:282) ।

आचार्य (१९९७) ले समाजमा भेदभाव तथा उचनिचको भावनाको विकास हुनुमा शिक्षाको कमि रहनुलाई एक प्रमुख कारक ठान्दछन् । उनका अनुसार शिक्षा एउटा दियो हो जसले अन्धकारलाई हटाई उज्यालो बनाउछ । एक पुरुषको शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउछ । त्यसकारण महिलाहरुका लागि शिक्षा नितान्त आवश्यक हुन्छ । यही शिक्षाले नै समाजमा मानिसहरुबीच रहेको उचनिचको भेदभावलाई कम गर्न सघाउँ पुर्याउदछ ।

दलितहरुले विभिन्न उपभोक्ता समुह, व्यवस्थापन समिति, आमा समुहलगायतका सामुदायिक संघसंस्थाहरुको नेतृत्व विभेद भोग्दै आएका छन् । सामुदायिक संस्थाहरुमा दलित महिलाहरुको के कस्तो सहभागिता हुन्छ त्यो नै विकासमा उनीहरुको सहभागिताको एउटा सूचक हो । स्थलगत अध्ययनबाट प्राप्त जानकारीअनुसार १८ वटा दलित जातिमध्ये ९ जातीय समुदायका दलितहरुलाई नीतिनिर्माण गर्ने भूमिका नदिएर देखाउनका लागि मात्र प्रतिनिधित्व गराउने प्रवृत्ति कायम रहेको कुरालाई उल्लेख गरेको पाइन्छ (भट्टचन, २०५८) ।

## २.२ नेपालमा महिलाको अवस्था

कुनैपनि समाजको प्रगतिको मापदण्ड नारीलाई मानिन्छ । समाजमा महिलाले भन्दा अलिकति पनि बढि सुख सुविधाको अधिकार पुरुषले उपभोग गर्दछ भने त्यस समाजलाई प्रगतिशील र विकसित भन्न मिल्दैन । महिलाको सन्दर्भमा एंगेल्स (१९८६) को भनाईलाई लिदै प्रश्रित (२००१) लेख्छन् “सर्वप्रथम सभ्यताको बीऊ

रोप्ने आइमाइहरु नै हुन् । तिनीहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिष्ठापित गरे" ।

Bhasin, (1993) ले महिलालाई पितृसत्तात्मक समाजले गर्ने गरेको हिंसालाई महिलाको सामाजिक अवस्थाको दयनिय स्वरुपको रुपमा उल्लेख गरेको पाइन्छ । उनका अनुसार समाजमा पुरुष प्रधान भएकै कारणले महिलाहरूलाई होच्याउने, नियन्त्रणमा राख्ने, शोषण गर्ने जस्ता अमानविय व्यवहार गरिन्छ । महिला माइती र घर दुवै ठाउँबाट सम्पतिको हिस्सेदार वन्न नसक्ने भएकाले गर्दा महिलाको विवाह पश्चात् सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ (Bennett, 1983) ।

हिन्दू नारीहरुको अवस्था पतन हुनुमा ब्राम्हणवाद नै मुख्य कारण मानिएको छ । मनुद्वारा पतिलाई गुरु र देवतातुल्य भनी नामाकरण गरिए पछि पतिको सेवा गर्नु नै धर्म हो, स्वर्ग जान पतिको पूजा गर्नुपर्छ भन्दै हिन्दू धर्मलाइ व्याख्या गरियो ब्राम्हणवादलाई प्रशय दिदै जाँदा महिलाहरु आफ्नो भरणपोषणको लागि पुरुषप्रति उत्तरदायी हुनुपर्ने बाध्यताको शुरुवात भयो साथै पारिवारिक परिवेश, धार्मिक, सामाजिक, सामुदायिक यावत कार्यहरुमा पुरुषले प्रतिनिधित्व गर्न थाले र घरमूली पनि पुरुष नै हुने गर्दथे । यसबाट पनि नारीको अवस्थाको यथार्थता स्पष्ट हुन्छ फेरि आर्य मुलकका पुर्खाहरुको संस्कृति पितृसत्तात्मक थियो । तिनै आर्यहरुको भारतवर्षमा प्रवेशपछि नारीहरुको सामाजिक स्थितिमा आँच आउन प्रारम्भ भयो र पितृसतात्मक परिवारको शुरुवातलाई निरन्तरता र बलियो बनाइयो (बराल, २०५०:१५४) ।

Bennett (1983) ले काठमाडौंदेखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दू महिला र पुरुषबीच रहेको फरकपनलाई स्पष्ट पारेकी छन् । खासगरी त्यस ठाउँका महिलाहरु प्रत्येक तहमा शोषित रहेका छन् । सदैव पुरुषको नियन्त्रणमा रहनुपर्ने,

प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने, हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथि उठ्न नसकेको पाइएको छ ।

महिला र पुरुषबीचको भेदभाव परिवारभित्रबाट शुरु हुन्छ । महिलालाई निर्णय प्रक्रियामा सामेल गराइँदैन र समाजमा प्राप्त हुने मौकाहरु र उपलब्धिहरु माथि पुरुषहरुद्वारा एकाधिकार जमाइएको छ । कुनै पनि महिलाको सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्रियाकलापहरुमा हुने सहभागिता उनका श्रीमान्/बाबु आमा/पुरुष नातेदारको प्रकृतिमा भर पर्छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६०) ।

## २.३ दलित र दलित महिला

सामाजिक सम्बन्धको जालोलाई समाज भनिन्छ । जहाँ सामाजिक रीति, एवं कार्यप्रणालीको अधिकार एवं पारस्परिक सहायताको लागि विभिन्न समूह, वर्ग जात जाति धर्मको मानवीय व्यवहारको नियन्त्रण र स्वतन्त्रताको व्यवस्था गर्ने सधैं अग्रसर रहन्छ र समाज परिवर्तनशील छ, सामाजिक असमानता अर्थात् सामाजिक श्रम विभाजन नै समाजको प्रगतिको बाधक हो (MacIver and Page, 1959:7) परम्परागत सिद्धान्तअनुसार ब्राम्ह्मणहरु परमात्माको मुखवाट, क्षेत्रीहरु बाहुबाट, वैश्यहरु तिघ्राबाट र शूद्रहरुको उत्पत्ति पाईतालाबाट भएको भन्ने कुरालाई उल्लेख गरेका छन् । मनुले चारै वर्णको कार्य विभाजन गर्दै “वेद पढ्नु-पढाउनु, आफूले यज्ञ गर्नु र अरुको यज्ञ गराउनु दान गर्नु, ब्राम्ह्मणको कार्य हो । प्रजाको रक्षा गर्नु, देशलाई विपत्तिबाट संरक्षण गर्नु र दान गर्नु क्षेत्रीको मूल कर्तव्य हो । वाणिज्य व्यवसाय तथा कृषि कार्य अपनाई सबै वर्णका मानिसलाई खाने लाउने जस्ता न्यूनतम कुरालाई कमी हुन नदिने वैश्यहरुको कार्य हुनको साथै पशुपालन, दान र

यज्ञ गर्नु पनि उनीहरुको कार्य पर्दछ । र, शूद्रले चाँहि आफूभन्दा माथिका तीनवटै वर्णको सेवा, शुश्रूषा तथा हरेक काममा सहयोग पुऱ्याउनु पर्दछ (बराल, २०५०) ।

जाति व्यवस्था हिन्दू दर्शनअनुसार कट्टर हुने गरेको पाइन्छ । त्यस्तै बौद्धिककालमा पनि जाति व्यवस्था कट्टर बन्दै जादा महात्मा बुद्धले जन्मको आधारमा छुट्टिएको जाति प्रथाको विरोध गरेका थिए । कुनै पनि मानिस जन्मबाटै ब्राम्ह्मण अथवा शुद्र हुँदैनन् । मानिसको वर्ण त कर्मद्वारा मात्र छुट्टिन्छ । बराल (२०५०) का अनुसार बी.आर. आम्वेडकर समेतले बौद्ध धर्मको आधारभूत सिद्धान्त समानतालाई स्वीकारेका थियो । भेदभाव तथा छुवाछूत विरुद्ध आवाज उठाउने एउटै व्यक्ति भगवान बुद्ध हुनुहुन्थ्यो । त्यस्तै शुरुमा छूतअछूत भन्ने धारणा थिएनन्, सबै छुट्टिएर बसेका थिए र कोही पनि पुरोहित र ब्राह्मणलाई आदर गर्दैनथे । आफ्नो आदारभाव नगरेकाले ब्राह्मणहरु क्रुद्ध थिए । अतः ब्राह्मणहरु घृणित काम गर्नेलाई हेलाँको दृष्टिले हेर्ने र उनीहरुको घृणाको दृष्टिले गर्दा अस्पृश्यताको उत्पत्ति भयो (वराल, २०५०) ।

व्रिटिसकालीन भारतमा सन् १९२७ मा बनेको "साइमन कमिसन" ले शूद्रमध्येकै अतिशूद्र अजात पानी नचल्ने तहमा राखेको समूहलाई दलित मानेको छ । चरम आर्थिक शोषण तथा सामाजिक उत्पीडनको शिकार भई पानी नचल्ने ठानिएको समुदाय नै दलित हो, नेपालको सन्दर्भमा दलितहरु आर्थिक रुपले शोषित, राजनीतिक रुपले आवाजहीन, सामाजिक रुपले तिरस्कृत तथा अछूतको रुपमा रहँदै आएका छन् (विश्वकर्मा, २००१) । राज्यद्वारा छुवाछूतको शाब्दिक अर्थ लगाइएको छैन । तर व्यवहारमा अछूत तल्लोजात, पानी नचल्ने जातको रुपमा लिइएको छ । त्यस्तै दलित भन्नासाथ गरिब र शोषित वर्ग जुन अछूत जातको रुपमा रहेको छन् दलित समूह बीच जातिगत एकता नभई उपजातिमा विभाजित दलित जातिहरुको वैवाहिक सम्बन्ध आफ्नो जातीय समूहभित्र हुने गर्दछ । रोजगारको क्षेत्र र सामाजिक संस्कारमा आफ्नोपन पाइन्छ (दाहाल, २००३) ।

दलितभित्र पनि तहयुक्त जातीय प्रणाली हुनु विडम्वना हो । उनीहरु एउटा दलित समूह अर्को समूह भन्दा सार्की र दमाई तल्लो जाति मानिन्छ । यिनीहरुबीच आफ्नै मूल्य र मान्यता रहेका छन्, सोही बमोजिम दमाई, कामी, सार्कीबीच विवाहवारी गर्न बन्देज छ (दाहाल, २००२) ।

मुलुकमा ८५ प्रतिशत मानिस हिन्दू धर्म मान्दछन् । बाँकी हिन्दू जात प्रथाभन्दा बाहिर विभिन्न जाति र धर्मावलम्वीहरु रहेका छन् । तर एकातिर केही जातिभित्र पनि जात-प्रकृतिका विभेदहरु विद्यमान छन् । जातप्रथाले व्यक्ति, परिवार, कुललाई उच्च-मध्यम-निच श्रेणीहरुमा विभक्त गर्दछ । यस्तो श्रेणी बद्ध विभाजन अन्तर्गत खास गरी तल्लो श्रेणीमा पारिएका व्यक्ति र समूहको विरुद्धमा व्यवस्थित र व्यापक रुपले मानवीय सामर्थ्यको उपभोग र विकासका बाटाहरु अवरुद्ध पारिन्छन् ( NESAC, 1998) ।

अछूत जातका व्यक्ति र समूहका लागि त यस्तो निषेधात्मक व्यवस्था पार गर्न नसकिने जीवन भरको बाध्यता नै बन्दछ । यस्तो बाध्यता अन्तर्गत वाल वालिकाहरु कक्षाका सहपाठीहरुद्वारा घृणित हुने, यस्ता परिवार मूल बस्तीबाट छुट्टै एउटा कुनामा थुप्रिएर घरबास गर्नु पर्ने, जीवनभर आर्थिक र राजनैतिक रुपले समेत आश्रित भएर बाँच्नु पर्ने जस्ता अत्यन्त अमानवीय स्थिति भोगेका छन् (NESAC, 1998) । यसैको फलस्वरुप जग्गा र घरबारविहीन परिवारहरुमध्ये ठूलो संख्या तल्लो र अछूत जातका परिवारहरुको छ । अछूत जातको साक्षारता दर १८ प्रतिशतमात्र छ जबकि माथिल्ला जातहरुका लागि यो दर ४७ प्रतिशत छ । अछूत जातका व्यक्तिहरुको औसत आयू ५१ वर्षमात्र छ जबकी माथिल्लो जातका व्यक्तिहरुको औसत आयू ५७ वर्ष रहेको छ । यसैगरी अछूत जातका १००० शिशु (१२ महिना सम्मका) हरुमध्ये ११८ जनाको मृत्यु हुन्छ भने माथिल्लो जातका १००० शिशु (१२ महिना सम्मका ) ८५ जनाको मृत्यु हुन्छ (स्वास्थ्य मन्त्रालय, १९९७) ।

माथिल्ला जातका परिवारहरु मध्ये जति परिवार निरपेक्षरुपले गरीव छन् त्यो भन्दा डेढगुणा धेरै अछूत जातका परिवारहरु गरिव छन् । त्यसमा पनि अछूत जातका परिवारभित्रै महिलाहरुको अवस्था दयनीय छ । जस्तै अछूत जातका पुरुषहरुको साक्षरता दर १८ प्रतिशत छ भने अछूत जातका महिलाहरुको साक्षरता दर ७ प्रतिशतमात्र छ (NESAC, 1998: 103) ।

नेपाली महिलाहरुको सामाजिक, आर्थिक अवस्था जटिल छ, यसलाई एकांकी रुपमा सहजै व्याख्या गर्न सकिदैन । भौगोलिक क्षेत्र, आर्थिक अवस्था, सांस्कृतिक, तथा जातीय विभेदको विविधताले महिलाको पहुँच स्तरमा पनि फरकपना आएको हुन्छ । महिलाको परिवारभित्र निश्चित भूमिका के छ र परिवारको स्थानले सामाजिक संसारमा  महिलाको भूमिकालाई निर्धारण गर्दछ (Luitel, 1992)।

नेपाल सरकारले राष्ट्रिय योजना आयोगका लागि तयार पारेको National Dalit Strategy Report (2002) ले दलितको आर्थिक अवस्थाका बारेमा यसरी विश्लेषण गर्ने प्रयास गरेको छ । नेपालमा सामान्यत गरिबी जमिनमाथिको अधिकारसँग जोडिएको छ । गरिबीको अर्को सूचक घरको आकार र प्रकार पनि हो । अन्य स्रोतहरुबाट प्राप्त हुने आय निर्धनता र सम्पन्नता नाप्ने तत्त्वहरू हुन् । तर दलित जातिहरु सामाजिक रुपमा नै गरिबीमा रहनु र जमिनमाथिको अधिकार न्यून हुदा आर्थिक रुपमा कमजोर रहेको पाइन्छ भने अन्य रोजगारमुलक क्षेत्रमा समेत उनीहरुको पहुँच स्थापित हुन सकेका छैनन् ।

शर्मा (१९७७) ले गरेको एक अनुसन्धानमा जातीय छुवाछुतको समस्याका विभिन्न स्वरूपहरू र जातीयताका आधारमा भइरहेको अन्याय आदिलाई राम्रोसँग चित्रण गरिएको छ । उदाहरणका रुपमा उनले एउटा प्रसङ्ग उल्लेख गर्दै “एक जना अछुत भनिने शिक्षकलाई कथित अन्य जाति र तल्लो जातिका विद्यार्थीलाई पौष्टिक आहार कार्यक्रमबाट वितरित खाजा खान सँगै बस्न लगाएकै आरोपमा कैलाली जिल्लाकै

आफ्नो गाउँको स्कुलबाट धनगढी सरुवा गराइयो । विद्यालय निरीक्षक उक्त दलित भनिने शिक्षकको अध्यापनबाट सन्तुष्ट रहेको भए पनि विद्यालय प्रधानाध्यापक र केही ब्राह्मणहरू दलित शिक्षकविरुद्ध खनिए र पछि खाद्य कार्यक्रमको सहयोग नै रोकिएको थियो ।

विश्वका महिला पुरुष सरह समानता र सशक्तीकरणका लागि अत्यन्त सक्रिय रुपले अगाडि बढेका छन् । यो क्रममा नेपाली महिला पनि पछाडि परेका छैनन् । सामाजिक शोषण र लैङ्गिक विभेदबाट मुक्त हुन निरन्तर संघर्ष गरेपनि उनीहरुले सफलता पाएका छैनन् । दलित महिलाहरु एकातिर पुरुष प्रधान समाजको दासताबाट मुक्त हुन सकको छैनन् भने अर्कोतिर कथित उपल्ला जातिका महिलाहरुबाट उपेक्षित हुन पुगेका छन् (सोब, २०५८) ।

दलित महिलालाई सार्वजनिक तथा माथिल्लो जातका मानिसले प्रयोग गर्ने धारामा पानी थाप्न दिइँदैन । उनीहरुलाई मन्दिरमा प्रवेश गर्न तथा धार्मिक क्रियाकलाप गर्न प्रतिबन्ध लगाइन्छ । । माथिल्लो जातिका पुरुष तथा दलित महिलाबीच अर्न्तजातीय विवाह सामाजिक रुपमा पूर्णतया अस्वीकार्य हुन्छ । अछूत भएका कारण दलित महिलाहरुले चिया पसल, होटेल तथा रेष्टुराँ जस्ता नाफा कमाउन सक्ने निश्चित क्षेत्रमा काम पाउन निकै कठिन हुन्छ । प्रायः दलित महिला गर्भ विस्थापन जस्ता स्त्रीरोगबाट पीडित हुन्छन् । उनीहरुलाइ गर्भ नियन्त्रण तथा दुई जन्मबीच समय लम्व्याउने वारेमा थाहा छैन । दलित महिलाले धेरैजसो ठाँउमा सजिलो सित सफा पानी पाउन सक्दैनन् र उनीहरुलाई प्रदूषित पानी पिउन वाध्य पारिन्छ । यसरी उनीहरु पेटसम्बन्धी अनेकौं रोगबाट पीडित हुन्छन् । त्यस्को नतिजाको रुपमा उनीहरुको मृत्यु तथा प्रजननदर निकै उच्च छ (मानव अधिकार आयोग, २०६०) । सामाजिक तथा साँस्कृतिक अधिकारको पहुँचबाट बन्चित हुनुमा दलित महिलालाई छुवाछूतको माध्यमबाट सामाजिक बहिष्कार गर्नु दलित विद्यार्थीप्रति शिक्षकले लापर्वाही गर्नु, केही विद्यालयमा निःशुल्क खाना उपलब्ध गराइएपनि माथिल्ला

जातका विद्यार्थी तथा कर्मचारी दलित वालवालिकासँग खानपिन गर्न चाहँदैनन् । माथिल्लो जातका समुदायले दलित शिक्षकलाई स्वीकार नगर्दा रोजगारीमा पहुँच पुग्न सकेको छैन ।

लैङ्गिक समानताको विषयमा विश्वव्यापी रुपमा सामूहिक चासोको विषय रहेको छ । नेपालको सन्दर्भमा पनि पितृसत्ताको बाहुल्यता बाट सवै जातिका महिलाको आरक्षित सिटमा पनि दलित महिला पुग्न सकेका छैनन् । सामान्यतय दलित नेपालका सवैभन्दा गरिब समुदाय हुन । उनीहरु प्रायः गाउँका जमिन्दारका ऋणि भएका छन् । भूमिहीनताको विषयमा पहाडी दलितको भन्दा तराइका दलितको विषय निकै गम्भिर छ (दाहाल, २००२) । दलित महिलाहरु वर्गीय, जातीय र लैङ्गिक गरी ३ प्रकारले उत्पीडनका शिकार भएका छन हिन्दू धर्मअनुसार अन्तरजातीय विहेवारी वर्जित भएकोले गर्दा दलित महिलाहरु यस्तो चलनको शिकार छन । माथिल्ला जातका पुरुषहरुले दलित महिलालाई फसाउँने पछि जातीय आधार बनाएर धोका दिदै आएका छन । दलित महिलाहरुले कृषि कार्य लगायतका अन्य मजदुरीको मुख्य हिस्सा ओगट्दै आएका छन् (विश्वकर्मा, २००२) ।

राजकाज तथा राजनीतिक दल दुवैमा प्रमुख स्थान माथिल्लो जातका मानिसले ओगटेका छन् । जनजातिलाई जस्तै दलितलाई सरकारी निकायमा दलितलाई महिलालाई जस्तो कोटा पनि छुट्टाइएको छैन । राजनीतिक दलले दलितलाई आफ्ना उद्देश्यका लागि अनुचित फाइदा लिने गरेका छन् । निर्वाचनको समयमा दलित भोट बैक मात्र बनेका छन् । "एउटै देशमा बस्ने भएर पनि दोस्रो दर्जाको नागरिक सरह यिनीहरुलाई व्यवहार गरिन्छ । त्यसैले दलित महिलाहरुको लागि महिलाभित्र पनि छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने आवश्यकता छ (सोब, २०५८) ।

परापुर्वकालदेखि दलितले कामी, दमाई सार्की तथा पोडेको काम गरेका छन् । यी पेशा फोहोरी ठानिएकाले जतिसुकै राम्रो सेवा गरेपनि दलितलाई उनीहरुले गरेको

कामका लागि सम्मान गरिदैंन थियो । बहुसंख्यक दलित गरिब तथा निरक्षर भएकाले उनीहरु माथिल्लो जातको घरमा वा गाउँका जमिन्दरकहाँ काम गर्न बाध्य हुन्थे र प्रायः गरी उनीहरु थोरै ज्यालामा काम गर्थे वा ज्याला पाउँदैनथे । दलित नोकरका वालवालिकालाई गोठाला वा उनीहरुको बाबु-आमाको सहयोगीको रुपमा वा भान्सामा काम गर्नेको रुपमा राखिन्थ्यो । यसको बदलामा उनीहरु न्यूनतम खाना तथा लुगा पाउँथे । दलितलाई माथिल्लो जातका मानिसको खेत जोत्न पनि लगाइन्थ्यो । उनीहरु ब्राह्मणले हलो जोत्नु हुदैन भन्ने धारणालाई कायम राख्थे । दलितले अरुका लागि कडा मेहनत गरेपनि वा उनीहरुको भलाईका लागि योगदान दिएपनि उनीहरु स्वयम् भने निरन्तर भोका तथा गरिब रहेका छन् (नेपाल मानवअधिकार आयोग, २०६०) ।

उपरोक्त अध्ययनहरुले सामाजिक व्यवस्थाको संरचनामा महिलाहरु पुरुष प्रधान सामाजिक संरचनाबाट दविएका छन् र हरेक सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रबाट पहुँचविहीन भएका छन् भन्ने उल्लेख गरिएको छ, तर जाति व्यवस्थामा आधारित हाम्रो समाजमा उच्च जातका महिला भन्दा तल्ला जातिका महिलाको स्तरमा झन ठूलो असमानता देखिएको छ । दलित महिला दलित भएर छुवाछूतको दुर्व्यवहारबाट अपमानित र हरेक क्षेत्रबाट पहुँच विहिन अवस्थामा रहेका छन् भन्ने वास्तविकता देखाइएको छ । उपल्लो जात र धनाढ्य परिवारका महिलाहरुको राजनैतिक शक्ति, अर्थतन्त्र तथा अन्य सामाजिक उन्मुक्तिको पहुँचमा ग्रामीण क्षेत्रका महिलाको भन्दा वढी छ । वर्गीय विभाजन बमोजिम धनी महिलाहरु भन्दा ग्रामीण गरिब महिलाहरु बढी अधीनस्थ र दविएका छन् । तसर्थ लैङ्गिक भूमिकाको अध्ययन गर्दा सामाजिक, सांस्कृतिक संरचना अनुसार वर्गीय, जातिगत अवस्थाको विश्लेषण गर्नुपर्ने देखिन्छ । समाजमा विद्यमान वर्गीय स्तरीकरण अनुसार धेरैजसो महिला र पुरुषको सम्बन्ध गाँसिएको हुन्छ । लैङ्गिक भूमिका समाज र संस्कृति अनुसार फरक फरक पाइन्छ । तसर्थ जात जाति भित्र आफ्नो समुदायभित्र महिलाको स्थान उच्च वा निम्न हुन सक्दछ । यस्ता विषयमा व्यवहारिक लैङ्गीक अध्ययनको खाँचो तड्कारो

रुपमा देखिएको छ । जसलाई पुरा गर्ने प्रयास स्वरुप यहाँ पहल गरिएको छ । छुवाछूतबाट दलित महिलाको सामाजिक, आर्थिक अवस्थामा परेको असरले दलित महिला पिछडिएका छन् तर समाजमा निम्न वा गरिब परिवारमा महिला-पुरुषको लैङ्गिक भूमिकाको अध्ययन विशेष गरी परिवारमा निर्णय प्रकृयामा लैङ्गिक सहभागिता कस्तो छ ? भन्नेबारे खोजी गर्न यो अध्ययन कार्य अगाडि बढाइएको छ ।

## २.४ अध्ययनको अवधारणागत खाका

यस अध्ययनमा दुईवटा अवधारणागत खाका तयार गरिएको छ । यस अवधारणागत खाकामा समग्र समाजमा दलित महिलाहरुको सामाजिक आर्थिक पक्षहरुमा छुवाछूतले पारेको प्रभावलाई विश्लेषण गरिएको छ ।

## अवधारणागत खाका १ः दलित महिलाहरुको सामाजिक, आर्थिक एवं राजनैतिक अवस्था

**दलित महिलाहरु पिछडिन्का कारणहरु**

↓

**सामाजिक/सांस्कृतिक पक्षहरु**

- शिक्षा, स्वास्थ्य, वैवाहिक सम्बन्ध
- सामाजिक/सांस्कृतिक मूल्य, मान्यता, रीतिरिवाज
- धार्मिक विश्वास र परम्परा

**आर्थिक पक्ष**

- श्रम विभाजन
- भूमि तथा स्रोतसाधन माथिको पहुँच,
- पेशा, जातिगत पेशा र रोजगारी

**राजनीतिक पक्ष**

- राजनैतिक पहुँच र नियन्त्रण
- सीप तथा क्षमता विकास, अधिकार
- दलित महिलाको सशक्तिकरण

↓

**परिणमा तथा असर**

- समुदायीक क्रियाकलापमा कम सहभागिता
- सामूदायीक निर्णय प्रक्रियाको सहभागितामा कमी
- आर्थिक अभाव तथा रोजगारीमा कम पहुँच
- राजनैतिक एवं नीति निर्माणमा सहभागिताको कमी

माथिको अवधारणात्मक ढाँचाले के बताउँछ भने समाजमा जाति व्यवस्था भित्र रहेका विद्यमान विभेदका प्रचलन तथा व्यवहारले कुनैपनि जात वा जातिको सामाजिक, आर्थिक र राजनैतिक पक्षमा असर पारेको हुन्छ । दलित महिलाहरुको सामाजिक एवं आर्थिक पक्षहरुमा त्यस समाजभित्र रहेका प्रचलित छुवाछूतको भावना वा प्रचलनले गर्दा उनीहरु आर्थिक, सामाजिक एवं राजनैतिक पक्षमा असर पारेको हुन्छ । जसको परिणामस्वरुप त्यहाँका महिलाहरुको सामूदायिक क्रियाकलापमा कमी, निर्णय प्रक्रियाको सहभागितामा शून्यता, आर्थिक अभाव, रोजगारीमा कम पहुँच तथा राजनैतिक र साँस्कृतिक सहभागिताहरुमा वन्देज भएको पाइन्छ । जसले गर्दा ती महिलाहरुको अवस्था अन्य महिलाको भन्दा निम्न अवस्थाको देखिन्छ ।

# अध्याय - तीन
# अनुसन्धान विधि

यस अध्यायमा दलित जातिका महिलाहरुको सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनैतिक पक्षको अध्ययन अनुसन्धानका लागि प्रयोग गरिएको अनुसन्धान विधि एवं तौरतरिकाहरुको वारेमा वर्णन गरिएको छ । अनुसन्धानका निमित्त विभिन्न अध्ययन विधिको माध्यमबाट सन् २०१२ को जुलाई महिनामा आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

मंगलपुर गाविस चितवन जिल्लाको ३६ गाविसमध्ये मध्यपश्चिम चितवनको उत्तरी भागमा पर्ने एक गाविस हो । यस गाविसको क्षेत्रफल २१.९४ वर्ग किलोमीटर रहेको छ (गाविस प्रोफाइल, २०६७) । चितवन जिल्लाको सदरमुकाम भरतपुरदेखि ७ कि.मी. मात्र टाढा रहेको यस गाविसको पूर्वमा भरतपुर नगरपलिका, पश्चिममा शारदानगर गाविस, उत्तरमा नारायणी नदी र दक्षिणमा फूलबारी पर्दछ । नेपालको प्राय सबै क्षेत्रहरुमा पाइने सामाजिक तथा साँस्कृतिक चालचलन, जातजातिय समुदाय, भाषा-भाषी तथा सांस्कृतिहरु बोकेका मानिसहरुको यस क्षेत्रमा पनि बसोबास रहेको छ । यस गाविसमा बसोबासको हिसावले सर्वप्रथम कुमाल, दराई र बोटे जातिलाई प्रमुखरुपमा लिइन्छ । हाल आएर यो गाविसमा बाहुन, छेत्री, ठकुरी, नेवार, गुरङ्ग, मगर, थारु, भुजेल, तामाङ्ग, कामी, दमाइ , सार्कीका तराई मूलका बासिन्दाहरु समेतको घना बसोबास रहेको छ (गाविस प्रोफाइल, २०६७)।

अध्ययनका लागि छानिएका मङ्गलपुर गाविस को सुन्दर चोक, मंगलपुर बजार, धर्म चोक, मनकामना चोक, नमूना गाउँ, चौतारी टोल, शिवघाट आदि वडा नं १ का प्रमुख बस्ती वा टोलहरु हुन । यसै गरी वडा नं ५ अन्तर्गत पनि प्रमुख बस्ती वा टोलका रुपमा काभ्रेघाट, खड्का टोल, ओली चोक, माँडेचौर, थपलिया चोक, घले

गाउँ, भानु चोक आदि रहेका छन् । उक्त गाविसको वडा नं. १ र ५ मा दलित (कामी, दमाइ र सार्की) जातिहरुको सघन बस्ती भएकोले अध्ययनलाई उक्त क्षेत्रमा सीमित गरिएको हो । अध्ययनका लागि यस मंगलपुर गाविसको वडा नं. १ र ५ नै छनौट गर्नुका पछाडि निम्म कारणहरु रहेका छन् ।

- यस गाविस शोधकर्ताको स्थायी बसोबास नजीक पर्ने भएकोले प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क संकलन गर्न सजिलो हुने हुनाले ।
- चितवन जिल्लाको मङ्गलपुर गाविसमा यातायातको सुविधा भएता पनि त्यस ठाउँका दलित महिलाहरुको बारेमा कहीकतैबाट पनि अध्ययन अनुसन्धान नभएको र दलित महिलाहरु हरेक क्षेत्रमा खुम्चिएर बस्नु परिरहेको अवस्थामा यो अध्ययनबाट उनीहरुको सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरुको वास्तविक सत्यतथ्य पत्ता लगाउन सकिने देखिएकोले ।

## ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धान गर्दा अन्वेषणात्मक तथा वर्णनात्मक दुवैखाले ढाँचा अनुरुप अनुसन्धान योजनालाई प्रयोग गरिएको छ । विशेषगरी दलित जातिका महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक स्थिति तथा पहुँच, र दलित महिलाहरुको सशक्तिकरण सम्बन्धमा निष्पक्षरुपमा सम्बन्धित तथ्यहरु संकलन गर्न अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । त्यसै गरी ती संकलित तथ्याङ्कहरुलाई वर्णनात्मक ढाँचामा विश्लेषण गरी प्रस्तुत गर्न वर्णनात्मक ढाँचालाई प्रयोग गरीएको छ ।

## ३.३ नमूना छनौट

वि.सं. २०६७ सालमा मंगलपुर गाविसले गरेको गाविस स्तरीय घरधुरी सर्वेक्षणको प्रतिवेदनअनुसार ९ वटा वडामा जम्मा ३,९६९ घरधुरीसँगै १९,९८७ जनसंख्या रहेको जनाएको छ । अध्ययनको उदेश्य अनुरुप उक्त गाविसको वडा नं १ र ५ लाई छनौट गरिएको छ । उक्त वडाहरुमा जम्मा २१९ दलित घरधुरीहरुको जम्मा

जनसंख्या भने १,०६९ रहेको देखिन्छ । उक्त घरधुरी र जनसंख्यालाई आधार मान्दै उक्त वडामा बसोबास गर्ने दलित समुदायभित्र समान प्रकृतिको सामाजिक रहनसहन र समान आर्थिक अवस्थामा रहेको वास्तविकतालाई मध्यनजर राखेर यस अध्ययनको नमुना छनौट गर्दा सम्पूर्ण घरधुरीको एकतिहाई अर्थात् ६० घरधुरीलाई उत्तरदाताको रुपमा लिइएको छ । घरधुरी जनसंख्याको वितरण अनुसार वडा नं. १ का १९ र वडा नं ५ का ४१ गरी जम्मा ६० घरधुरी परिवार अध्ययनको लागि छनौट गरियो । घरधुरी छनौट गर्दा साधरण दैवीक नमूना छनौट (Random Sampling Method) लाई प्रयोग गरियो । जसअनुसार सर्वप्रथम, २१९ घरधुरी प्रमुखको लिष्टिङ गरी पहिलो र दोस्रोलाई छोडेर तेस्रो घरलाई पहिलो घर मानी एवं रीतले सोही क्रमअनुसार दुवै वडाको घरधुरीहरुबाट ६० घरधुरीहरु अध्ययनको लागि नमुनाको रुपमा छनौट गरियो । उत्तरदाताको लागि भने अध्ययनको उदेश्यअनुरुप दलित जातिको महिलाहरुलाई मात्र समावेश गरिएको छ । नमुना छनौटमा परेका महिला उत्तरदाताहरूमध्ये आधा (५०.०%) विवाहित र ३०.० प्रतिशत अविवाहित रहेका छन् । उत्तरदाता महिलाहरुमा ०-१५ बर्ष उमेर समूहका ५.० प्रतिशत त्यसैगरी १६-२९, ३०-४५ र ४६-५९ वर्ष उमेर समुहहरुका सबै भन्दा बढि ७५.० प्रतिशत तथा ६० बर्ष वा सोभन्दा माथिका २०.० प्रतिशत समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोत

अध्ययन क्षेत्रको वस्तुस्थिति तथा उदेश्यलाई हेर्दा यो अध्ययन गुणात्मक तथा संख्यात्मक दुवै प्रकृतिको रहेको छ । घरधुरी उत्तरदाताहरुको जाति, उमेर, शिक्षा, बैवाहिक स्थिति, पेशा, आदि विषयहरु संख्यात्मक स्वरुपमा दिइएको छ भने कतिपय घटनामा दलित महिलाहरुको भोगाई, ज्ञान तथा अनुभव जस्ता विवरणहरुलाई गुणात्मक स्वरुपमा प्रस्तुत गरिएको छ ।

अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुवैखाले तथ्याङ्कीय स्रोतहरुबाट तथ्यांक एवं सूचनाहरु संकलन गरियो । प्रारम्भमा मङ्गलपुर गाविसको कार्यालयबाट वार्डगत आधारमामा रहेका विभिन्न जातजातिहरुको घरधुरी एवं जनसंख्याहरुको आंकडालाई संकलन गरियो । त्यसैगरी फिल्ड अध्ययनबाट दलित महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था, त्यसमा छुवाछूतले पारेको असर र सशक्तिकरणका प्रयासबारे उनीहरुको परिवार, छरछिमेक र सामाजिक अगुवा तथा विभिन्न बुद्धिजीवीहरुसँगको प्रत्यक्ष अन्तरक्रिया गरी प्राथमिक सूचनाहरु संकलन गरियो । द्वितीय स्रोतका लागि भने दलित जातिको सामाजिक, आर्थिक तथा राजनैतिक स्थितिसम्बन्धी भएका खोज अनुसन्धानमुलक प्रकाशित एवं अप्रकाशित लेख, रचना, पुस्तक, जर्नल, पत्रपत्रिका, आदिबाट सूचना एवं तथ्यांकहरु संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

तथ्यांक संकलनको लागि यस शोधक्रममा विभिन्न खाले तथ्यांक संकलन गर्ने विधि एवं तौरतारिकाहरु अपनाइयो जुन निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ३.५.१ अन्तरवार्तासूची

अन्तरवार्ता सूचीको सहायताद्वारा नमुना छनोटमा परेका दलित परिवारका महिला उत्तरदातासँग प्रश्न सोधी तथ्यांक संकलन गरिएको छ । अनुसूची-१ अनुसारको खुला एवं बन्द ढाँचामा तयार पारिएको प्रश्नावलीबाट उत्तरदाताहरुको समग्र विवरणहरुको बारेमा अन्तरवार्ता लिइयो । उत्तरदाताहरुको समग्र समाजिक, आर्थिक तथा राजनैतिक अवस्था जस्तै उमेर, वैवाहिक स्थिति, धर्म, संसकार, शिक्षाप्रतिको आकर्षण, स्वस्थ्य, पेशा तथा आयआर्जन, राजनीतिक सहभागिता, आदिको बारेमा सूचना संकलन गरिएको छ । त्यस्तै घरभित्र र घर बाहिरको कार्य विभाजन, निर्णय प्रक्रिया र निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता, छुवाछूत एवं जातिय भेदभाव,

राजनैतिक चेतना आदिलाई विस्तृत अनुभावनात्मक विवरणको रुपमा संकलन गर्न प्रश्नावलीको सहायताबाट उत्तरदाताहरुको अनुकुल समयमा तथ्यांकहरु संकलन गरिएको थियो ।

### ३.५.२ अवलोकन

दलित महिलाको सामाजिक तथा आर्थिक गतिविधिहरु बुझ्न प्रत्यक्षरुपमा अवलोकन पद्धतिको पनि प्रयोग गरियो । यस क्रममा दलित जातिको घरको संरचना, बसोबासको स्थिति (Social Setting), खेतीप्रणली, धार्मिक कार्य तथा पूजाआजा, सामाजिक क्षेत्रमा उनीहरुको सहभागिता एवं भूमिका, घरपरिवारको दैनिक कार्यमा हुने लैगिंक सहभागिता, सामाजिक कार्यको बेला हुने छुवाछूत र त्यसले पारेको मानसिक प्रभावका बारेमा ठोस तथ्य पत्ता लगाउने अध्ययन अवधिभर अवलोकन गरियो । सार्वजनिक स्थानहरुमा दलितहरुलाई अन्य जातिले हेर्ने दृष्टिकोण र माथिल्ला जातिलाई दलित जातिले गर्ने व्यवहार, र उनीहरुबीचको सामाजिक, आर्थिक र सांस्कृतिक संम्बन्ध एवं अन्तरक्रियाहरुको समेत अवलोकन विधिबाट अध्ययन गरिएको छ ।

### ३.५.३ जानकार व्यक्तिसँगको छलफल

मुख्य सूचनादाता वा सरोकारवाला व्यक्तिहरुसँग दलित जातिका सामाजिक, आर्थिक र राजनैतिक पक्षहरुको बारेमा तीनवटा सामूहिक छलफल गरियो भने १० जना जानकार व्यक्तिहरुसँग अध्ययनको उदेश्य अनुरुप प्रत्यक्ष अन्तर्वार्ता गरी सूचना संकलन गरिएको थियो । खासगरी स्थानीयस्तरका बुद्धिजिवि, शिक्षक, अन्य जातजातिका मानिस, गाविस/वडा प्रतिनिधि, राजनीतिक दलका नेता तथा कार्यकर्ता, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, दलितका काम गर्ने सरोकारवाला निकाय आदि मुख्य सुचनादाताको रुपमा थिए । मुख्य सूचनादाता वा जानकार

व्यक्तिसँग छलफल वा अन्तरवार्ताको लागि चेकलिष्टको साहरा लिइएको छ ( अनुसूची-२ हेर्नुहोस) । चेकलिष्ट तयार पार्दा दलित जातिको पहिचान तथा दलित र गैह्रदलित बीचको सम्बन्ध, राजनीतिमा दलित महिलाको सहभागिता, रोजगारीको अवसर, जातिय तथा धार्मिक भेदभाव आदिलाई समेट्ने गरी तयार पारिएको छ । प्रश्नहरुको श्रृङ्खलाबद्ध सूची उनीहरुलाई नदेखाइकन प्रसङ्ग अनुसारको बयानमा तथ्यहरु टिपोट गर्ने र प्रसंङ्गभन्दा बाहिरका कुरालाई उनीहरुसंगै प्रसंङ्गमा जोडेर थप विषयवस्तुलाई कोट्टयाउँदै तथ्याङ्क संकलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

विभिन्न विधिबाट संकलित तथ्याङ्कहरुको प्रकृति (गुणात्मक र संख्यात्मक) अनुरुप तथ्यांकलाई छुट्याई सर्वप्रथम सम्पादन गरियो । सम्पादन गरिएको तथ्यांकलाई उपयुक्त स्वरुप दिन तथ्यांकीय विश्लेषणमा प्रयोग गरिने कमप्युटर विधि ( सफ्टवेयर) को साहराले संख्यात्मक तथ्यांकलाई वर्गीकरण गरी तालिकामा प्रस्तुत गरी प्रस्तुत गरिएको छ । यसरी तालिकीकरण गर्दा तालिकाको ढाँचा अनुसार तथ्यांकलाई शिर्षक र उपशिर्षकहरुमा संख्या र प्रतिशतमा देखिने गरी खुलाइएको छ । त्यस्तै गुणात्मक प्रकृतिको तथ्याङ्कहरुको प्रस्तुतिलाई सकेसम्म सन्दर्भ अनुसारको शिर्षक वा उपशिर्षकहरुको प्रस्तुतिहरुमा स्पष्टसँग खुल्ने गरी विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

अध्ययनको उदेश्य अनुरुप यो अध्ययनलाई चितवन जिल्लाको मंगलपुर गाविसमा मात्र सिमित गरिएको छ । यो अध्ययनले देशभरि रहेका सम्पूर्ण दलित जातिका महिलाहरुको प्रतिनिधित्व गर्न सक्दैन । प्रथमत स्नातकोत्तर तहको समाजशास्त्र विषयको शैक्षिक उपाधि प्राप्तिको लागि मात्र यो अध्ययन गरिएको हो । त्यसकारण पनि दलित महिलासम्बन्धी भएका अन्य अनुसन्धानहरुसँग यसलाई तुलना गर्न

सकिदैन । यो अध्ययनमा मंगलपुर गाविसमा रहेका दलित महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक अवस्थाका बारेमा मात्रै अध्ययन गरिएको कारण फरक भौगोलिक एवं वाह्य सामाजिक आर्थिक परिवेशसँग ठ्याक्कै मेल नखाएपनि तराई क्षेत्रमा बसोबास गरेका दलित महिलाहरुको अवस्थासँग भने यस अध्ययनबाट प्राप्त तथ्यहरुले सीमितरुपमा सहयोग भने पुऱ्याउन सक्दछ ।

# अध्याय - चार

# दलित महिलाको पारिवारिक पृष्ठभुमि

यस अध्यायमा प्रमुख गरी दलित महिलाहरुको परिवारको सामाजिक, आर्थिक, जनसांख्यिक तथा शैक्षिक पक्षहरुलाई सविस्तार उल्लेख गरिएको छ । त्यसैगरी उत्तरदाताको रुपमा छानिएका दलित महिलाहरुको सामाजिक तथा आर्थिक विशेषताहरुलाई समेत विश्लेषण गरिएको छ ।

## ४.१ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु

घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरुको रुपमा खासगरी नमुना छनौटमा छानिएका दलित घरधुरीहरुको जातजातियता, उमेर र लिंग, पारिवारको किसिम, बैवाहिक तथा शैक्षिकस्तर, मुख्य पेशालाई यस अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ४.१.१ जातिगत तथा वार्डगत आधारमा घरधुरी जनसंरख्या

अध्ययन क्षेत्रको रुपमा रहेको मंगलपुर गाविसभित्र विभिन्न जातजातिहरुको सामुहिक बसोबास रहेको भए तापनि दलित जातिलाई मात्र अध्ययनको केन्द्रविन्दु बनाइएको छ । खासगरी उक्त क्षेत्रमा २१९ घरधुरी दलित जातिको रहेको छ भने दलित भनेर चिनिने दमाई, कामी र सार्की थर भएका जातिको मात्र बसोबास रहेको हुदा नमुना छनौटमा परेका ६० घरधुरीहरुलाई वार्डगत आधारमा निम्नअनुसारको तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: जातिगत/वार्डगत आधारमा दलित महिला परिवारको विवरण**

| जातजाति | वडा न. | | जम्मा घरधुरी | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| | १ | ५ | (%) | (%) |
| कामी | १५ | १९ | ३४ (५६.७) | २३८ (६०.९) |
| दमाई | ३ | १३ | १६ (२६.७) | ९६ (२४.४) |
| सार्की | १ | ९ | १० (१६.६) | ५८ (१४.७) |
| जम्मा | १९ | ४१ | ६० (१००.०) | ३९२ (१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.१ अनुसार अध्ययनको लागि नमुना छनौटमा रहेका जम्मा ६० घरधुरीमा ३९२ जनसंख्या रहेको देखिन्छ, जसमध्ये सबैभन्दा बढि घरधुरी तथा जनसंख्या कामी जातिको रहेको छ भने वार्डगत रुपमा ५ नं वार्डबाट सबैभन्दा बढि ४१(६८.३%) घरधुरी रहेको छ । यसरी कामी जातिको घरधुरी एवं जनसंख्या बढि हुनुमा उक्त वार्डहरुमा उनीहरुको ठूलो उपस्थिति रहनु र नमुना छनौटमा बढि समेटिनु नै हो भने अन्य वार्डको तुलनामा ५ नं वार्डमा दलितहरुको उपस्थिति ठूलो मात्रमा रहेको छ । तसर्थ कुल घरधुरीको ३४(५६.७%) घरधुरी कामी रहेको छ भने दमाईको १६(२६.७%) घरधुरी र सार्कीको १०(१६.६%) घरधुरी मात्र रहेको छ । त्यसै गरी घरधुरी जनसंख्यालाई हेर्दा ६०.९ प्रतिशत कामी, २४.४ प्रतिशत दमाई र १४.७ प्रतिशत मा सार्की देखिन आउछ । खास गरी अध्यया क्षेत्रका बासिन्दाहरु कृषि कार्य बढी निर्भर रहेको र कृषि कार्यमा प्रयोग गरिने फलामे सामग्रीको निमार्णमा कामी जाति निपूर्ण भएको हुदां उक्त जातिको महत्व र संख्या धेरै भएको हुनसक्ने अड्कल उत्तरदाताहरुको छ ।

### ४.१.२ घरधुरी जनसंख्याको उमेर र लैंगिक संरचना

कुनै पनि तोकिएको निश्चित सिमाभित्र आवद्ध विवरण वा संख्यालाई जनसंख्या भनिन्छ । घरधुरी जनसंख्याको कुरा गर्दा यहाँ जनसंख्याको संरचनालाई उमेरगत आधारमा पाँच खण्डमा (०-१५ बर्ष, १६-२९, ३०-४५, ४६-५९ र ६० बर्ष वा सो भन्दा माथि) विभाजन गरि अध्ययन गरिएको छ । जसलाई तालिका ४.२ मा देखाइएको छ ।

**तालिका ४.२: उमेर र लिंगको आधारमा दलित महिला परिवारको जनसंख्याको विवरण**

| उमेर समुह | लिंग | | | | जम्मा जनसंख्या (%) |
|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | |
| ०-१५ | २८ | १५.० | ३४ | १६.५ | ६२ (१५.८) |
| १६-२९ | ३७ | १९.८ | ४२ | २०.३ | ७९ (२०.२) |
| ३०-४५ | ४८ | २५.८ | ६१ | २९.६ | १०९ (२७.८) |
| ४६-५९ | ५३ | २८.४ | ५१ | २४.७ | १०४ (२६.५) |
| ६० भन्दा माथि | २० | १०.७ | १८ | ८.७ | ३८ (९.७) |
| जम्मा | १८६ | १००.० | २०६ | १००.० | ३९२ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.२ अनुसार ०-१५ बर्ष उमेर समूहका दलित घरधुरी जनसंख्याको पुरुष र महिला गरी जम्मा ६२(१५.८%) रहेको छन् भने १६-२९ बर्षका २०.२ प्रतिशत । त्यसैगरी ३०-४५ वर्ष उमेर समुहमा महिला तथा पुरुषको संख्या सबैभन्दा बढि १०९(२७.८%) जना र ४६-५९ उमेरका २६.५ प्रतिशत रहेको छ भने

६० बर्ष वा सोभन्दा माथिका उमेर समूहका महिला र पुरुष दुबै गरी सबैभन्दा थारै जम्मा ३८ (९.७%) जना मात्र रहेका छन् ।

### ४.१.३ परिवारको किसीम

कुनै पनि ब्यक्ति जन्मेपछि पहिलो सम्पर्क उसको परिवारसँग हुन्छ । उसको रेखदेख लालन पालन परिवारमा नै हुन्छ । उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसै कारणले गर्दा अन्य समुदायमा जस्तै दलित समुदायमा पनि परिवार एक संस्थाको रुपमा रहेको हुन्छ । घरको जेठो पाकोले घरमुलीको रुपमा निर्णय गर्ने गरेको दलित समुदायमा पनि पाइन्छ । यसैगरी परिवार सानो होस् सुखी होस् भन्ने चाहाना त सबैले राख्दछन् । यस समुदायमा छोरा मानिसलाई इज्जतको भावनाले हेरिन्छ । एकै परिवारमा हजुरवा, हजुरअमा, बाबु, आमा, दाजु, भाउजु, फुपु, भदा, भदै सँगै बसेको संयुक्त परिवार पनि देखिन्छ । तर धेरै जसो घरमा एकल परिवार आमा-बुबा र तिनका अविवाहित छोराछोरी मात्र बसेको पाइन्छ । मंगलपुर गाविसको दलित समुदायको पारिवारिक बनोटलाई तालिका ४.३ बाट अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.३: दलित महिलाको पारिवारिक संरचना**

| परिवारको प्रकार एवं किसिम | कामी | दमाई | सार्की | जम्मा/प्रतिशत |
|---|---|---|---|---|
| एकल | ९ | ७ | ४ | २० (३३.३) |
| संयुक्त | २२ | ७ | ५ | ३४ (५६.७) |
| वृहत | ३ | २ | १ | ६ (१०.०) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिकामा भएअनुसार दलित जातिमा एकल वा सानो परिवारको ढाँचामा जम्मा २०(३३.३%) घरधुरीहरु रहेका छन् । त्यसैगरी मध्यम खालको परिवार जहाँ ५ देखि ८ जनाको संख्यामा रहेको परिवार अर्थात संयुक्त परिवारिक ढाँचामा सबैभन्दा बढि ३४(५६.७%) घरधुरीहरु रहेका छन् भने ९ जना भन्दा माथिको पारिवारिक सदस्य भएको परिवार पनि ६(१०.०%) घरधुरी भेटिएको छ । झण्डै ६५.० प्रतिशत कामी जातिको परिवारहरु संयुक्त पारिवारिक ढाँचामा रहेको पाइयो । त्यसैगरी २०.० प्रतिशत दमाई र १५.० प्रतिशत सार्की परिवारहरु संयुक्त पारिवारिक ढाँचामा रहेको पाइयो । यसरी दलित समुदायहरु बढि जसो संयुक्त परिवारिक ढाँचामा रहनुको कारण भने उनीहरुसँग पर्याप्त मात्रमा जीविकोपार्जनको स्रोतहरु नहुनु र अविभावकहरुप्रति निर्भर रहनु हो भनेर उत्तरदाताहरुले बताउने गरेको पाइन्छ ।

### ४.१.४ वैवाहिक स्थिति

कुल घरधुरी जनसंख्या पुरुष १८६ र महिला २०६ गरी जम्मा ३९२ रहेकोमा ४० जना (१९ पुरुष र २१ महिला) १० बर्षभन्दा कम उमेर समूहमा रहेका छन् । अध्ययन क्षेत्रमा रहेका १० बर्ष भन्दा माथिका कुल १८५ दलित महिलाहरुको वैवाहिक स्थिति निम्न तालिका ४.४ अनुसार रहेका छन् ।

**तालिका ४.४: दलित महिलाको वैवाहिक स्थितिको विवरण (१० बर्षभन्दा माथि)**

| वैवाहिक स्थिति | कामी | दमाई | सार्की | जम्मा/प्रतिशत |
|---|---|---|---|---|
| विवाहित | ३८ | १६ | १४ | ६८ (३६.८) |
| अविवाहति | ५८ | २२ | १० | ९० (४८.६) |
| विधवा | १० | ५ | ३ | १८ (९.७) |
| पारपाचुके गरेको | ६ | २ | १ | ९ (४.९) |
| जम्मा: | ११२ | ४५ | २८ | १८५ (१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०६९

अध्ययन क्षेत्रका दलित महिलाहरुको वैवाहिक स्थिति हेर्दा अधिकांश रुपमा (४८.६%) अविवाहित रहेका छन् । कुल अविवाहित ९० जनामा कामी ५८(६४.५%) जना, दमाई २२(२४.४%) जना तथा सार्की ११.१ प्रतिशत अविवाहित रहेका छन । त्यस्तै विवाहित हुनेहरुको संख्या केवल ६८(३६.८%) जना मात्र भेटिए भने ९.७ प्रतिशत विधवा रहेका छन् । त्यसै गरी विवाह भएर पनि श्रीमान/श्रीमतीबीच मनमुटाव भई अलग्गै वा सम्वन्द विच्छेद गरेर बसेका महिलाहरु ९(४.९%) जना रहेका छन् ।

### ४.१.५ दलित महिलाको पारिवारिक शैक्षिक विशेषता

मानव जीवनमा शिक्षाको विशेष स्थान रहेको छ भनिन्छ शिक्षा विनाको मानिस अन्धो समानको हुन्छ साथै राष्ट्रको उन्नती र विकासका लागि मानव जीवनका आवश्यकता परिपूर्तिका लागि विभिन्न नयाँ अध्ययन अनुसन्धानको लागि आदि विविध क्षेत्रमा शिक्षाको महत्वपूर्ण स्थान रहेको छ । मंगलपुर निवासी दलित समुदायको शैक्षिक स्थितिको अध्ययन गर्दा प्रायःजसो एक चौथाई जनसंखया अझै अशिक्षित नै देखिन्छन् । अध्ययन क्षेत्रभित्र सामुदायिक विद्यालयको स्तरमा संचालीत एक उच्च माध्यमिक र दुई निम्न माध्यमिक स्तरका विद्यालयहरु रहेका छन् । त्यस्तै निजीस्तरमा संचालीत एक निम्न माध्यमिक तहको विद्यालय संचालन भईरहेका छन् ।

मंगलपरु गाविसमा उच्च शिक्षा हासिल गर्न दुईवटा क्याम्पसहरु पनि रहेको र अझ यहाँको मानिसहरु उच्च शिक्षाको लागि देशका अन्य शहरहरुमा समेत जाने गर्दछन् । नेपालको सन्दर्भमा हेर्दासमेत ६ वर्ष र सो भन्दा माथिलाई साक्षरता मानिन्छ । तर यस अध्ययनमा भने दलितहरुले जो लेखपढ गर्न मात्र सक्छ भने तिनलाई साक्षरमा राखीएको छ । अध्ययन क्षेत्रका दलित जातिको घरधुरी उत्तरदाताको शैक्षिक अवस्थालाई निम्न तालिका ४.५ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.५: शैक्षिक अवस्था (६ बर्षभन्दा माथि)**

| शैक्षिक तह एवं स्तर | पुरुष | | | | महिला | | | | जम्मा (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| | कामी | दमाई | सार्की | जम्मा | कामी | दमाई | सार्की | जम्मा | |
| निरक्षर | २० | ८ | ४ | ३२ | २९ | १२ | ८ | ४९ | ८१ (२१.८) |
| साक्षर मात्रै | ३० | १२ | ८ | ५० | ३८ | १७ | १० | ६५ | ११५ (३०.९) |
| प्राथमिक तह | ३२ | १४ | ८ | ५४ | ३५ | ११ | ७ | ५३ | १०७ (२८.८) |
| माध्यमिक वा एस.एल.सी | १६ | ६ | ४ | २६ | १३ | ५ | ३ | २१ | ४७ (१२.६) |
| उच्च माध्यमिक तह | ६ | ३ | २ | ११ | ४ | २ | १ | ७ | १८(४.८) |
| स्नातक तह वा सोभन्दा माथि | २ | १ | १ | ४ | — | — | — | — | ४ (१.१) |
| जम्मा | १०६ | ४४ | २७ | १७७ | ११९ | ४७ | २९ | १९५ | ३७२ (१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको उल्लेखित तालिका ४.५ अनुसार कुल घरधुरी जनसंख्याको ८१(२१.८%) जना निरक्षर छन् भने साधारण लेखपढ् गर्न सक्नेहरु ११५(३०.९ %) जना रहेको छ । त्यसैगरी प्राथमिक तहको अध्ययन पुरा गर्नेहरु १०७(२८.८%) जना रहेको छ । यसैगरी माध्यमिक तह वा एस.एल.सी. सम्मको पढाई पुरा गर्नेहरु ४७(१२.६%) जना रहेको छ भने उच्च माध्यमिक तह पुरा गर्नेहरु १८(४.८%) जना र स्नात्तक वा सोभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्नेहरु जम्मा ४(१.१०%) मात्र रहेको छ । यसबाट के देखिन्छ भने अधिकांश दलितहरु माथिल्लो तहको उच्च शिक्षा प्राप्ति गर्ने दरमा क्रमश: घट्दो क्रममा रहेको देखिन्छ । यसको मुख्य कारण परिवारको दैनिक जिविकोपार्जनका लागि कृषि तथा गैह्रकृषि क्षेत्रमा ज्याला मजदुरी गर्न जाने भएकोले हो ।

### ४.१.६ दलित महिलाको परिवारको पेशागत विवरण

गाँस, बास र कपासको परिपूर्तिको लागि अर्थात बाँच्ने र बचाउने प्रक्रियामा हरेक ब्यक्तिहरुले कुनै न कुनै पेशा अवश्य गर्ने गरेको हुन्छ । खासगरी सामाजिक रुपमा दलित समुदायको पनि जात एवं थर अनुसारको पुर्खौली पेशाहरु रही आएको प्रचलन हाम्रो देश तथा समाजमा देखिन्छ । अध्ययन क्षेत्रमा रहेका दलित घरपरिवारहरुको पनि आफ्नै पुर्खेली पेशा भएता पनि उनीहरु थप अन्य पेशामा संलग्न भएको देखिन्छ ता पनि विभिन्न कारणबस उनीहरुको आर्थिक अवस्था गिर्दौ छ । यहाँका दलितहरुसँग जमीन नगण्य मात्रामा हुनु र भएका जमिनमा पनि पुरानै ढङ्गले खेतीपाती गर्नु तथा उत्पादित उत्पादनको मुल्य लागत भन्दा कम हुनु आदि कारणले उनीहरुको अवस्था गिर्दो देखिन्छ । आयस्रोतका लागि उनीहरु खेती वा ज्यालामजदुरीमा निर्भर रहेको देखिन्छ । तालिका ४.६ मा दलित घरधुरी उत्तरदाताहरुको पेशागत विवरणलाई उल्लेख गरिएको छ ।

**तालिका ४.६: पेशागत विवरणहरु (१० बर्षभन्दा माथि)**

| मुख्य पेशा | कामी | दमाई | सार्की | जम्मा/प्रतिशत |
|---|---|---|---|---|
| कृषि वा कृषि मजदुरी | ९६ | ३० | १२ | १३८ (३९.२) |
| ज्याला मजदुरी | ३६ | २० | १५ | ७१ (२०.२) |
| अध्ययन | ३४ | १४ | ६ | ५४ (१५.३) |
| घरायसी काम गर्ने | २२ | १० | ८ | ४० (११.४) |
| परम्परागत पेशा | १४ | ६ | - | २० (५.७) |
| वैदेशिक रोजगार | ६ | ३ | २ | ११ (३.१) |
| अशक्त | ५ | २ | १ | ८ (२.३) |
| गैरसरकारी नोकरी | ६ | - | - | ६ (१.७) |
| राजनीति वा समाजसेवा | २ | १ | - | ३ (०.८) |
| सरकारी नोकरी | १ | - | - | १ (०.३) |
| जम्मा | २२२ | ८६ | ४४ | ३५२ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.६ अनुसार अधिकांश दलित जातिहरु कृषि तथा कृषि मजदुरीको पेशामा निर्भर रहेको देखिन्छ । जुन कुल घरधुरी जनसंख्याको ३९.२ प्रतिशत छ । उनीहरुसँग खेती गरिने जमिन पर्याप्त नहनु र छिमेकमा रहेका अन्य जातजातिको जग्गा अधियामा कमाउने देखि लिएर आफूसँग अन्य काम गर्ने सीप नहुदा कृषि ज्यालामजदुरीको रुपमा निर्भर हुनु परेको उनीहरु बताउछन् । त्यस्तै गैह्रकृषि कार्यमा २०.२ प्रतिशत जनसंख्या रहेको छ भने विभिन्न विद्यालय वा कलेजमा अध्ययन गर्नेहरु १५.३ प्रतिशत, र घरायसी काम मात्रै गर्नेहरु ११.४ प्रतिशत रहेको छ । परम्परागत पेशा जस्तै लुगा सिउने र फलामको काम गर्नेहरु भने कामी र दमाई दुवैगरी जम्मा २०(५.७%) जनामात्र रहेको छ । बजारमा सहजै आधुनिक कृषि र लत्ताकपडा जस्ता सामग्रीहरुको विस्तार र नयाँ पुस्तामा पुर्खैउली पेशाप्रति कम आकर्षण हुदा हाल उनीहरुको यो पेशा संकटमा रहेको सहजै अनुमान गर्न सकिन्छ । अध्ययन क्षेत्रका सार्की जातिले झन् आफ्नो पुर्खैउली पेशा नअपनाएको देखिन्छ । यसैगरी नोकरी गर्ने एकदमै न्युन मात्रामा गैह्रसरकारीमा १.७ प्रतिशत र सरकारी नोकरी गर्ने ०.३ प्रतिशत जो भेटिए ति कामी जातिका हुन् । अर्कोतिर वैदेशिक रोजगारमा जानेहरु ३.१ प्रतिशत र समाजसेवा वा राजनीति रोज्नेहरु ०.८ प्रतिशत रहेका छन् ।

## ४.२ दलित परिवारको धर्म तथा संस्कृति

अध्ययन क्षेत्रभित्र बसोबास गर्ने दलित जातिहरु धर्ममा निकै विश्वास गर्दछन् । महिलाहरुले विहान/बेलुका धुप बाल्ने र पूजा गर्ने गर्दछन् । यसका साथै समय समयमा आउने चाडपर्वहरु निकै हर्षउल्लासका साथ मनाउँने र समय-समयमा विभिन्न देव तिर्थ गर्ने लगााएत विभिन्न मन्दिरहरुमा पूजाआजा तथा दर्शनका लागि जाने गर्दछन् । अधिकांश दलितहरु हिन्दु, बौद्ध तथा क्रिष्चियन देवीदेवताहरुमा सम्मान तथा विश्वास राख्दछन् ।

कुल ६० दलित घरधुरीमध्ये हिन्दु धर्ममा आस्था गर्नेहरु ७५.० प्रतिशत र ईसाइ धर्म अंगाल्नेहरु १५(२५.०%) रहेको भेटियो । अध्ययनको क्रममा इसाई घरधुरीहरुलाई तपाईले किन यो धर्म मान्नु भएको भनी प्रश्न गर्दा आफ्नो आर्थिक स्थिति कमजोर भएको, हिन्दु धर्ममा उचनिचको जातीय भेदभाव तथा छुवाछुत भएको कारणले दलित-दलित बीचमै विखण्डन ल्याएको भन्ने प्रतिक्रिया दिए ।

अध्ययन क्षेत्रका दलित जातिभित्र प्रायः सामन्य नेपाली वा हिन्दुहरुले अंगाल्ने धर्म, भाषा, संस्कार, भेषभूषा, रहनसहन, विश्वास, आदि प्रचलनहरु जीवित भेटिए । उनीहरुको आफ्नो जातिगत पोशाक देखिदैन र उनीहरु आफुलाई पनि थाहा नभएको बताउँछन् भने नेपाली राष्ट्रिय पोशाक-दौरा सुरुवाल नै उनीहरुको पनि पोशाक भएको बुझिन्छ । त्यसैगरी महिलाहरुमा आधुनिक पहिरनले पश्रय पाएको देखिन्छ भने पटुका, चोलो, फरिया, पेटिकोट जस्ता कपडाहरु केही बुढापाकाहरुमा सिमित हुन पुगेको देखिन्छ ।

खासगरी हिन्दु जातजातिहरुले मनाउने विभिन्न चाडपर्वहरु नै यहाँका दलित जातिहरुले पनि मनाउने गरेका कारण उनीहरुको देवाली वा कुलपुजा पनि सामन्य रुपमा अन्य जातजातिहरुले मनाउने वा गर्ने समयमा नै गर्ने गरेको उनीहरुले बताए । कामी, दमाई र सार्की जातिभित्रै पनि एकआपसमा भेदभाव एवं छुवाछुतको प्रचलन भएका कारण उनीहरुको आआफ्नै किसिमको संस्कार एवं प्रचलन पनि रहेको पाइन्छ । खासगरी क्रिश्चियन धर्म मान्नेहरुको जन्मसंस्कार हिन्दुको भन्दा अलि फरक भएको कारण पनि हालको धर्म तथा संस्कारहरुमा बच्चा जन्मदा, विवाह गर्दा र मानिस मर्दा फरकपन भने पाइने गरेको उत्तरदाताहरले बताए । उनीहरुमा छुवाछुतको कुनै अवशेष नभएकोले हाल इसाई धर्म मान्नेहरुको ठूलो जमात बढ्दै गएको भने अध्ययन क्षेत्रमा पाइन्छ ।

इसाई धर्मावलम्वीहरुलाई मर्दापर्दा क्रिश्चियन मण्डली भन्ने संस्थाले सहयोग गर्ने गरेको उत्तरदाताहरु स्वीकार्छन् । जस्तो आर्थिक अवस्था हेरी मृत्यु संस्कारमा सहयोग, खरखाँचोको अवस्था हेरी सहयोग, शिक्षादिक्षा आदिमा सहयोग, अस्वस्थ्य हुंदा सहयोग आदि विविध सहयोग गर्ने गरेको पाइयो । तर यसको आलवा हिन्दु धर्मालम्बीहरुले भने भेदभाव गर्ने र मठमन्दिरमा प्रवेश गर्न समेत रोक लगाउने गरेका कारण कुनैपनि दलितहरु खुलेर मन्दिर प्रवेश नगर्ने गरेको अवस्था त्यहाँ भएको पाइन्छ । तसर्थ यहाँका दलितहरुले आफ्नो धर्म तथा संस्कारहरुको विकास गर्नुको साटो माथिल्लो जातिको भेदभावमा वा निर्देशनमा आफूहरु चल्नु परेकोले आफ्नो जातिको धर्म तथा संस्कारहरु खुम्चदै गएको बताउने गरेका छन् ।

## ४.३ दलित महिलाहरुको सामाजिक तथा सांस्कृतिक विशेषता

नेपाल र नेपालीको अस्तित्व प्राचीन समयदेखि नै रहेको प्रमाणित भैसकेको छ । विभिन्न धर्म ग्रन्थ, पुराण र ऐतिहासिक शीलालेखहरुले यस कुरालाई धेरै प्रमाणित गरेका छन् । प्राचीन समयदेखि नै नेपाल बहुभाषी, बहुजाति र बहुधर्मावलम्बी भएको देशको रुपमा रहेको तथ्यलाई याहाँ रहेका आर्य, मंगोल र मिश्रित किसिमका जातजातिहरुले स्पष्ट पारेका छन् । मनुस्मृतिमा जातिजातिबारे उल्लेख गरेको पाइन्छ । जातिय प्रथालाई कामको आधारमा वर्गीकरण गरेर पुनः जात-उपजातको नयाँ व्यवस्था राजा जयस्थिति मल्लले गरेका थिए । हिन्दु वर्णाश्रम व्यवस्था अनुसार समाजलाई ब्राम्हण, क्षेत्री, बैश्य र शुद्र जस्ता मूख्य ४ वर्गमा विभाजन गरेको र जातिको आधारमा ब्राम्हणले पूँजापाठ, क्षेत्रीले राजकाज, बैश्यले बन्द ब्यापार र कृषि कार्य तथा शुद्रले सेवामूलक वा दास सरहको कार्य गर्नुपर्ने सामाजिक नियम नै थियो । पृथ्वीनारायण शाहले नेपाललाई एकिकरण गरेपछि नेपाललाई ४ वर्ण ३६ जातको साझा फूलवारीको रुपमा मानेका थिए । वि.स. १९१० र २०२० सालका मूलुकी ऐनले जातजाति वीचमा विद्यमान छुवाछुतको भावनालई अन्त्य गर्नुको साथै छुवाछुत तथा छोइछिटोलाई एक सामाजिक अपराधको रुपमा स्विकार गरेको भएता

पनि सहरी प्रभाव नपरेका गाउँहरुमा अझै सम्म पनि जातिय विभेद कायम रहेका देखिन्छ ।

नेपालमा रहेका यिनै ४ वर्णमध्ये शुद्र वर्णमा पर्ने दलित जाति एक प्रमुख जाति रहेको छ । यसरी जातको आधारमा अपहेलित दलितहरु धेरै पहिलेदेखि नै जातिय विभेद, छुवाछुत, भाग्यबाद जस्ता पक्षबाट शिकार भएका छन् । जसले गर्दा समाजमा उनीहरुको मुल्य मान्यता, चालचलन, र सोचाई, धारणा नै परिवर्तन भैसकेको छ । यस्ता परिवर्तन र प्रभाव वुझ्न सामाजिक संस्था र व्यवहार एंव सामाजिक स्थितिको अध्ययन गर्नुपर्ने हुन्छ । दलितहरुको शारीरिक अनुहारको आकृति, भाषा र अरु केही जीवन पद्धतिलाई हेर्दा आर्य जातिमा नै पर्दछन् । उनीहरु मुख्यतः पहाडी क्षेत्रमा बसोबास गर्दछन् भने हाल नेपालको प्रायः सबै ठाउँहरुमा स-साना संख्यामा छरिएर बसोवास गरिरहेको पाइन्छ । यस अध्ययनको लागि नमुना छनौट गरिएका दलित महिलाहरुको सामाजिक तथा सांस्कृतिक अवस्थालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ बसोवास तथा घरहरुको बनावट

बासस्थान भन्ने कुरा हरेक जीवित प्राणीको निम्ति आवश्यक कुरा हो । त्यसमा पनि मानव समुदायको निम्ति यो आवश्यक रुपमा रहेको पाइन्छ । भौगोलिक वातावरण अनुसार हिमाल, पहाड र तराईमा छुट्टाछुट्टै किसिमको बासस्थानको स्वरुप भेटिन्छ । त्यस्तै ग्राामीण क्षेत्रका घरहरु र शहरी क्षेत्रका घरहरुमा पनि विविधता पाइन्छ भने एउटै गाउँमा पनि कतै झुपडी त कतै महल देख्न सकिन्छ । यस मंगलपुर गाविस अर्न्तगत वार्ड नं. १ र ५ मा बसोवास गर्ने दलित जातिको घरहरुको बनावटमा खासै ठूलो विविधता नपाईए पनि केहि सामान्य विविधता भने भेट्न सकिन्छ ।

### तालिका ४.७: दलितहरुको घरहरुको प्रकार एवं बनावट

| घरको प्रकार | संख्या | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | कामी | दमाई | सार्की | | |
| खरको छाना भएको (भुइतले मात्र) | ५ | ४ | २ | ११ | १८.३ |
| टिनको छानो भएको (भुईतला मात्र) | २० | ९ | ६ | ३५ | ५८.३ |
| टिनको छानो भएको (एक तले) | ५ | २ | १ | ८ | १३.४ |
| भुईतलामा ढलान भएको घर | ४ | १ | १ | ६ | १०.० |
| जम्मा | ३४ | १६ | १० | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन २०६९

माथिका तालिका ४.७ अनुसार हेर्दा कुल ६० दलित परिवारमध्ये ३५ घरधुरी टिनको छानो भएको भुईतले, ११ घरधुरी खरको छानो भएको, ८ घरधुरी टिनको छानो भएको एक तले र ६ वटा मात्र घर ढलान भएको पाइयो । करिब ८० प्रतिशत घर पुरानै ढाँचामा ईट्टा, माटो र काठ तथा बाँसको मिश्रणबाट बनेको पाइयो । प्रायः घरहरु भुई तलाको हुने गरेको पाइयो भने भान्सा कोठा, सुत्ने वा अन्नपात राख्ने कोठा भने अलग्गै भएको देखिन्छ । कसै-कसेको गाई-बाख्रा, भैसी, हाँसकुखुरा आदि पनि एउटै घरमा राख्ने गरेको पाईयो भने कसैले छुट्टै गोठ बनाएर राखेको पाइन्छ ।

त्यस्तै गरी तालिका ४.८ अनुसार अध्ययन क्षेत्रका धेरै जसो घरहरुमा इन्धनको रुपमा दाउरा (६०.०%) र आधुनिक ग्याँस चुलो (३१.७%) को प्रयोग गरी खाना पकाउने भएता पनि केहिले मट्टितेल (८.३%) को समेत प्रयोग गरेको पनि पाइयो । त्यसरिनै ७६.७ प्रतिशत दलितहरुले इनार तथा ट्यूवेल (२८.३%) को पानी प्रयोग गर्ने गरेको देखिन्छ ।

**तालिका ४.८: दलित परिवारको ईन्धन तथा खानेपानीको स्रोत**

| **ईन्धनको स्रोत** | **जातिगत संख्या** | | | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| | **कामी** | **दमाई** | **सार्की** | | |
| दाउरा | २२ | ९ | ५ | ३६ | ६०.० |
| मटितेल | २ | १ | २ | ५ | ८.३ |
| ग्याँस | १० | ६ | ३ | १९ | ३१.७ |
| जम्मा | ३४ | १६ | १० | ६० | १००.० |
| **खानेपानीको स्रोत** | | | | | |
| इनार | २५ | १३ | ८ | ४६ | ७६.७ |
| धारा | ९ | ३ | २ | १४ | २८.३ |
| जम्मा | ३४ | १६ | १० | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

प्रायः आफ्नो घरघडेरीसँगै धेरैले इनार तथा ट्यूवेल गाड्ने गरेको छ  भने केही घरहरुले मात्र सामुहिक रुपमा इनार बनाएका छन् । खासगरी नजीकमा रहेका अन्य जातजातिहरुले बनाएका धाराको पानी प्रयोग गर्नेहरु केहि मात्रै रहेको छ । यसरी नीजि वा सार्वजनिक धारामा पानी लिन जाँदा अन्य जातजातिको गालीगलौज सहनु नपरे पनि छोइन्छ भनेर अलग्गै बसी पालो कुरेर पानी ल्याउने दलित महिलाहरुले बताए । नुहाउनको लागि भने नजीकै रहेको खोलामा जाने गरेको बताउछन् ।

सरसफाईको लागि करीव ४०.० प्रतिशत उत्तरदाताहरुले मात्र चर्पीको प्रयोग गरेको पाइयो । अधिकांश (६०.०%) दलितहरु खुल्ला क्षेत्रमा दिसापिसाव गर्न बाध्य छन् । चर्पीको लागि ठाउँको अभाव र कमजोर आर्थिक अवस्थाका कारणले चर्पी बनाउन नसकेको उनीहरुले बताए । खासगरी खुला ठाउँमा दिसपिसाव गर्नमा महिलाहरुलाई

बढी समस्या परेको कुरा उनीहरुले खुलाए । एकातिर अर्काको खेतवारीमा जानुपर्ने, सर्पको डर र अर्कोतिर मान्छेले देख्लान भनेर उनीहरुमा त्रास हुने गरेको छ ।

### ४.३.२ दलित परिवारको सामाजिक संस्कार एवं चालचलन

प्रत्येक जातिहरुको आ-आफ्नै रहनसहन, धर्म, भेषभुषा तथा खानपान जस्ता चालचलन हुने गर्दछ । तसर्थ यस मंगलपुर गाविसमा बसोबास गर्ने दलित जातिको पनि आफ्नै प्रकारको रहनसहन रहेको पाइन्छ । तर हाल आएर उनीहरुको रहनसहनमा आधुनिकीकरणको प्रभाव परेर परिवर्तन आएको पाइन्छ ।

यस मंगलपुर गाविसका दलितहरुको कुनै खास रहनसहन, भेषभुषा तथा खानपान नभएको पाइन्छ । सामान्यतय अन्य जातिको जस्तै भेषभुषा तथा खानपान उनीहरुको पनि छ विशेष गरेर जाँड, रक्सी तथा मासुको बढि प्रयोग गर्दछन् । भेषभुषामा पुरुषले सर्ट, पाइन्ट, ज्याकेट, जुत्ता, क्याप लगाउँछन् भने बुढापाकाले दौरा सुरुवाल, ढाका टोपी लगाउँछन् । महिलाहरुले फरिया चोलो, साडी, कुर्ता सुरुवाल लगाउँछन् । नयाँ पुस्ताले त बजारमा चले अनुसारको फेशन पनि गर्दछन् । विवाहित महिलाले सिंदुर, पोते, चुरा, लगायत विभिन्न सुनचाँदीका गहना पनि लागउँछन् । अविवाहित महिलाले भने बजारमा चलेका नाक, कान र हातमा लगाउने गहना प्रयोग गर्दछन् । सामान्य ईट्टा माटोको घरमा बसोबास गर्ने सार्की जातिको कुनै विशेष खानेकुरा भने छैन । सामान्य रुपमा दाल, भात, तरकारी, रोटी आदि खान्छन् र दहि दुध भन्दा बढि जाँड रक्सी र मासुको प्रयोग गर्छन् ।

#### ४.३.२.१ चाडपर्व तथा पूजाआजाहरु

मंगलपुरका दलितहरुले मान्ने चाडपर्वहरुमा दशैंतिहार, तिज, चैत्ते दशैं, होली आदि पर्दछन् । दलित जाति पनि धेरैजसो हिन्दु धर्म नै मान्ने हुनाले हिन्दु चाडपर्वहरु नै

बढि प्रचलित भएको पाइन्छ । हिन्दु परम्परा अर्न्तगत साउने संक्रान्ति, कृष्णाष्टमी, तीजपर्व आदि पर्व मनाउदा उनीहरु धुमधामका साथ मनाउने गरेको पाइन्छ । त्यस्तै हिन्दुहरुले मनाउने सबैभन्दा ठूलो र महान चाड बडादशैं तथा दिपावली पनि अन्य जातिसरह कै चालचलन अनुसार मनाउने गरेको उनीहरुले बताए । माघे संक्रान्ति, फागु पूर्णिमा र चैते दशैंलाई पनि आ-आफ्नो कूल देवताको पुँजा गरी एक-आपसमा भेला भई मनाउने गर्दछन् ।

दलित जातिमा विभिन्न प्रकारको पितृ पूजाको प्रचलन रहेको पाइन्छ । यस गाविसमा बसोवास गर्ने दलितहरु प्रायः ब्राम्हण-क्षेत्रीको आसपासमा बसोबास गर्ने भएकाले पनि उनीहरुको प्रायः सबै संस्कार ब्राम्हण-क्षेत्रीकै जस्तो भएको पाइन्छ । हिन्दु समाजका अन्य समुदायमा जस्तै दलित समुदायमा पनि पितृपूजा एक मानिन्छ । हिन्दु धर्मशास्त्र अनुसार पितृ ऋण चुकाएन भने ठूलो पाप लाग्छ भन्ने चलन पाइन्छ । तसर्थ पितृको ऋण चुकाउन पितृ पुँजा वा श्राद्ध गर्ने चलन उनीहरुमा पनि रहेको पाइन्छ । मृतकको मृत्यु भएकै तिथिमिति पारेर उसको परलोक प्राप्तिको लागि पितृ पूजा गरिन्छ । यस पूजाबाट नै मृतकले मुक्ति पाउँछन् भन्ने विश्वास दलितहरुमा पनि भएको पाइन्छ । क्रिश्चियन धर्म मान्नेहरुले भने यस्तो पितृपूजा गर्ने गरेको पाईदैन । उनीहरुले मृतकको आत्माको शान्तिको लागि चर्चमा गएर प्राथना गर्ने गर्दछन् ।

### ४.३.२.२ जीवन चक्र

मानिस जन्मेदेखि मृत्यु पछि पनि आफ्नो सन्तानहरुको माध्यमले अनेकौं संस्कारहरु गर्ने जातिमा पर्छ । मानिस र पंशुलाई बिभेदीकरण गर्ने कारक तत्व नै संस्कार हो । मानिसलाई शुद्ध र पवित्र पर्ने कायै नै संस्कारहरुले गर्दछ । मानिसले आफ्नै जिवन चक्र भित्र विभिन्न संस्कारहरु गर्दछन् । ती संस्कारहरुमा जन्म, विवाह र मृत्यु

संस्कार प्रमुख हुन् । दलितहरुले पनि यी संस्कारहरु गर्ने गर्दछन् र अत्याधिक जाँड रक्सी तथा मासुको प्रयोगसमेत संस्कार गर्दा गरेको पाइन्छ ।

यस मंगलपुर गाविसका दलित जातिमा महिला गर्भवती भएपछि केहि सर्तकता गराउँदै उक्त महिलालाई अन्य समयमा भन्दा कम काम लगाउने गरिन्छ । सुतक बार्ने चलन भएता पनि कसैले ३ दिन, कसैले ७ दिन तथा कसैले ११ दिन बार्ने गर्दछन् । सुतकभरि पूँजा पाठ तथा अन्य धार्मिक कार्य गर्ने गरिदैन । दलित जातिमा पनि बच्चा जन्मेको छैटौ दिनमा छैटी गर्ने चलन छ । भने न्वारानको दिन आफ्नै जातिको पुरोहित बोलाएर बच्चाको न्वारान गरी सुत्केरी चोख्याउने कार्य गरिन्छ । सुत्केरी भएको १५-२० दिन पछि नै महिलाले घरको कार्य गर्न थाल्दछन् । बच्चा जन्मेको ६ महिना पुगेपछि बच्चाको अन्नप्राशन गर्ने चलन रहेको पाइन्छ । सामान्यत अन्य जातिमा जस्तै छोराको ६ महिनामा र छोरीको ५ महिनामा अन्नप्राशन गर्ने गरेको पाइन्छ । छोरीको तुलनामा छोराको अन्न प्राशन संस्कार केहि धुमधाम गर्ने गरिन्छ । ब्रतवन्ध चाहि छोराको लागि मात्र गरिन्छ । यस संस्कारमा भोजमा जाँड, रक्सी तथा माछामासुको अत्याधिक प्रयोग गर्ने गरिन्छ । यस जातिमा क्रिश्चियन धर्म मान्नेले भने यस किसिमको संस्कार गर्ने गरेको पाईएन ।

अन्य जातिको जस्तै यस मंगलपुरमा बसोवास गर्ने दलित जातिको विवाह संस्कार पनि मिल्दोजुल्दो पाइन्छ । यहाँका दलित जातिमा मागी र प्रेम विवाह प्रचलनमा रहेको पाइन्छ । विवाहमा खासगरी आआफ्नै जातिभित्र मात्र गर्ने चलन रहेको छ । उनीहरुको विवाह सामान्यत हिन्दु परम्परा अनुसार नै हुने गर्दछ । प्रेम विवाह गर्नेले भने मन मिले पछि घरबाट स्विकार नगरे भागेर अन्तै जाने र आफूखुसी विवाह गर्ने गरेको पाइन्छ । सामान्यत विवाह कार्य र यसमा गर्ने विधि विधान ब्राम्हण-क्षेत्रीको जस्तै हुने गर्दछ । यस जातिभित्र क्रिश्चियन धर्म मान्नेहरुले भने हिन्दुले जस्तो विधि गरेर विवाह गर्दैनन् । उनीहरुले केटा र केटीको कुरा मिलेपछि चर्चमा गएर प्राथना गरेर एक-अर्कालाई पती-पत्नीको रुपमा स्विकार गर्दछन् ।

जीवनको मृत्युपछि गरिने संस्कार नै मृत्यु संस्कार हो भने दलित जातिमा मृत्यु संस्कारलाई पनि महत्वपूर्ण संस्कारको रुपमा लिने गरिन्छ । उनीहरु पनि धेरैजसो हिन्दु धर्मबाट प्रभावित भएका हुनाले पूर्व जन्म र पुर्नजन्ममा विश्वास गर्छन । यस जातिमा पनि जीवनको अन्तिम घडिमा पुगेको व्यक्तिलाई घर बाहिर आँगनमा निकालेर सुताइन्छ । घरभित्र प्राण गएमा बन्धनमा परिन्छ भन्ने विश्वास यस जातिमा पाइन्छ । मानिस मरेपछि लासलाई हरियो बाँसमा राखी चार जना भएर बोकी नजिकैको घाट तर्फ लैजान्छन् । स्वास्नी मानिस भने यस्तो मलामी जाने कार्यमा सहभागी हुँदैनन् । मृत लासलाई घाटमा लगेर जलाउने बेलामा मृतकको छोरो भए छोरोले र छोरा नभए दाजुभाइले मृतकलाई दागबत्ति दिन्छन् । यस जातिमा मर्दा गरिने संस्कारको लागि कुनै खास गुठीको व्यवस्था भएको पाईदैन । मृत्यु भएको १० दिनसम्म मृतकको छोरा भए छोराले र नभए दाजुभाईले क्रिया बस्नुपर्छ र १० दिनमा पुरोहितद्धारा चोख्याउने कार्य गरिन्छ । यसरी चोख्याउन दिनमा आफ्ना इष्टमित्रलाई र मलामी गएका व्यक्तिहरुलाई बोलाएर मनग्य खान दिनुपर्छ । १० दिनको काम सकिएपछि ४५ दिन, ६ महिना र १ वर्षमा श्राद्ध गर्ने गरिन्छ । क्रिश्चियन धर्म मान्नेले मृत्यु संस्कार कार्य हिन्दुले जसरी गर्दैनन् । उनीहरुले लासलाई गाड्ने गर्दछन् । उनीहरुले मानिस मरेपछि चर्चमा गएर मृत आत्माको शान्तिको लागि प्राथना गर्दछन् र सबै कार्य प्राथनाबाट नै पुरा गर्ने गरिन्छ । यिनीहरुले जुठो वार्ने, सेतो कपडा लगाउने जस्ता कार्य गर्दैनन् ।

### ४.३.३ छुवाछुत एवं जातिय भेदभाव

यस मंगलपुरका दलित महिलालाई पनि अन्य माथिल्लो जातिले अलि तल्लो स्तरको व्यवहार गर्ने गरेको पाईयो । शतप्रतिशत (१००.०%) उत्तरदाताहरुले छुवाछुत र भेदभाव भएको कुरा बताए भने खासगरी ब्राह्मण तथा छेत्री जातिका मानिसहरुबाट गालीगलौज, दुर्व्यवहार बढी सहनु परेको उनीहरुले बताए । अन्य जातिजातिले घर भित्र नपसाउने र उनीहरुले छोएको नखाने प्रथा कायमै छ । अझै पनि दलित जाति

भित्रै दमाई र सार्कीले छोएको कामीले नखाने गरेको देखिन्छ । दलित जातिका महलिाले ठूला जातिका महिलासँग नम्र भएर झुकेर कुरा गर्ने प्रवृत्ति कायम भएको पाइयो भने छुवाछुतलाई धर्मको नाममा उपल्ला जातिले प्रसय दिएको पाइन्छ । पछिल्लो पुस्ताका दलितहरु भने छुवाछुतलाई नमान्ने कुरा बताउँदै यसलाई हटाउनु पर्छ भन्दै यसमा आवाज उठाउन थालेका पनि छन् ।

**तालिका ४.९: जातिय छुवाछुत तथा भेदभावबारे उत्तरदाताहरुको धारणा र परिवर्तन**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| **धार्मिक भेदभाव** | | |
| छ | २० | ३३.३ |
| छैन | ४० | ६६.७ |
| जम्मा | ६० | १००.० |
| **मन्दिर प्रवेश** | | |
| गर्छु | १२ | २०.० |
| गर्दिन | ४८ | ८०.० |
| जम्मा | ६० | १००.० |
| **धर्म परिवर्तन पछि आएको परिवर्तन** | | |
| सकारात्मक | ९ | ६०.० |
| नकारात्मक | ३ | २०.० |
| थाहा छैन | ३ | २०.० |
| जम्मा | १५ | १००.० |

श्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.९ लाई नियाल्ने हो भने अध्ययन क्षेत्रमा एक तिहाई (३३.३%) उत्तरदाताहरुले धार्मिक भेदभाव रहेको कुरा बताए । खासगरी हरेक व्यक्ति वा जातिलाई आफूले चाहेको धर्म अंगाल्ने र स्वतन्त्ररुपले धार्मिक क्रियाकलाप गर्ने छुट हाम्रो समाजमा रहेको छ । तर अछुत वा तल्लो जातिका महिला पुरुष जोकसैलाई भने स्थानीय मठमन्दिरमा प्रवेश गर्न रोक लगाएको पनि छ । करीव २०.० प्रतिशत दलित महिलाहरुले भीडभाड कम भएको बेला वा माथिल्लो जातिका महिलाहरुले पूजा गरिसके पछि आफुहरु मन्दिर प्रवेश गर्ने गरेको खुलाए पनि ८०.० प्रतिशत भन्दा बढीले स्थानीय देवदेवताको मन्दिरमा प्रवेशै नगरेको प्रष्ट पारे । यसरी प्रवेश गर्न नचाहनुमा उनीहरुमा आफू तल्लो जातको भएका कुरामा जोड दिए । तर शतप्रतिशत उत्तरदाताहरुले आफ्नो गाउँघर भन्दा टाढा वा आफूलाई नचिन्नेको स्थानमा रहेको मन्दिरहरुमा भने प्रवेश गर्ने गरेका छन् ।

यसरी एउटै समाजमा रहने जातजातिबीच धार्मिक भेदभाव रहीरहदा धर्म नै परिवर्तन गर्ने अवस्था आएको पाइन्छ । अध्ययन क्षेत्रमा १५ महिला उत्तरदाताहरुले परम्परागत हिन्दु धर्म छोडी इसाई धर्म अंगालेका छन् । ती इसाई धर्म मान्नेहरु मध्ये ६०.० प्रतिशतमा सकारात्मक परिवर्तन आएको कुरा उत्तरदाताहरु बताउछन् । त्यसैगरी प्रत्येक २०.० प्रतिशतमा नकारात्मक र आफूलाई थाहा नभएको पाइयो । सकारात्मक हुनेहरुले इसाई धर्मको कारण आफूमा आत्माविश्वास बढेको र एकअर्कामा भेदभावजन्य व्यवहारहरु नपाइएको कुरा राखे । तर नकारात्मक हुनेहरुले भने आफ्नो पुरानो चालचलन जोगाउन नसकेकोमा पछुतो लागेको बताउछन् ।

### ४.३.४ अन्य जातिसँगको सम्बन्ध

नेपाली समाजमा दलित जाति अर्थात छोईछिटो हाल्नु पर्ने जाति भएकोले प्रायः अन्य जातिले उनीहरुलाई हेलाको दृष्टिले हेर्ने गरेको पाइन्छ । परम्परादेखि नै सामाजिक कार्यमा उनीहरुको आवश्यकता एवं सहभागिता भने अन्य जातिसँग रहेको छ ।

यसरी छरछिमेकमा हुने अन्य जातजातिको भोजभतेर, विवाह, चाडपर्व आदिमा दलित महिलाहरुको सहभागिता रहँन्छ/रहँदैन भनी उनीहरलाई सोधिएको थियो ।

**तालिका ४.१०: भोजभतेरमा हुने सहभागिता र अन्य जातिसँगको संम्वन्ध**

| भोजभतेरमा सहभागिता | कामी | दमाई | सार्की | जम्मा/प्रतिशत |
|---|---|---|---|---|
| छ | १७ | १३ | ४ | ३४ (५६.७) |
| छैन | १७ | ३ | ६ | २६ (४३.३) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |
| **अन्य जातजातिसँगको संम्बन्ध** | | | | |
| एकदमै राम्रो | २ | १० | - | १२ (२०.०) |
| राम्रो | १५ | २ | २ | १९ (३१.७) |
| ठिकै मात्र | ६ | ३ | १ | १० (१६.६) |
| नराम्रो | ११ | १ | ७ | १९ (३१.७) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |

श्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ४.१० मा देखाएअनुसार ५६.७ प्रतिशतले आफूहरुले छरछिमेकमा हुने अन्य जातजातिको भोजभतेर, विवाह, चाडपर्व आदिमा सहभागिता रहने गरेको कुरा बताए भने ४३.३ ले सहभागिता नजनाएको वा छैन भन्ने उत्तर दिए । यसरी समाजमा हुने भोजभतेरमा सहभागिताको स्थिति हेर्दा कामी जातिमा हुने र नहुनेहरुको संख्या (१७/१७) बराबर देखियो भने दमाईको उपस्थिति ८१.२ प्रतिशत भन्दा बढी हुने गरेको छ । यसरी सार्कीहरुको उपस्थित नहुनेहरु ६०.० प्रतिशत पाइयो । यसको मुल कारण विष्टप्रथाको सम्बन्ध कामी र दमाईमा कायमै रहीरहनुले छिमेकमा हुने भोजभतेरमा कामी र दमाईको उपस्थितिलाई साँसकृतिक रुपले पनि सहजै स्वीकार्ने परिपाटीले हो भने सार्कीसँगको परम्परागत सम्बन्ध उपयोगी नहुनुले

हो भन्ने कुरा उत्तरदाताहरुले बताउछन् । अर्कोतिर ८०.० प्रतिशत माथिल्लो जातजातिका मानिसहरु समेत छिमेकीको नाताले आफूहरुको छोराछोरीको विवाह तथा परिवारमा कसैको मृत्य भएमा सहभागिता जनाउने गरेको समेत उनीहरुको भनाईबाट थाहा हुन्छ । यसबाट के भन्न सकिन्छ भने दलित र अन्य जातजातिबीचको सम्बन्ध एक छिमेकी वा सहयोगीको रुपमा समेत रहेको छ ।

माथिकै तालिका ४.१० अनुसार दलित र अन्य जातिबीचमा उनीहरुको सम्बन्ध एकदमै राम्रो भन्नेहरु २०.० प्रतिशत मात्र रहेको छ भने राम्रो मात्र भन्नेहरु ३१.७ प्रतिशत रहेका छन् । यसरी एकदमै राम्रो वा राम्रो भन्नेहरु केही पढेलेखेका र समाजसेवा वा राजनीति गर्नेहरु हुन् भने जातिय हिसाबले दमाई जाति रहेका छन् । खासगरी पुरानो परम्पराअनुसार दमाई जातिलाई विवाह भोज, उत्सब, चाडपर्वमा बाजागाजा बजाउन बोलाउने चलनले गर्दा पनि दमाई र अन्य जातिबीचको सम्बन्ध राम्रै भएको पाइन्छ । अन्य जातिसँगको सम्बन्ध नराम्रो (३१.७%) भन्नेहरुमा कामी र सार्की जातिका बढी छन् । यसरी अन्य जातिसँगको सम्बन्ध नराम्रो हुनुमा सामाजिक तथा सांस्कृतिक सम्बन्ध नरहनु हो । आधुनिक कृषि औजारको प्रयोग र गुणस्तरीय छालाका सामग्रीहरु बजारबाटै पाइने गरेका कारण कामी र सार्की जातिको लागि माथिल्लो जातिहरुले आफ्नो विष्ट प्रथासमेत त्यागेको छलफलका सहभागिहरु बताउछन् । जसले गर्दा माथिल्लो जातिका मानिसहरु घरबाट कुनै काम लिएर निस्कदा बाटोमा कामी वा सार्की जातिका महिला वा पुरुषलाई भेटेमा अशुभ भयो भन्दै कुरा काट्ने र दुर्व्यवहार गर्ने गरेको कारण आफूहरुलाई नराम्रो लागेको उनीहरुले बताए ।

### ४.४ दलित महिलाहरुको आर्थिक जनजीवन

### ४.४.१ जम्गाजमिनको स्थिति

दलित महिला घरधुरी उत्तरदाताहरुसँग भएको जग्गा जमिनको स्थितिलाई तालिका ४.११ अनुसार हेर्दा आफ्नो घरपरिवारको स्वामित्वमा जमिन हुनेहरु ५२(८६.७%) घरपरिवार रहेको देखिन्छ भने केही थारै १३.३ प्रतिशतसँग भने घरघडेरी समेत नरहेको पाइयो । यसरी आफ्नो जग्गाजमिन वा घर नहुनेहरु नातेदार वा साहुको ससाना घर तथा झुप्राहरुमा बसेको देखिन्छ । जग्गाजमिनको स्वामित्व भने शतप्रतिशत पुरुषको नियन्त्रणमा रहेको छ ।

**तालिका ४.११: दलित जातिहरुको भूस्वामित्वको स्थितिको वितरण**

| **जग्गाजमिनको स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| जमिन हुनेहरु | ५२ | ८६.७ |
| जमिन नहुनेहरु | ८ | १३.३ |
| जम्मा | ६० | १००.० |
| **जग्गाको परिमाण (कट्ठामा)** | | |
| ० - २ | २६ | ५०.० |
| ३ - ५ | १६ | ३०.८ |
| ६ - ८ | ६ | ११.५ |
| ९ कट्ठाभन्दा माथि | ४ | ७.७ |
| जम्मा | ५२ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६९

अर्कोतिर, जग्गाजमिन हुने घरपरिवारहरुसँग के कति मात्रामा छ भन्ने सवालमा ५०.० प्रतिशत भन्दा बढिसँग २ कट्ठा मात्र जमिन रहेको देखिन्छ । सामन्यतय एउटा परिवारलाई घर बनाउन र केही करेसाबारी समेतको जाहो गर्न १५ धुरजति जमिन आवश्यक पर्दछ । त्यसैगरी ३०.८ प्रतिशतसँग ३ देखि ५ कट्ठासम्मको जमिन रहेको छ भने ११.५ प्रतिशतसँग ६ देखि ८ कट्ठा र ७.७ प्रतिशतसँग ९ कट्ठाभन्दा

केही बढि जमिन रहेको छ । यसरी भूमिको आकार र जनघनत्वको आकार हेर्दा यहाँका दलित समुदायको मुख्य पेशा कृषि भएता पनि कुनै पनि घरपरिवारलाई उत्पादित खाद्यान्नले वर्ष भरी खानलाउन धौधौ पर्दछ । जसले गर्दा यिनीहरु बाच्नकै लागि अरुको जमिन अधियामा कमाउने वा ज्यालामजदुरीलगायतका विविध प्रकारको कामहरु गर्ने गर्दछन् ।

### ४.४.२ खाद्यान्नको पर्याप्तता

मंगलपुरका दलितहरुले परम्परागत रुपले कृषि कार्यहरु गर्दै आएका छन् । जुन प्रणालीमा खासै परिवर्ततन आएको पनि देखिदैन । यहाँका दलितहरुले कुनैपनि बाली लगाउनु पूर्व खेतवारीमा कम्पोष्ट मल छरी खनजोत गर्दछन् । बाली लगाई सकेपछि रासायनिक मल छर्ने वालीको प्रकृति हेरी दुई या तीन पटक गोडमेल गर्ने तथा किटनाशक औषधी छर्कने गर्दछन् तर किटनाशक औषधिको प्रयोग गर्दा कुनै पनि सुरक्षाको निति अवलम्वन नगरी मनलागी तरिकाले प्रयोग गर्दछन् । एक त यिनीहरुको भूमि कम छ त्यसमाथि पनि उत्साहित भई खेती गरेको पाइदैन । वर्षाको समयमा धान रोप्ने, धान काटेपछि गहुँ छर्ने, आलु रोप्ने वा अन्य तरकारी रोप्ने चलन उनीहरुमा छ । खेत तथा बारीमा धान,  मकै, भटमास, बोडी, सिमी गरी बहुबाली लगाई उनीहरुले भित्राउँछन् । यति गर्दा पनि उनीहरुलाई सधै खाद्यान्नको अभाव रहन्छ । जस्तो तलको तालिका ४.१२ बाट बार्षिक खाद्यान्नको सिथति अझ स्पष्ट झल्कन्छ । जेनतेन १२ महिनासम्म खाद्यान्न किनेर खानु नपर्नेहरुको घरसंख्या ४(६.६%) रहेको छ भने बर्षमा ३ महिना मात्रै आफ्नो खेतबारीको उत्पादनले खान पुग्नेहरुको घरसंख्या (४१.७%) ठूलो मात्रामा रहेको पाइन्छ ।

यसरी खान नपुग्ने घरपरिवारका दलित जातिहरुले आफू र आफ्नो परिवारको जीवन चलाउन अरुको घरखेतमा काम गर्ने तथा ज्यालामजदुरी गर्ने गर्दछन् ।

**तालिका ४.१२: दलित परिवारहरुको बार्षिक खाद्यान्न स्थिति**

| **खाद्यान्नको स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ३ महिना भन्दा कम | २५ | ४१.७ |
| ४ - ६ महिनासम्म | २१ | ३५.० |
| ७ - ९ महिनासम्म | १० | १६.७ |
| १० - १२ महिनासम्म | ४ | ६.६ |
| जम्मा | ६० | १००.० |

स्रोतः स्थलगत अनुसन्धान, २०६९

अर्कोतिर विभिन्न व्यक्ति वा संघसस्थाहरुबाट समेत ऋण वा सापट लिई परिवार धानेको कुरा दलित महिलाहरु बताउछन् ।यसरी बर्षेनी ऋणहरु बढ्ने क्रम जारी हुदा केही घरपरिवारको आफ्नो भएको जग्गाजमिन समेत साहु वा बैकबाट लिलामी भएको थियो ।

**तालिका ४.१३: ऋणको स्थिति र ऋणदाताको वितरण (बितेको एक आर्थिक बर्षभित्रको मात्र)**

| **ऋणको स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ऋण लिने | ४८ | ८०.० |
| ऋण नलिने | १२ | २०.० |
| जम्मा | ६० | १००.० |
| **ऋण दाता** | | |
| कृषि विकास बैंक | १७ | ३५.४ |
| छिमेकमा रहेका साहु | १० | २०.८ |
| नातेदार | ८ | १६.७ |
| महिला बचत समूह वा कोष | १३ | २७.१ |
| जम्मा | ४८ | १००.० |

स्रोतः स्थलगत अनुसन्धान, २०६९

हुन पनि प्राय गरेर प्रत्येक घरपरिवारले कही न कहीबाट ऋण लिएको पनि पाइयो । गत एक आर्थिक बर्षभरिमा ऋण लिने घरपरिवारहरुलाई तालिका ४.१३ ले अझ खुलस्त पारेको छ । माथिको तालिका ४.१३ मा ८०.० प्रतिशत दलित जातिका घरपरिवारले आफ्नो घरायासी व्यवहार चलाउन ऋणको भर पर्नु परेको देखिन्छ । यसरी ऋण लिदा उनी बढीजसो कृषिविकास बैक (३५.४%) बाट लिएर व्यवसाय गर्ने गरेको बताउछन् भने दोस्रोमा महिला बचत समुह कोष (२७.१%), छिमेकमा रहेको साहु (२०.८%) र बाँकी १६.७ प्रतिशत नातेदारहरुबाट लिने गरेको पाइन्छ । यसरी खान नपुग्ने घरपरिवारका दलित जातिहरु ठूलै घरायसी ऋणमा डुबेको पाइन्छ ।

### ४.४.३ आय, व्यय र बचतको स्थिति

मंगलपुरका दलितहरुलाई आफ्नो कृषि उत्पादनले खानलाउन कसैलाई पनि पुग्दैन तसर्थ दैनिक जीवनयापन गर्नकालागि आम्दानी हुन अति आवश्यक छ । साथै कुनै पनि ब्यक्ति वा परिवारलाई ब्यवस्थितरुपले सक्षम तरिकाले जिउनको लागि दरिलो आम्दानीको स्रोत हुन जरुरी छ । उच्च आए, आर्थिक रुपले समृद्धिको सुचक हो भने निम्न आय दरिद्रताको सुचक हो । यद्यपी यस अध्ययन क्षेत्रका दलित समुदायको मुख्य आर्थिक स्रोत भनेको कृषि र मजदुरी नै हो भने केहीले पशुपंक्षीहरुको बेचबिखनबाट पनि आम्दानी गर्ने गरेका छन् । यिनै पेशागत आम्दानीका स्रोतले आफ्नो र आफ्ना परिवारका आवश्यकता परिपूर्ति गर्दै आइरहेका छन् । उनीहरुको वार्षिक आय-ब्यायको अध्ययन गर्दा यिनीहरुको आय तथा ब्याय पनि समयानुकुल छैन । बजार भाउँ र महगींका कारण यिनीहरुको आम्दानी न्युन देखिन्छ भने जति कमाउँदछन् त्यतिनै खर्च पनि गर्दछन । बचत प्राय न्युन छ । तालिका ४.१४ बाट उनीहरुको बार्षिक आम्दानी र खर्चको विवरण वारेमा अझ स्पष्ट हुन्छ ।

**तालिका ४.१४: दलित परिवारहरुको बार्षिक आम्दानी र खर्चको विवरण**

| बार्षिक आम्दानी र खर्च | कामी | दमाई | सार्की | जम्मा/प्रतिशत |
|---|---|---|---|---|
| **आय (रु. हजारमा)** | | | | |
| ० - २५ | ५ | ४ | २ | ११(१८.३) |
| २६ - ५० | १८ | ८ | ५ | ३१(५१.७) |
| ५१ - १ लाख | ७ | ३ | २ | १२(२०.०) |
| १ लाखमाथि | ४ | १ | १ | ६(१०.०) |
| जम्मा | ३४ | १६ | १० | ६०(१००.०) |
| **खर्च (रु. हजारमा)** | | | | |
| ० - २५ | २ | १ | १ | ४(६.७) |
| २६ - ५० | १७ | ११ | ६ | ३४(५६.७) |
| ५१ - १ लाख | १२ | ३ | २ | १७(२८.३) |
| १ लाखमाथि | ३ | १ | १ | ५(८.३) |
| जम्मा | ३४ | १६ | १० | ६०(१००.०) |

स्रोत :-स्थलगत अध्ययन २०६९

माथिको तालिका ४.१४ अनुसार १८.३ प्रतिशतको बार्षिक आम्दानी २५ हजारभन्दा थोरै रहेको देखिन आउँछ। केवल १०.० प्रतिशतको मात्र बार्षिक आम्दानी रु. एकलाख भन्दा बढि भएको पाइयो । त्यसैगरी खर्चको स्थितिलाई हेर्दा ५६.७ प्रतिशत उत्तरदाताहरुले बार्षिक २६ देखि ५० हजारसम्मको खर्च गर्ने गरेको बताए। त्यस्तैगरी ६.७ प्रतिशतले बार्षिक २५ हजारभन्दा कम खर्च गर्ने गरेका छन् भने २८.३ प्रतिशतले बार्षिक एक लाख र ८.३ प्रतिशतको एकलाख भन्दा बढि बार्षिक खर्च भएको दखिन्छ। यसबाट के अनुमान लगाउन सकिन्छ भने मंगलपुरका दलित महिलाहरुको बार्षिक आयव्यायको स्थिति एकदमै असन्तुलित एवं कमजोर देखिन्छ । ब्यक्तिको दैनिक जीवनमा आय ब्यायको क्रम निरन्तररुपमा चलिरहेको हुन्छ। तर पनि ब्यक्तिले जुन आय गर्दछ त्यसलाई उसले कस्तो काममा खर्च गर्छ अर्थात कहाँ-कहाँ खर्च गर्छ र साथै त्यहि खर्च गर्ने तरीकाले पनि उ र उसका समाजका बारेमा धेरै कुरा थाहा पाउँन

सकिन्छ । तसर्थ यिनीहरुको अध्ययन गर्ने क्रममा “तपाई खर्च के केमा गर्नुहुन्छ”? भनि प्रश्न गरिएको थियो र प्रायःजसो सवैले खाद्यान्न, लत्ताकपडा, उपचार, शिक्षा, विद्युतमा खर्च गर्छु भनि जवाफ दिए । कसै-कसैले यस वाहेक मनोरन्जन, इन्धन र चाडपर्वमा पनि खर्च गर्छु भनि जवाफ दिए । यी दलितहरुको जवाफको आधारमा उनीहरुको फजुल खर्च देखिदैन, जति खर्च हुन्छ ती सवै उचित र जायज ठाउँमा खर्च भएको छ । तर अध्ययन गर्ने क्रममा उनीहरुले धुम्रपान, मध्यपान र तास जस्ता बस्तुहरुमा फजुल खर्च पनि गरेको पाईयो ।

**तालिका ४.१५: दलित परिवारहरुको बार्षिक बचतको स्थिति**

| **बचतको स्थिति** | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|
| बचत गर्नेहरु | १७ | २८.३ |
| बचत नगर्नेहरु | ४३ | ७१.७ |
| जम्मा | ६० | १००.० |
| **वार्षिक बचत (रु.हजारमा)** | | |
| ० - ५ हजारसम्म | १ | ५.९ |
| ६ - १० हजार | २ | ११.८ |
| ११ - १५ हजार | ८ | ४७.० |
| १५ हजार भन्दा माथि | ६ | ३५.३ |
| जम्मा | १७ | १००.० |
| **बचत जम्मा गर्ने ठाउँ** | | |
| बैंक | १० | ५८.८ |
| घरैमा | २ | ११.८ |
| साहु वा नातेदार | ५ | २९.४ |
| जम्मा | १७ | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०६९

त्यसो त केही दलित घरपरिवारहरुले आफ्नो आम्दानीबाट आफू वा घरपरिवारले केही बचत पनि गर्दछन् । कुल ६० घरधुरी उत्तरदाताहरुमध्ये १७(२८.३%) जनाले आफू र आफ्नो घरपरिवारको नाममा बचत समेत गर्ने गरेका छन् भने बाँकी घरधुरी उत्तरदाताले गरेको पाइएन (तालिका ४.१५) ।

अध्ययन क्रममा वार्षिक पाँच हजारसम्म बचत गर्ने दलित घरसंख्या १(५.९%) रहेको छ भने ६ देखि १० हजारसम्म बचत गर्ने घरसंख्या २(११.८%) रहेको छ । त्यसैगरी ११ देखि १५ हजारसम्मको बार्षिक बचत गर्ने घरसंख्या ८(४७.०%) रहेको छ र १५ हजार भन्दा वढी बार्षिक बचत गर्नेहरु जम्मा ६(३५.३%) घरधुरी उत्तरदाता मात्र रहेको छ । अर्कोतिर उनीहरुले आफ्नो बचत रकमलाई काँहा र के कसरी सदुपयोग गरेको छ भनी प्रश्न गर्दा अधिकांश (५८.८%) ले बैंकमा राख्ने गरेको जवाफ दिए । त्यसैगरी स्थानीय साहु वा नातेदार काहाँ जम्मा गर्नेहरु पनि २९.४ प्रतिशत रहेको छ भने दुईजना ( ११.८%) ले घरैमा राख्ने गरेको पाइयो । नातेदारलाई भने सापटीको रुपमा दिने गरेको देखिन्छ ।

# अध्याय - पाँच

# दलितहरुको सामाजिक, आर्थिक तथा राजनैतिक अवस्था

यस अध्यायमा अध्ययनको उद्देश्य अनुरुप मंगलपुर गाविसका दलित जातिका महिलाहरुको सामाजिक-सांस्कृतिक, आर्थिक र राजनैतिक स्थितिहरुलाई बिस्तृतरुपमा यस भागमा कमैसँग प्रस्तुत गरिएको छ ।

## ५.१ दलित महिलाहरुको सामाजिक-सांस्कृतिक अवस्था

मंगलपुर गाविसमा रहेको अध्ययन क्षेत्रका दलित महिलाहरुको सामाजिक-सांस्कृतिक स्थितिहरुलाई बिस्तृतरुपमा निम्न बमोजिम कमैसँग प्रस्तुत गरिएको छ ।

### ५.१.१ उमेर

उत्तरदाताहरुको उमेरगत विवरणलाई पाँच तह ०-१५, १६-२९, ३०-४५, ४६-४५ र ६० वर्ष वा सो भन्दा बढी उमेरमा विभाजन गरिएको छ । लैंगिक दृष्टिकोणले हरेक उमेर समूहका महिलाहरुको उत्तिकै महत्व रहन्छ ।

**तालिका ५.१: उमेरको आधारमा दलित महिलाको विवरण**

| उमेर समुह | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-१५ | ३ | ५.० |
| १६-२९ | १५ | २५.० |
| ३०-४५ | २० | ३३.३ |
| ४६-५९ | १० | १६.७ |
| ६० भन्दा माथि | १२ | २०.० |
| जम्मा | ६० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका ५.१ लाई हेर्दा ०-१५  बर्ष उमेर समूहका महिला उत्तरदाताहरु जम्मा ५.० प्रतिशत मात्र रहेको छ । त्यसैगरी १६-२९, ३०-४५ र ४६-५९ वर्ष उमेर समुहहरुका उत्तरदाताहरु भने सबैभन्दा बढि ७५.० प्रतिशत रहेको छ । यो

उमेर समूहका महिलाहरुलाई लैंगिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ किनभने यस समयमा बढी जसो महिलाहरुको विवाह हुने गर्दछ भने नयाँ पारिवारिक जमघटमा प्रवेश गर्नुपर्ने भएको कारण पनि हो । त्यसैगरी ६० बर्ष वा सोभन्दा माथिका उमेर समूहका महिला उत्तरदाताको स्थिति भने जम्मा २०.० प्रतिशत मात्र रहेका छन् ।

## ५.१.२ दलित महिलाको परिवारको किसीम तथा घरमुली

उत्तरदाताहरुको परिवारको किसिमलाई हेर्दा अधिकांश उत्तरदाताहरु संयुक्त पारिवारिक ढाँचाको परिवारमा रहेको पाइयो । खासगरी जमीनको अभाव एवं परिवारमा न्यून आय हुने भएका कारण संयुक्त बसोबास गरी जीवन गुजारा गर्न एक अर्कामा बढी निर्भर रहनु परेको देखिन्छ ।

**तालिका ५.२: दलित महिलाको पारिवारिक ढाँचा र घरमूलीको विवरण**

| **परिवार संख्या** | **कामी** | **दमाई** | **सार्की** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| संयुक्त | २२ | ८ | ४ | ३४ (५६.७) |
| एकल | ९ | ६ | ५ | २० (३३.३) |
| वृहत | ३ | २ | १ | ६ (१०.०) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |
| **परिवारको घरमुली** | | | | |
| पुरुष | ३० | १३ | ९ | ५२ (८६.७) |
| महिला | ४ | ३ | १ | ८ (१३.३) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका ५.२ अनुसार एकल पारिवारिक ढाँचामा बस्ने उत्तरदाताहरु जम्मा ३३.३ प्रतिशत मात्र रहेका छन् । त्यस्तै सबैभन्दा बढि ५६.७ प्रतिशत उत्तरदाताहरु संयुक्त पारिवारिक ढाँचामा रहेको परिवारमा बस्ने गरेका छन् भने बृहत ढाँचाका परिवारमा बस्ने १०.० प्रतिशत मात्र उत्तरदाताहरु रहेका छन् ।

त्यसैगरी उत्तरदाताहरुको परिवारमा हुने घरमूलीहरुको विवरणलाई हेर्दा कुल ६० घरधुरीमध्ये अधिकांश (८६.७%) घरहरुमा पुरुष नै घरमूली भएको पाइन्छ भने

केवल ८ घरमा अर्थात १३.३ प्रतिशतमात्र महिला घरमूलीको रुपमा रहेको पाइयो । यसको अर्थ लैगिक दृष्टिकोणले पनि पुरुषको वचर्स्व महिलाको तुलनामा बढि भएको भन्न सकिन्छ । अध्ययन क्षेत्रभित्रका दलित परिवारहरुमा हुने सामाजिक तथा आर्थिक क्रियाकलापहरु पुरुषको नियन्त्रणमा रहेको पाइन्छ जसले गर्दा दलित महिलाहरुको स्थिति कमजोर नै रहेको भन्न सकिन्छ ।

### ५.१.३ दलित महिलाको वैवाहिक स्थिति

कुनै पनि व्यक्तिको वैवाहिक हैसियत उसको घरपरिवार वा समाजमा के कस्तो छ भन्ने कुरा उसको वैवाहिक स्थितिले प्रष्ट पार्दछ । अध्ययनको क्रममा उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा निम्न तालिका ५.३ अनुसार रहेको पाइयो ।

**तालिका ५.३: उत्तरदाताहरुको विवाहिक स्थिति**

| वैवाहिक स्थिति | कामी | दमाई | सार्की | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| विवाहित | १५ | १० | ५ | ३० (५०.०) |
| अविवाहति | १० | ५ | ३ | १८ (३०.०) |
| विधवा | ६ | १ | १ | ८ (१३.३) |
| पारपाचुके गरेको | ३ | - | १ | ४ (६.७) |
| जम्मा: | ३४ | १६ | १० | ६० (१००.०) |

स्रोत: स्थलगत सर्वेक्षण, २०६९

नमुना छनौटमा परेका महिला उत्तरदाताहरूमध्ये आधा (५०.०%) विवाहित रहेका छन् । विवाहित हुनेहरुमा अन्य जातिको तुलनामा दमाई जातिका महिलाहरु बढी मात्रमा छनौट भएका छन् । त्यस्तै अविवाहित उत्तरदाताहरु ३०.० प्रतिशत, विधवा १३.३ प्रतिशत र पारपाचुके वा सम्बन्ध विच्छेद गरेर बसेका उत्तरदाता भने ६.७ प्रतिशत रहेको छ (तालिका ५.३) ।

### ५.१.४ शैक्षिक अवस्था

आजको आधुनिक समाजमा शिक्षा सबैको लागि अनिवार्य हुने गर्दछ । तर पनि राज्यको शैक्षिक नीति तथा भौतिक पूर्वाधारहरुको कमी र सामाजिक तथा लैगिंक भेदभाव आदिका कारण कतिपय व्यक्ति वा समाज शैक्षिकरुपमा नै पछाडि पर्ने गरेको पाइन्छ । खासगरी दलित जातिहरुमा झन् छुवाछुतका कारणले विद्यालय शिक्षाबाट उनीहरु टाढा हुने गरेका छन् । शैक्षिक अवस्थामा आउने सुधारले कुनै पनि जातिको सामाजिक तथा आर्थिक हैसियतमा बृद्धि हुने भएको कारण शिक्षा सबैका लागि अत्यन्तै महत्वपुर्ण हुने गर्दछ । अध्ययनको क्रममा दलित महिला उत्तरदाताहरुको शैक्षिकस्तर के कस्तो छ भन्ने कुरालाई तालिका ५.४ मा देखाइएको छ ।

**तालिका ५.४: दलित महिलाको शैक्षिक स्तर**

| शैक्षिकस्तर तथा तह | कामी | दमाई | सार्की | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | ११ | ९ | ५ | २५ (४१.७) |
| साक्षर | ९ | ४ | ३ | १६ (२६.७) |
| प्राथमिक तह | ९ | २ | १ | १२ (२०.०) |
| माध्यमिक तह वा एस.एल.सी.सम्म | ३ | १ | १ | ५ (८.३) |
| उच्च माध्यमिक तह | २ | - | - | २ (३.३) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

अध्ययनको क्रममा छनौट भएका उत्तरदाताहरू मध्ये सबैभन्दा बढी प्रतिनिधित्व गर्ने ४१.७ प्रतिशतको शैक्षिकस्तर निरक्षर रहेको पाइयो । यसो हुनुमा उनीहरूको छिटो विवाह, सामन्ती पितृसत्तात्मक विचार र छोरी अर्काको घरमा जाने जात भएकाले उनीहरूका लागि सम्पत्ति खर्च गर्नु त्यति मनासिव होईन भन्ने धारणाको कारणले उच्च शिक्षा लिन नपाएको भेटिन्छ । खासगरी दलित महिलाहरूले छुवाछुत जन्य सामाजिक भेदभावबाट उच्च शिक्षा लिन आफूहरुलाई बाधा परेको बताए । त्यस्तै २६.७ प्रतिशत उत्तरदाता साक्षरमात्र रहेका छन् भने २०.० प्रतिशतको शैक्षिकस्तर

प्राथमिक तह, ८.३ प्रतिशतको एसएलसीसम्मको शिक्षा र ३.३ प्रतिशतले मात्र उच्च माध्यमिक तहको शिक्षा पुरा गरेका छन् । उच्च माध्यमिकस्तरको शिक्षा प्राप्त गर्ने कामी जातिका महिला मात्र रहेको पाइन्छ । स्नातक वा सोभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्ने दलित महिलाहरु भने कोही पनि भेटिएन । त्यसैले दलित महिलाहरुको शैक्षिक अवस्था समग्रमा कमजोर छ भनेर भन्न सकिने अवस्था रहेको छ ।

### ५.१.५ काम बाँडफाड, शैक्षिक र वैवाहिक निर्णयको अवस्था

दलित जातिभित्र ( विशेष गरि कामी, दमाई र सार्की) पनि समाजका अन्य जातिमा जस्तै छोरा र छोरीहरुलाई भेदभाव पूर्ण नै व्यवहार गरिन्छ । जब छोरा जन्मिन्छ तब त्यसबेला देखि नै लालन-पालन, खानपान, शिक्षा जस्ता कुरामा भेदभाव गरिन्छ । छोरीलाई पराई घर जाने जात भनेर नपढाउने चलनमा केहि कमी भने आएको पाइन्छ तर पनि छोरीले सम्पूर्ण घरको काम भ्याएर पढ्नु पर्ने अवस्था छ । यस जातिमा महिलाहरुले घरेलु काम बढि गरेका पाइन्छ । खाना पकाउने, भाँडा माझ्ने, बच्चा हेर्ने, लुगा धुने, घाँस दाउरा गर्ने आदि कार्य त यिनीहरुको दिनचर्या नै हो । यसको अलावा उनीहरुले खेतीपातीको काम, पशुपंक्षीको हेरचाह र साथै पुरुषको सहयोगीको रुपमा पनि काम गर्नु पर्ने बाध्यता नै रहेको पाइन्छ । त्यस्तैगरी यस जातिमा छोरीको भन्दा बुहारीको स्थान तल्लो मानिन्छ र भेदभावपूर्ण नै व्यवहार गर्ने गरिन्छ । महिलाहरुको तुलनामा पुरुषहरुले केहि न केहि काम गरेर भए पनि पैसा कमाउने हुँदा पैसा भएको बेला जाँडरक्सी खाएर श्रीमतीलाई कुट्ने, झगडा गर्ने प्रवृत्ति पनि धेरै पाइन्छ । समाज होस् या घरपरिवार निर्णय प्रक्रियामा पुरुषकै भूमिका ठूलो छ भने सामाजिक क्रियाकलापमा पुरुष नै बढि सक्रिय भएको देखिन्छ । पुरुष बढि स्वतन्त्र हुनु र महिलालाई घरभित्र मात्र सिमित राखीनुले महिला सामाजिक क्रियाकलापमा सहभागी हुन नपाएको जानकारी पाइयो । त्यस्तै महिला र पुरुषको काम गरेको पारिश्रमिकमा पनि धेरै अन्तराल पाइन्छ । पुरुषले एकदिन काम

गर्दा रु ५०० सम्म पाउँछन् भने महिलाको रु. २५० मात्र हुन्छ । यसरी प्रायः घरको सम्पूर्ण काम महिलाले गर्दछन भने निर्णय प्रक्रियामा पुरुषहरुको भूमिका (४५.०%) बढी देखिन्छ (तालिका ५.५) । केवल १६.७ प्रतिशत दलित महिलाहरु मात्र आफ्नो काम आफ्नै निर्णयअनुसार गर्ने गर्दछन् ।

**तालिका ५.५: कामको बाँडफाड र शैक्षिक तथा वैवाहिक निर्णय**

| **कामको बाँडफाँडको निर्णय** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| श्रीमान | २७ | ४५.० |
| आफै | १० | १६.७ |
| दुबै (श्रीमान/श्रीमती) | १५ | २५.० |
| अन्य | ८ | १३.३ |
| जम्मा | ६० | १००.० |
| **बालबच्चाको शैक्षिक निर्णय** | | |
| श्रीमान | २० | ३३.३ |
| आफै | १० | १६.७ |
| दुबै (श्रीमान/श्रीमती) | २० | ३३.३ |
| अन्य | १० | १६.७ |
| जम्मा | ६० | १००.० |
| **वैवाहिक निर्णय** | | |
| श्रीमान | २० | ३३.३ |
| आफै | ६ | १०.० |
| दुबै (श्रीमान/श्रीमती) | १४ | २३.३ |
| नातेदार | ४ | ६.७ |
| अन्य | ६ | १०.० |
| जम्मा | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

माथिकै तालिका ५.५ ले के देखाउन भने दलित जातिमा आफ्नो बालबच्चाको भविश्यको लागि १६.७ प्रतिशत महिलाले मात्र आफै निर्णय गर्न पाउछन् । २७.२ प्रतिशत निर्णय दुबैको सहमतिमा हुने गर्दछ र बाँकी परिवारका अन्य सदस्य ( सासुससुरा, दिदीदाजु, जेठाजुजेठानी आदि) ले गर्ने गर्दछन् । विस्तारै छोरीलाई पनि पढाउनु पर्छ भन्ने चेतना भने उनीहरुमा पनि आएको पाइन्छ । आफ्नो जातिको

विकासको लागि सरकारले निःशुल्क शिक्षा दिनुपर्नेमा अधिकांशले जोड दिएको पाइयो । स्कूल-कलेज पढ्ने दलित केटाकेटीहरुलाई भने विद्यालय एवं सार्वजनिक स्थानमा वा शिक्षामा कुनै भेदभाव नरहेको शतप्रतिशत महिलाहरुले बताए ।

त्यस्तै विवाह गर्दा पनि केटा छान्ने अधिकार पूर्णतः आमाबाबुमा हुन्छ भने छोराको केहि ढिला र छोरीको अलि चाँडो विवाह गर्ने चलन रहेको पाइन्छ । वैवाहिक निर्णय भने ३३.३ प्रतिशत पुरुष, २३.३ प्रतिशत दुबैको सहमति, १०.० प्रतिशत प्रत्येकमा आफै र परिवारका अन्य सदस्य र ६.६ प्रतिशत नातेदारले गर्ने गरेको पाइन्छ ( तालिका ५.५) । विवाह गर्ने योग्य उमेर भने केटाको लागि २२ बर्ष र केटीको लागि १८ बर्ष हुनुपर्ने कुरामा शतप्रतिशत उत्तरदाताहरु सहमत देखिन्छन् । यस जातिमा बहुविवाह, बाल विवाह, विधुवा/विदुर विवाह, सम्बन्ध विच्छेदलाई राम्रो मानिदैन तापनि श्रीमती मरेपछि वा नमरीकन पनि अर्की श्रीमती ल्याउने कार्यले गर्दा पनि महिलामाथि राम्रो व्यवहार गरिएको पाईदैन । यस जातिमा अन्तरजातिय विवाह पनि भएको पाइयो । छोरीलाई विवाह गरेर दिंदा दाइजो दिने र बुहारी ल्याउँदा पनि दाइजोको आस गर्ने मान्यता पनि उनीहरुमा विद्यमान छ ।

## ५.२ दलित महिलाहरुको आर्थिक अवस्था

### ५.२.१ दलित महिलाहरुको पेशा

हरेक व्यक्तिले आफ्नो जीविकोपार्जनको लागि कुनै न कुनै काम गरेको हुन्छ । खासगरी व्यक्तिहरुले आफ्नो सीप र भएका साधनस्रोतहरुको परिचालन गरेर गरिने काम वा व्यवसायलाई पेशा भनेर भन्ने गरिन्छ जुन जीवनका अधिकांश समय उनीहरुले गर्ने गर्दछ । कुनै पनि व्यक्ति वा समुदायले अपनाएको कामले नै उनीहरुको समाजमा रहेको आफ्नो हैसियतलाई निर्धारण गर्दछ । अध्ययन क्षेत्रका दलित महिलाहरुले पनि विभिन्न कामहरु गर्दै आएका छन् । नमुना छनौटमा

छानिएका उत्तरदाताहरुलाई पनि तपाईहरुको मुख्य काम वा पेशा के हो भनेर सोधिएको थियो । जसअनुसार उनीहरुको जवाफ तालिका ५.६ अनुसारको रह्यो ।

**तालिका ५.६: जातिगत आधारमा दलित महिलाको प्रमुख पेशागत विवरण**

| पेशा | कामी | दमाई | सार्की | जम्मा / प्रतिशत |
|---|---|---|---|---|
| कृषि वा गैह्रकृषि | २३ | ८ | ४ | ३५ (५८.३) |
| घरायसी काम गर्ने | ७ | ३ | २ | १२ (२०.०) |
| ज्याला मजदुरी | २ | ३ | ४ | ९ (१५.०) |
| विद्यार्थी | २ | १ | - | ३ (५.०) |
| काम नगर्ने वा अशक्त | - | १ | - | १ (१.७) |
| जम्मा | ३४ | १६ | १० | ६० (१००.०) |

स्रोत स्थलगत अध्ययन, २०६९

माथिको तालिका ५.६ अनुसार उत्तरदाताहरुको मुख्य पेशा कृषि (५८.३%) रहेको छ जहाँ अधिकांश दलित जातिका महिलाहरु आवद्ध रहेका छन् । अध्ययन क्षेत्रभित्रका महिलाहरु खासगरी आफ्नो र अरुको खेती गरी आफ्नो परिवारको आयस्रोत बढाउने वा जीवन धान्ने गर्दछन् । घरायसी कामलाई पेशा मान्नेहरुको संख्या पनि २०.० प्रतिशत देखिन्छ । खासगरी संयुक्त परिवारमा रहेका र उमेर अनुसार खेती वा ज्यालामजदुरीको काम गर्न नसक्नेहरु घरायसी सानातिना काम जस्तै खाना बनाउने, छोराछोरीहरुको बच्चा स्याहार्ने आदि गरेर बस्नेहरु रहेको पाइयो । त्यसैगरी ज्यालामजदुरीलाई आफ्नो पेशा मान्नेहरु १५.० प्रतिशत छ भने अन्य पेशा गरी आएका उत्तरदाताहरु खासगरी अध्ययन (५.०%) तथा काम गर्न नसक्ने असक्त ( १.६%) रहेका छन् ।

### ५.२.२ आय र ब्यायमाथिको निर्णयाधिकार

हरेक व्यक्तिहरुले आफ्नो र परिवारको जीवन चलाउन विभिन्न कामहरु गरी आयआर्जन गर्ने गर्दछन् । यसरी व्यक्तिले गर्ने आयमा स्वंयम् उस्को अधिकार हुनु स्वभाविक हो तर पनि हाम्रो जस्तो हिन्दु पितृसतात्मक समाजमा पुरुषहरुले बढी

मात्रमा निर्णय गर्ने अधिकार प्राप्त गरेको हुन्छ । विभिन्न कारणले महिलाहरु आफ्नो काम तथा आयआर्जनमा सहभागि भएपनि आफै निर्णय गरी अगाडि बढ्न नसकेको यथार्थ हामी काहाँ रहेको छ । खासगरी महिलाहरु निर्णय प्रक्रियामा सहभागि नहुनुमा हाम्रो सामाजिक बनोट, गरिबी, शिक्षाको कमी आदि कारणहरु बढि जिम्मेवार रहेका छन् । दलित समुदायमा पनि महिलाहरुलाई दोस्रो दर्जा कै उपमा दिई व्यावहारहरु हुने गरेको पाइन्छ भने उनीहरुले गर्ने आयआर्जनमा पनि पुरुषहरुको भूमिका पकड हुनु र एकलौटी निर्णयाधिकार पुरुषको रहनुमा सामाजिक तथा सांस्कृतिक भुमिका बढी जिम्मेवार रहेको छ । तसर्थ अध्ययन क्षेत्रमा रहेको दलित महिला उत्तरदाताहरुलाई आफ्नो घरपरिवारमा हुने आयआर्जन तथा व्यायमा हुने निर्णय सहभागिता के कस्तो छ भनि प्रश्न गरिएको थियो । जुन कुरा तालिका ५.७ अनुसारको जवाफ उनीहरुको रहेको छ ।

**तालिका ५.७ः आम्दानी तथा खर्च माथिको निर्णयाधिकार**

| आम्दानी तथा खर्चमाथिको निर्णय अधिकार | कामी | दमाई | सार्की | जम्मा/प्रतिशत |
|---|---|---|---|---|
| श्रीमान | १४ | ७ | ४ | २५(४१.७) |
| आफै | १० | ४ | ३ | १७(२८.३) |
| दुबै (श्रीमान/श्रीमती) | ६ | ३ | १ | १०(१६.७) |
| अन्य (सासुससुरा वा घरको जेठोपाको) | ४ | २ | २ | ८(१३.३) |
| जम्मा | ३४ | १६ | १० | ६०(१००.०) |

स्रोतः स्थलगत अनुसन्धान, २०६९

माथिको तालिका ५.७ अनुसार दलित घरपरिवारभित्र आम्दानी तथा खर्चको निर्णयाधिकार सबैभन्दा बढी (४१.७%) श्रीमान वा पुरुषमाथि रहेको पाइयो । केवल २८.३ प्रतिशत महिलाहरुमात्र आफै आफ्नो आम्दानी र खर्चको बारेमा निर्णय गर्न सक्षम रहेका छन् । महिला र पुरुष दुबैको हकमा केवल १६.७ प्रतिशतले मात्र यसबारे सामुहिक निर्णय लिने गरेको पाइयो भने १३.३ प्रतिशत निर्णय परिवारमा रहेको जेष्ठ सदस्य जस्तै सासु/ससुरा, जेठाजु/जेठानी, दिदी/दाजु, आमाजु आदिले गर्ने गरेको जवाफ उत्तरदाताहरुको छ । यसबाट के स्पष्ट हुन्छ भने दलित महिलाहरुको आम्दानी तथा खर्चमाथिको निर्णय अन्य जातजातिको महिलाहरु भन्दा खासै फरक नरहेको देखिन्छ ।

## ५.३ दलित महिलाको राजनैतिक अवस्था

राजनीति शक्तिको लागि गरिने संघर्ष हो । खासगरी राजनीतिलाई केवल दलगत रुपमामात्र बुझ्दा धेरै समस्या हुने गरेको छ । दलित जातिका अधिकांश महिलाहरुले राजनीतिप्रति खासै रुची राखेको भने पाइदैन । यसरी रुची नहुनुमा छलफलका सहभागी महिलाहरूमा चेतनाको अभाव देखियो । गाउँघरको विकास तथा विभिन्न वर्ग, जाति र लिंगको उत्थान गर्न राजनीति नै एक प्रमुख शक्ति हो । राजनीतिले समाजलाई अगाडि बढाउन उपयुक्त नीति, नियमसँगै महत्वपूर्ण निर्णयहरु गरी कार्यन्वयन गर्ने गर्दछ ।

मंगलपुरका दलित जातिलाई विभिन्न प्रलोभनमा पारेर थुप्रै राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरुले उपयोग गरेका छन् । राजनैतिक नेता तथा स्थानीय कार्यकर्ताहरुले विभिन्न काम जस्तै नागरिकता बनाउन, वार्डको बैठकमा मनोनित गर्ने तथा गाउँको विकासमा श्रमदानको लागि काम गराउँने समेत गरेको पाइन्छ । शतप्रतिशत दलित महिला उत्तरदाताहरुले राज्यको निकायबाट नागरिकता लिएका छन् । जसमा गाविस प्रतिनिधि तथा स्थानीय दलका नेताहरुको पनि ठूलै सहयोग

भएको कुरा दलित महिलाहरु बताउछन् । आफ्नो क्षेत्रमा रहेको सरकारको स्थानीय निकाय जस्तै गाविसले के काम गर्दछ भन्ने कुरामा समेत ९०.० प्रतिशत महिलाहरु जानकार रहेको देखिन्छ । मतदाता नामावलीमा आफू र आफ्नो घरपरिवारको नाम रहे/नरहेको बारेमा समेत छिमेकीहरुले सोध्ने वा आफ्ना पार्टीका कार्यकर्ताहरुले जानकारी गराउने गरेको पाइन्छ । त्यसो त उनीहरुलाई आफ्नो वार्ड र गाविसको पदाधिकारीहरुको काम तथा उनीहरुको नामावली समेत थाहा हुने गरेको पाइयो । आफ्ना दल वा गाविस प्रतिनिधिहरुले गाउँको विकास गर्नमा भने केही पनि नगरेको भन्नेहरुमा ४०.० प्रतिशत उत्तरदाताहरु रहे भने ६०.० प्रतिशतले भने आफ्नो गाउँ र टोलभित्र केही मात्रमा भए पनि बाटो निर्माण गरेको भन्ने गरेका छन् ।

यसबाट के देखिन्छ भने अध्ययन क्षेत्रका दलित महिलाहरु राजनीतिमा प्रत्यक्ष सहभागि नभए पनि राजनीति गर्ने नेता तथा कार्यकर्ताहरुप्रति भने चासो राख्ने गरेको देखिन्छ । स्थानीय राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले उनीहरुलाई भोट बैंकको रुपमा प्रशस्तै प्रयोग गर्ने गरेको गुनासो छ ।

### ५.३.१ दलित महिलाहरुको राजनैतिक सहभागिता

दलित जातिका महिला उत्तरदाताहरुको राजनैतिक सहभागिताको अवस्थाका बारेमा अन्तरवार्तामा सहभागी महिलाहरूले आफूहरूमा खासै राजनैतिक रुची र चेतना नभएको बताए पनि प्रश्न सोध्ने क्रममा उनीहरुको राजनीतिक सहभागिता छ/छैन भनि बुझ्ने प्रयास गरिएको थियो जुन कुरालाई निम्न तालिका ५.८ मा खुलाइएको छ । तालिका ५.८ अनुसार कुल ६० महिला उत्तरदाताहरूमध्ये २४(४०.०%) जनाले मात्रै प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा आफ्नो राजनैतिक सहभागिता जनाउने गरेको बताए ।

**तालिका ५.८: राजनीतिक सहभागिता**

| **सहभागिताको स्थिति** | **कामी** | **दमाई** | **सार्की** | **जम्मा/प्रतिशत** |
|---|---|---|---|---|
| छ | १४ | ६ | ४ | २४(४०.०) |
| छैन | २० | १० | ६ | ३६(६०.०) |
| जम्मा | ३४ | १६ | १० | ६०(१००.०) |
| **सहभागिताको निरन्तरता** | | | | |
| निरन्तर | ७ | - | ३ | १०(४१.७) |
| कहिलेकाही | ६ | ४ | ४ | १४(५८.३) |
| जम्मा | १३ | ४ | ७ | २४(१००.०) |

स्रोत : स्थलगत अध्ययन, २०६९

६०.० प्रतिशतले भने केवल चुनावमा भोट मात्रै हालेका छन् । राजनीतिक सहभागिता जनाउने उत्तरदाताहरुमध्ये १०(४१.७%) जना महिलाहरु कुनै न कुनै राजनीतिक दलसँग आवद्ध भई दलको स्थानीय कार्यकर्ताको रुपमा रहेका छन् । यसरी प्रत्यक्ष्य दलसँग आवद्ध हुनेमा कामी र सार्की जातिको महिलाहरु मात्र रहेको छ । बाँकी १४(५८.३%) जना भने कहिलेकाही एताउता गर्ने र दलहरुको सभासम्मेलनहरुमा मात्र उपस्थित हुने गरेको पाइन्छ ।

## ५.३.२ राजनीतिप्रतिको धारणा एवं बुझाई

यसरी राजनीतिको कुरा गरिरहंदा दलित महिलाहरुले कुन रुपमा राजनीतिलाई बुझेका रहेछन वा राजनीतिप्रति उनहिरुको बुझाई एवं ज्ञान के छ भनि प्रश्न गर्दा निम्न तालिका ५.९ अनुसार रहेको धारणा प्रष्ट देखिन्छ ।

**तालिका ५.९: राजनीतिप्रति उत्तरदाताहरुको धारणा एवं बुझाई**

| धारणा एवं बुझाई | जम्मा (६०) | प्रतिशत |
|---|---|---|
| राजनीति गर्ने अधिकार | २३ | ३८.३ |
| आफूले चाहेको सरकार बनाउने | ४० | ६६.७ |
| निर्णय प्रक्रियामा सबैको सहभागि हुने पाउने अधिकार | १८ | ३०.० |
| दलित जातिको उत्थान गर्ने | २७ | ४५.० |
| छुवाछुत तथा भेदभाव अन्त्य गर्ने | ४८ | ८०.० |
| विकास गर्ने अधिकार | ५२ | ८६.७ |

स्रोत : स्थलगत अध्ययन, २०६९ *(नोटः बहुउत्तरका कारण संख्या तथा प्रतिशतमा बृद्धि भएको हो)* ।

तालिका ५.९ अनुसार कुल ६० दलित महिला उत्तरदाताहरूमध्ये ८६.६ प्रतिशतले राजनीतिलाई विकाससँग जोडेर बुझेको पाइयो । त्यस्तै ८०.० प्रतिशतले राजनीति गर्नु भनेको छुवाछुत तथा जातिय भेदभाव अन्त्यको लागि गरिने प्रयास भनेर बुझेका छन् भने ६६.७ प्रतिशतले आफूले चाहेको सरकार बनाउने भनेर, ४५.० प्रतिशतले दलितको लागि काम गर्नु, ३८.३ प्रतिशतले स्वतन्त्ररूपले राजनैतिक क्रियाकलापहरूमा सहभागि हुन पाउने अधिकारलाई र ३०.० प्रतिशतले निर्णय प्रक्रियामा सहभागि हुने पाउने अवसर भनेर बुझ्ने गरेका छन् । यसबाट के देखिन्छ भने दलित महिलाहरु राजनैतिक हक अधिकारको बारेमा चासो र ज्ञान राख्दछन् भने बुझाउन समेत सक्षम नै रहेको प्रष्ट देखिन्छ ।

### ५.३.३ राजनीतिमा महिला सहभागिता

राजनीतिमा खासगरी महिलाहरुको सहभागिता न्यून नै रहने गरेको पाइन्छ । महिलाहरुमा शिक्षा वा चेतनाको कमी, नेतृत्व गर्ने अवसर नपाउने र घरायसी काममा बढी व्यस्त रहंदा उनीहरु पछाडि रहेको देखिन्छ । राजनीतिमा खासगरी

महिला सहभागिता हुनुपर्छ/पर्दैन भनेर उत्तरदाताहरुसँग छलफल गरिएको थियो । अधिकांश दलित महिलाहरुले राजनीतिमा महिलाहरुको पनि सहभागिता हुनुपर्ने कुरामा जोड दिए । राजनीतिमा महिला सहभागिताको सम्बन्धमा तालिका ५.१० अनुसार ६३.३ प्रतिशत उत्तरदाताहरुले महिला सहभागिता हुनुपर्दछ भन्ने जवाफ दिए भने ३६.७ प्रतिशतले मात्र आवश्यक नभएको बताए । अधिकांश (५०.०%) दलित महिलाहरु चुनावको बेलामा आफ्नो मातृदल तथा नेता/व्यक्ति दुबै हेरेर राजनीतिक दलमा सहभागि हुने गर्दछन् । बाँकी ३०.० प्रतिशतले नेता/व्यक्तिको व्यावहार र २०.० प्रतिशतले पार्टी रोज्ने गरेको पाइन्छ ।

**तालिका ५.१०: राजनीतिमा महिला सहभागिता र उनीहरुको निर्णय**

| **महिला सहभागिता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हुनुपर्छ | ३८ | ६३.३ |
| हुनुपर्दैन | २२ | ३६.७ |
| जम्मा | ६० | १००.० |
| **चुनावमा रोजाई** | | |
| व्यक्ति | १८ | ३०.० |
| पार्टी | १२ | २०.० |
| दुवै | ३० | ५०.० |
| जम्मा | ६० | १००.० |
| **भोटको निर्णय** | | |
| आफ्नै इच्छाले | ३६ | ६०.० |
| अरुको दबावमा | २४ | ४०.० |
| जम्मा | ६० | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

त्यस्तै ४०.० प्रतिशत दलित महिलाहरु चुनावी भोटमा आफ्नै निर्णय गर्दछन् भने बाँकीले श्रीमान, छिमेकी, स्थानीय राजनीतिक नेता तथा कार्यकर्ताहरुको दबावमा

भोट दिने गरेका छन् (तालिका ५.१०) । यसबाट के देखिन्छ भने दलित महिलाहरुको राजनीतिमा आउने कमी त छदैछ भने घरपरिवारको विरोध, कमजोर आर्थिक अवस्था, सामाजिक अवरोध, जस्ता विविध समस्याका कारणले पनि राजनीतिमा आउन चाहँदा-चाहँदै बाधा पुगेको देखिन्छ । तथापि अहिले थुप्रै राजनैतिक पार्टीले उनीहरुलाई राजनैतिक क्षेत्रमा अगाडि बढाउन तथा नेतृत्वमा निर्णायक भूमिका दिलाउन राजनैतिक प्रशिक्षण विशेष गरेर महिलालाई जोड दिई अगाडि बढेको देखिन्छ । त्यस्तै दलित महिलाको राजनैतिक अवस्था कमजोर हुनुमा उनीहरु आफैं पनि हुन् भन्ने उत्तर समूहगत छलफलमा रह्यो । कतिपय महिलाहरू राजनीतिमा सहभागि हुदां घरपरिवारको सहयोगात्मक भूमिका रहँदारहँदै पनि नारी अस्मिताप्रति बढी संवेदनशील भएको अनुभव पनि व्यक्त गरे, जसले गर्दा राजनैतिक क्षेत्रमा लाग्न उनीहरुलाई अप्ठ्यारो परेको छ ।

## ५.३.४ दलगत सहभागिता र सहभागि हुनुको कारण

केन्द्र देखि स्थानीयस्तरसम्म रहेका राजनीतिक दलहरुको संगठनमा प्रत्यक्ष एवम् अप्रत्यक्षरुपमा हरेक व्यक्तिहरूले आफ्नो अभिमत जाहेर गर्ने वा सहभागिता जनाउने गर्दछन् । राजनीतिक दलमा सहभागि हुदा कमसेकम राजनैतिक विचार, दर्शन र दलको सामर्थ्यलाई हेरेर हुने गर्दछ । त्यस्तै स्थानीयस्तरमा हुने राजनैतिक दलको भेला, छलफल, घरपरिवारको सहयोग तथा प्रशिक्षणहरूबाट मानिसहरू प्रभावित भई आफूलाई मन लागेको दलमा महिलाहरु सहभागि हुने गरेका छन् । अध्ययन क्षेत्रभित्र पनि नेपालमा रहेको विभिन्न राजनैतिक दलहरूको उपस्थिति तथा भातृसंगठनहरूका नेता तथा कार्यकर्ताहरूको बाक्लै उपस्थिति रहेको छ । मुख्य गरी एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल लगायतका राजनैतिक दलहरूको उपस्थिति एवम् प्रभावहरू त्यस क्षेत्रमा बढी रहेको पाइन्छ । यी थुप्रै दलहरुको

उपस्थिति रहंदा कुनै पनि व्यक्ति हालको अवस्थामा दलविहिन भएर बस्न नसक्ने बातावरण त्यहाँ रहेको देखिन्छ ।

**तालिका ५.११: महिलाहरूको दलगत राजनीतिमा सहभागिता र त्यसको कारण**

| **आबद्ध भएको दल** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकीकृत नेकपा (माओवादी) | १६ | ६६.७ |
| नेकपा एमाले | ४ | १६.७ |
| नेपाली कांग्रेस | ३ | १२.५ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) | १ | ४.१ |
| जम्मा | २४ | १००.० |
| **आवद्ध हुनुको कारण** | | |
| राजनैतिक आस्था | ६ | २५.० |
| सामाजिक सेवा गर्न | ४ | १६.७ |
| आफ्नो जातिको सशक्तिकरणका लागि | ६ | २५.० |
| साथीभाईको करकाप | ८ | ३३.३ |
| जम्मा | २४ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

अध्ययन क्षेत्रका कुल ६० दलित महिला उत्तरदाताहरु मध्ये २४ जना राजनीतिमा सक्रिय रहेका छन् । तालिका ५.११ अनुसार, २४ जनामध्ये सबैभन्दा बढी अर्थात ६६.७ प्रतिशत महिलाहरु एकीकृत नेकपा माओवादी नामक दलसँग प्रतिबद्ध भएको पाइयो भने ४.१ प्रतिशत महिलाहरु भने राप्रपासँग रहेको देखिन्छ । एकीकृत नेकपा माओवादीप्रति उनीहरू सकारात्मक रहनुमा दलितप्रति हेरिने वा गरिने व्यावहारहरु अन्य दलहरुको तुलनामा नरम एवम् लचिलो भएकोले हो । तर राजनीतिमा सक्रिय हुन चाहने दलित महिलाहरुलाई स्थानीयस्तरमा कुनैपनि दलले निर्णयाकारी भूमिका भने दिएको छैन । यसो हुनुमा दलितहरुलाई भुलाउने र भोट बैंकको लागि मात्र प्रयोग गर्ने ठूला दलहरुको नियत भएको छलफलका सहभागिहरु बताउछन् ।

राजनीतिक दलमा आवद्ध हुने व्यक्ति वा समुदायहरूले आफू र आफ्नो समुदायको स्वार्थलाई बोकेर नै दलगत रूपमा सहभागि हुने गर्छ। कुनै एउटामात्र कारणले भने उनीहरु राजनीतिक दलप्रति आकर्षित हुन सक्दैनन् । अध्ययन क्षेत्रमा रहेका दलित महिलाहरु राजनैतिक दलसँग आवद्ध हुनुमा (२५.०%) प्रत्येक दलप्रति रहेको आस्था र दलित महिलाहरुको सशक्तिकरण गर्नु हो । त्यस्तै, १६.७ प्रतिशत महिलाहरूले सामाजिक सेवाका लागि राजनीति गर्ने गरेका छन् । अर्कोतिर राजनीतिमा लाग्ने सबैभन्दा बढी ३३.३ प्रतिशत महिलाहरुले भने साथीभाईको करकापले लाग्ने गरेको बताए । यसको अर्थ राजनीतिबाट दलित महिलाहरुले फाइदा लिनुको सट्टा अझै अन्य जातजाति वा दलका नेता तथा कार्यकर्ताहरुको धम्की, डर, त्रास आदिबाट पिडित हुनुपरेको छ ।

# अध्याय - छ
# सारांश तथा निष्कर्ष

यस अध्यायमा अध्ययनको सम्पूर्ण पक्षहरुको सारसंक्षेपलाई प्रस्तुत गरिएको छ । यसरी संक्षेपमा प्रस्तुत गर्दा अध्ययनको छोटकरी अंशलाई सारांशको रुप दिई प्रस्तुत गरिएको छ भने उक्त सांराशबाट प्राप्त हुने नतिजाको आधारमा छोटकरीमा निष्कर्ष निकालि प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

दलित महिलाहरुको सामाजिक, आर्थिक तथा राजनैतिक अवस्थाको एक समाजशास्त्रीय अध्ययन नामक शोध शिर्षक छनौट सँगै शोधकर्ताले खासगरी दलित महिलाहरुको सामाजिक, आर्थिक तथा राजनैतिक स्थितिहरु पत्ता लगाई यी क्षेत्रहरुमा उनीहरु पछाडि पर्नाको कारणहरु खोज्ने उदेश्यले यो अध्ययन गरिएको थियो । जसका लागि चितवन जिल्लाको मंगलपुर गाविसलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरियो । उक्त गाविसका वडा नं १ र ५ मा रहेका कुल २१९ दलित घरधुरीबाट ६० घरधुरीलाई नमुना छनोटका माध्यमबाट उत्तरदाताको रुपमा छानिएको छ । अध्ययनको उदेश्य अनुरुप उत्तरदाताहरु भने महिलाहरु मात्र रहेका छन् । प्राथमिक तथा द्वितीय दुबैखाले श्रोतबाट संकलित तथ्यांकहरु गुणात्मक तथा मात्रात्मक दुवैलाई विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

मंगलपुर गाविस चितवन जिल्लाको ३६ गाविसमध्ये मध्यपश्चिम चितवनको उत्तरी भागमा २१.९४ वर्ग किलोमीटर क्षेत्रफलमा रहेको एक गाविस हो भने जिल्लाको सदरमुकाम भरतपुरदेखि ७ कि.मी. मात्र टाढा रहेको छ । प्राकृतिक स्रोतको धनी रहेको उक्त गाविस सडक सुविधाको लागि सक्षम र सवल गाविसको रुपमा समेत परिचित छ । यस गाविसको ३९६९ घरधुरीमा जम्मा १९,९८७ जनसंख्या रहेको छ ।

अध्ययनको लागि छानिएका ६० दलित घरधुरीमा ३९२ जनसंख्या रहेका छन् जसमध्ये ३४(५६.७%) घरधुरी कामीको छ भने सार्कीको घरधुरी १०(१६.६%) मात्र रहेको छ । घरधुरी जनसंख्यालाई हेर्दा ६०.९% कामी, २४.४% दमाई र १४.७% सार्की छन् । उमेरगत आधारमा ०-१५ बर्ष उमेर समूहमा दलित घरधुरी जनसंख्याको पुरुष र महिला गरी जम्मा ६२(१५.८%) रहेको छन् भने १६-२९ बर्षका २०.२ प्रतिशत । त्यसैगरी ३०-४५ वर्षका सबैभन्दा बढि १०९(२७.८%) जना र ४६-५९ उमेरका २६.५ प्रतिशत रहेको छ भने ६० बर्ष वा सोभन्दा माथिका सबैभन्दा थारै जम्मा ३८ (९.७%) जना मात्र रहेका छन् । पारिवारिक बनोट अनुसार एकल वा सानो परिवारिक ढाँचामा जम्मा ३३.३% घरधुरी रहेका छन् । त्यसैगरी, संयुक्तमा ५६.७% र वृहत ढाँचामा १०.०% घरधुरी छन् । झण्डै ६५.० प्रतिशत कामी जातिको परिवारहरु संयुक्त पारिवारिक ढाँचामा रहेको पाइयो । त्यसैगरी २०.० प्रतिशत दमाई र १५.० प्रतिशत सार्की परिवारहरु संयुक्त पारिवारिक ढाँचामा रहेको पाइयो । अध्ययन क्षेत्रका दलित महिलाहरुको वैवाहिक स्थिति भने ४८.६% अविवाहित, ३६.८% विवाहित र ९.७% विधवा रहेका छन् । कुल अविवाहित महिलाहरुमा कामी ६४.५%, दमाई २४.४% तथा सार्की ११.१ प्रतिशत रहेका छन । संम्वन्ध विच्छेद गरेर बसेका महिलाहरु भने ९(४.९%) जना रहेका छन् ।

२१.८% घरधुरी जनसंख्या निरक्षर पाइयो भने साधारण लेखपढ् गर्न सक्नेहरु ३०.९% रहेको छ । त्यस्तै, प्राथमिक तहको अध्ययन पुरा गर्नेहरु २८.८%, माध्यमिक तह/एस.एल.सी.सम्मको १२.६%, उच्च माध्यमिक तहमा ४.८% र स्नात्तक वा सोभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्नेहरु जम्मा १.१% मात्रै पाइयो । यसको अर्थ अधिकांश दलित घरधुरीका सदस्यहरु माथिल्लो तहको उच्चशिक्षा प्राप्ति गर्ने दरमा क्रमश: घट्दो क्रममा रहेको छ । अर्कोतिर कुल घरधुरी जनसंख्याको ३९.२% कृषि कार्य गर्दछन् भने गैह्रकृषि कार्यमा २०.२% जनसंख्या निर्भर छ । परम्परागत पेशा जस्तै लुगा सिउने र फलामको काम गर्नेहरु भने कामी र दमाई दुवैगरी जम्मा

५.७% मात्रै छ । सार्की जातिले झन् आफ्नो पुर्खेउली पेशा नअपनाएको देखिन्छ । नोकरी गर्नेहरु (गैह्रसरकारीमा १.७% र सरकारीमा ०.३%) भने एकदमै न्यून जो भेटिए ति कामी जातिका हुन् । अन्य पेशामा वैदेशिक रोजगार (३.१%) र समाजसेवा वा राजनीति (०.८%) रहेका छन् ।

हिन्दु धर्ममा आस्था गर्नेहरु ७५.०% घरधुरी र ईसाइ धर्म अंगाल्नेहरु २५.०% भेटियो । इसाई धर्म रोज्नुको कारण कमजोर आर्थिक अवस्था र हिन्दु धर्ममा उचनिचको जातीय भेदभाव तथा छुवाछुतलाई मान्दछन् । दलित जातिहरुले पनि प्रायः सामन्य नेपाली वा हिन्दुहरुले अंगाल्ने धर्म, भाषा, संस्कार, भेषभूषा, रहनसहन, विश्वास, आदि चालचलनहरु स्वीकारेको भेटियो । उनीहरुले आफ्नो जातिगत पहिचानका लागि नेपाली राष्ट्रिय पोशाक-दौरा सुरुवाल र महिलाहरुमा आधुनिक पहिरनसँगै पटुका, चोलो, फरिया, पेटिकोट जस्ता कपडाहरुको प्रयोग गर्ने गर्दछन् ।

व्यक्तिगत अन्तर्वाताको लागि छानिएका उत्तरदाताहरुको उमेरगत विवरण भने १६-२९, ३०-४५ र ४६-५९ वर्ष उमेर समुहका उत्तरदाताहरु सबैभन्दा बढि ७५.०% रहेको छ भने सबैभन्दा कम ०-१५ का ५.०% छन् । पारवारिक ढाँचामा हेर्दा ३३.३% उत्तरदाता एकल पारिवारिक ढाँचामा रहेका छन् । त्यस्तै सबैभन्दा बढि ५६.७ प्रतिशत उत्तरदाताहरु संयुक्त पारिवारिक ढाँचामा रहेको परिवारमा बस्ने गरेका छन् । ८६.७% घरमा पुरुष नै घरमूलीको रुपमा रहेको पाइयो । यसको अर्थ लैगिक दृष्टिकोणले पनि पुरुषको वचर्स्व महिलाको तुलनामा बढि भएको भन्न सकिन्छ । आधाजति (५०.०%) उत्तरदाताहरु विवाहित रहे पनि अविवाहित ३०.०%, विधवा १३.३% र पारपाचुके वा सम्बन्ध विच्छेद गर्नेहरु ६.७% समेत रहेको छ ।

४१.६% उत्तरदाताको शैक्षिकस्तर निरक्षर रहेको छ । खासगरी दलित महिलाहरूले छुवाछुतजन्य सामाजिक भेदभावबाट उच्च शिक्षा लिन आफूहरुलाई बाधा परेको बताए । त्यस्तै ३.३% ले मात्र उच्च माध्यमिक तहको शिक्षा पुरा गरेका छन् भने

स्नातक वा सोभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्ने दलित महिलाहरु कोही पनि भेटिएन ।

५८.३% को मुख्य पेशा कृषि रहेकोमा उनीहरु आफ्नो र अरुको खेती गरी आफ्नो परिवारको आयस्रोत बढाउने वा जीवन धान्ने गर्दछन् । अध्ययनक्रममा उनीहरुको राजनीतिक सहभागिता छ/छैन भनि बुझ्ने प्रयास गर्दा ४०.०% ले आफूहरु प्रत्यक्ष एवं अप्रत्यक्ष तरिकाले राजनैतिक सहभागि हुने गरेको बताए । ६०.०% महिलाले चुनावमा भोट मात्रै हालेका छन् । राजनीतिक दलसँग आवद्ध हुनेहरुमा कामी र सार्की जातिको महिलामात्र रहेको छ भने अन्यले कहिलेकाही दलहरुको सभासम्मेलनमा उपस्थित हुने गरेको मात्र बताए ।

हिन्दु वर्णाश्रम व्यवस्थाअनुसार समाजलाई ब्राम्हण, क्षेत्री, बैश्य र शुद्र जस्ता मूख्य ४ जातिमा विभाजन गरिएका कारण आफूहरुले दास सरहको जीवन गुजार्न परेको कुरा दलित महिलाहरु बताउछन् । दलित महिलाहरुको सामाजिक तथा सांस्कृतिक एवं बासस्थान हेर्दा करिब ८०.०% घर पुरानै ढाँचामा ईट्टा, माटो र काठ तथा बाँसको समिश्रणबाट बनेको पाइयो । प्रायः घरहरु भुईतलाको हुनेगरेको कारण भान्सा कोठा, सुत्ने वा अन्नपात राख्ने कोठा भने उनीहरुले अलग्गै बनाएका छन् । कसै-कसैले गाई-बाखा, भैसी, हाँसकुखुरा आदिलाई पनि एउटै घरमा राख्ने गरेको देखिन्छ ।

धेरैजसो घरहरुमा इन्धनको रुपमा दाउरा (६०.०%) र आधुनिक ग्याँस चुलो ( ३१.७%) को प्रयोग गरी खाना पकाउने भएता पनि केहिले मट्टितेल (८.३%) को समेत प्रयोग गरेको पाइयो । ७६.७ प्रतिशत दलितहरुले इनार तथा ट्यूवेल (२८.३%) को पानी प्रयोग गर्ने गरेको देखिन्छ । ४०.०% ले मात्र चर्पीको प्रयोग गरेको पाइन्छ भने बाँकी खुल्ला क्षेत्रमा दिसापिसाव गर्न बाध्य छन् । ठाउँको अभाव र कमजोर आर्थिक अवस्थाका कारण चर्पी नबनाउदा अर्काको खेतवारीमा जानुपर्ने

वा जंगलमा जानुपर्ने बाध्यता, सर्पको डर र मान्छेले देख्लान भन्ने त्रास महिलाहरु बढी रहेको छ ।

सामाजिकरुपले दलितहरुको पनि आ-आफ्नै रहनसहन, धर्म, भेषभुषा तथा खानपान जस्ता चालचलन हुने गर्दछ । हाल आएर उनीहरुको रहनसहनमा आधुनिकीकरणको प्रभाव परेको पाइन्छ । चाडपर्वहरुमा दशैंतिहार, तिज, चैत्ते दशैं, होली, साउने संक्रान्ति, कृष्णाष्टमी, आदि अन्य जातिसरह नै मान्ने गरेको उनीहरुले बताए । पितृको ऋण चुकाउन पितृपूजा वा श्राद्ध गर्ने चलन उनीहरुमा पनि रहेको पाइन्छ । दलित जातिले पनि अन्य जातजातिको जस्तै जीवनचक्र जस्तै जन्म, विवाह र मृत्यु संस्कारहरु हिन्दु परम्पराअनुसार नै गरेको देखिन्छ । यी संस्कारहरु गर्दा उनीहरु अत्याधिक जाँड, रक्सी तथा मासुको प्रयोग गर्दछन् ।

शतप्रतिशत (१००.०%) उत्तरदाताहरुले समाजमा छुवाछुत र जातिय भेदभाव भएको कुरा बताए भने खासगरी ब्राह्मण तथा छेत्री जातिका मानिसहरुको गालीगलौज, दुर्व्यवहार बढी सहनु परेको उनीहरुको दुखेसो छ । एक तिहाई (३३.३%) उत्तरदाताहरुले धार्मिक भेदभाव रहेको कुरा बताए पनि २०.०% दलित महिलाहरु भीडभाड नभएको बेला वा माथिल्लो जातिका महिलाहरुले पूजा सकेपछि मन्दिर प्रवेश गर्ने गरेको खुलाए । ८०.०% ले स्थानीय देवदेवताको मन्दिरमा प्रवेशै नगरेको बताए । तर, शतप्रतिशत उत्तरदाताहरुले आफ्नो गाउँघर भन्दा टाढा वा आफूलाई नचिन्ने स्थानका मन्दिरहरुमा खुलेआम प्रवेश गरेका बताए । धर्म परिवर्तन गर्दा ६०.०% मा आत्माविश्वास बढेको र एकअर्कामा भेदभावजन्य व्यवहारहरु बाट टाढा हुनुपरेको कारण आफुमा सकारात्मक मनोवृत्ति आएको कुरा राखे । तर नकारात्मक हुनेहरुले भने आफ्नो पुरानो चालचलन जोगाउन नसकेकोमा पछुतो पनि मानेका छन् ।

दलित जातिमा कामको बाँडफाँड गर्ने निर्णय पुरुषको निर्णय (४५.०%) मा भर परेको देखिन्छ । यस जातिभित्र पनि समाजका छोरा र छोरीमा भेदभावपूर्ण व्यवहार हुन्छ । महिला र पुरुषको पारिश्रमिकमा पनि धेरै अन्तर पाइन्छ जहाँ पुरुषले एकदिन काम गर्दा रु ५०० सम्म पाउँछन् भने महिलाले रु. २५० मात्र पाउछन् । आफ्नो बालबच्चाको शैक्षिक भविश्यको लागि १६.७% महिला आफै निर्णय गर्दछन् भने १०.०% वैवाहिक निर्णय उनीहरुको छ । विवाह गर्ने योग्य उमेर भने केटाको लागि २२ बर्ष र केटीको लागि १८ बर्ष हुनुपर्ने कुरामा शतप्रतिशत उत्तरदाताहरु सहमत देखिन्छन् । छरछिमेकमा हुने अन्य जातजातिको भोजभतेर, विवाह, चाडपर्व आदिमा ५६.६% ले सहभागिता जनाउने गरेको छ । अन्य जातिसँगको सम्बन्ध एकदमै राम्रो भन्नेहरु (२०.०%) रहेको छ भने राम्रो मात्र (३१.७%) भन्नेहरुमा केही पढेलेखेका र समाजसेवा वा राजनीति गर्नेहरु हुन् भने जातिय हिसाबले दमाई जाति रहेका छन् ।

आर्थिकरुपमा दलित जातिहरुसँग भएको जग्गाजमिनको स्थितिलाई हेर्दा आफ्नै घरपरिवारको स्वामित्वमा जमिन हुनेहरु ८६.७% रहेको छ । ५०.०% सँग २ कठ्ठाभन्दा कम जग्गाजमिन रहेको छ भने ७.७% सँग ९ कठ्ठाभन्दा बढि जमिन रहेको पाइयो । आफूसँग भएको जग्गाजमनिको उत्पादनले ४१.७% लाई तीनमहिना भन्दा बढी खानलाउन नपुग्ने देखिन्छ भने बाकि समय विभिन्न व्यक्ति वा संघसस्थाहरुबाट ऋण (८०.०%) वा सापटी लिई परिवार धानेको उनीहरु  बताउछन् ।

यद्यपी अध्ययन क्षेत्रका दलित समुदायको मुख्य आर्थिक स्रोत भनेको कृषि, मजदुरी र पशुपंक्षीहरुको बेचबिखनबाट हुने आम्दानी हो । उनीहरुको वार्षिक आय-ब्यायको विवरणा हेर्दा १८.३% को बार्षिक आम्दानी २५ हजारभन्दा थोरै रहेका छ भने १०.०% को मात्र रु. एकलाख भन्दा बढि भएको पाइयो । ५६.७% ले बार्षिक ५० हजारसम्मको खर्च गर्ने गरेको पाइन्छ । यसबाट के अनुमान लगाउन सकिन्छ भने मंगलपुरका दलित महिलाहरुको बार्षिक आयव्यायको स्थिति एकदमै असन्तुलित देखिन्छ । प्रायःजसो खाद्यान्न, लत्ताकपडा, उपचार, शिक्षा, विद्युतमा खर्च गर्नुका

साथै उनीहरुले धुम्रपान, मध्यपान र तास आदिमा पनि फजुल खर्च गरेको पाईयो । त्यसो त १७(२८.३%) जना महिला उत्तरदाताले आफू र आफ्नो घरपरिवारको नाममा बचत समेत गर्ने गरेका छन् भने बाँकी घरधुरी उत्तरदाताले गरेको पाइएन । बार्षिक १५ हजारसम्मको बचत गर्ने घरसंख्या ८(४७.०%) रहेको छ । ५८.८% ले स्थानीय बैंकमा आफ्नो बचत जम्मा गर्ने गरेका छन् भने आम्दानी तथा खर्चको निर्णयधिकार भने ४१.७% श्रीमान वा पुरुषमाथि रहेको पाइयो । २८.३% महिलाहरु मात्र आफै निर्णय गर्न सक्षम देखिन्छन् । बाँकी निर्णय भने सामुहिक, परिवारमा रहेको सासु/ससुरा, जेठाजु/जेठानी, दिदी/दाजु, आमाजु आदिले गर्ने गरेको जवाफ उनीहरुको छ ।

दलित महिलाहरुको राजनैतिक अवस्था हेर्दा शतप्रतिशत दलित महिलाहरुले राज्यको निकायबाट नागरिकता लिएका छन् । जसमा गाविस प्रतिनिधि तथा स्थानीय दलका नेताहरुको पनि ठूलै सहयोग भएको कुरा दलित महिलाहरु बताउछन् । आफ्नो क्षेत्रमा रहेको सरकारको स्थानीय निकाय जस्तै गाविसले के काम गर्दछ भन्ने कुरामा समेत ९०.०% महिलाहरु जानकार रहेको देखिन्छ । ४०.०% ले आफ्ना दल वा गाविस प्रतिनिधिहरुले गाउँको विकासमा केही पनि नगरेको भनेका छन् भने ६०.०% ले बाटो निर्माण गरेको भने ।

राजनीति भनेको के हो भन्ने सवालमा ८६.६% ले राजनीतिलाई विकाससँग जोडेर बुझेको पाइयो भने ८०.०% ले राजनीति गर्नु भनेको छुवाछुत तथा जातिय भेदभावको अन्त्य । ६६.७% ले आफूले चाहेको सरकार बनाउने, ४५.०%ले दलितको लागि काम गर्नु, ३८.३% ले स्वतन्त्ररूपले राजनैतिक क्रियाकलापहरूमा सहभागि हुन पाउने अधिकार र ३०.०% ले निर्णय प्रक्रियामा सहभागि हुने पाउने अवसर भनेर बुझ्ने गरेको पाइयो ।

६३.३% ले राजनीतिमा महिला सहभागिता हुनुपर्दछ भन्ने जवाफ दिए भने ३६.७% ले मात्र आवश्यक नभएको बताए । ५०.०% महिलाहरु चुनावको बेलामा दल तथा नेता/व्यक्ति दुबै हेरेर राजनीतिक दलमा सहभागि हुने गर्दछन् भने बाँकी ३०.०% ले नेता/व्यक्तिको व्यावहार र २०.०% ले पार्टी रोज्ने गरेको पाइन्छ । ४०.०% दलित महिलाहरु चुनावी भोटमा आफ्नै निर्णय गर्दछन् भने बाँकीले श्रीमान, छिमेकी, स्थानीय राजनीतिक नेता तथा कार्यकर्ताहरुको दबावमा भोट दिने गरेका छन् ।

अध्ययन क्षेत्रका उत्तरदाताहरुमध्ये २४ जनामात्र राजनीतिमा सक्रिय रहेका छन् । २४ मध्ये ६६.७% एकीकृत नेकपा माओवादी नामक दलसँग प्रतिबद्ध भएको पाइयो भने ४.१% भने राप्रपासँग रहेको देखिन्छ । राजनीतिमा लाग्नु कुनै एउटामात्र कारण भने नरहेको देखिन्छ । दलित महिलाहरु राजनैतिक दलसँग आवद्ध हुनुमा (२५.०%) दुई प्रमुख कारण दलप्रति रहेको आस्था र दलित महिलाहरुको सशक्तिकरण गर्नुलाई मान्दछन् । त्यस्तै, १६.७ प्रतिशत महिलाहरूले सामाजिक सेवाका लागि राजनीति गर्ने गरेका छन् । ३३.३% महिलाहरु भने साथीभाईको करकापले राजनीतिक दलमा लागेको बताए । यसको अर्थ राजनीतिबाट दलित महिलाहरुले फाइदा लिनुको सट्टा अझै अन्य जातजाति वा दलका नेता तथा कार्यकर्ताहरुको धम्की, डर, त्रास आदिबाट पिडित हुनुपरेको छ ।

## ६.१ निष्कर्ष

मुलुकमा भौतिक स्रोत र साधनहरू पर्याप्त हुँदा-हुँदै पनि राष्ट्रिय शक्ति, राष्ट्रिय चरित्र र राष्ट्रिय मनोबल उच्च नहुँदा मानवीय शक्ति निष्क्रिय भएको अवस्थाका कारण नेपाली समाज गरिबीमा रहिरहनु परेको छ । अझ सामाजिक रुपमा रहेको जातीय संरचना, ठूलो र सानो भनेर वर्गीकृत भएका जातजातिहरु बीचको लडाईका कारण नेपाली समाज र संस्कृतिमा विभिन्न खाले भेदभाव तथा छुवाछुतहरु हुने गरेको छ । यसबाट सबैभन्दा बढी दलित भनेर चिनिने दमाई, कामी, सार्की

लगायतका जातिहरु सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक तथा राजनीतिक रूपमा पिडित रहेका छन् । सामाजिक रूपमा उपल्लो जाति भनेर चिनिएका जाति वा वर्गहरुबाट दलित वा दलित जातिका महिलाहरु हिजोदेखि नै ठगिएको, हेपिएको, दबिएको, गरिबीको भुँवरीमा फसिरहेको अवस्था देखिन आउँछ ।

यस शोधपत्रमा अगाडिका विभिन्न अध्यायमा जुन अवस्थाको अध्ययन गरियो त्यसलाई मनन् गर्दा दलित महिलाहरुको सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरु अन्य जातिहरूको भन्दा जटिल देखिन्छ । सामाजिक रूपमा नै दलित जातिहरु जातीय उत्पीडनका सिकार भएका छन् । सार्वजनिक स्थानमा रहेका धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुमा उनीहरुको उपस्थितिलाई अन्य जातजातिहरूको लागि अमान्य वा अपवित्र हुन्छ । मठमन्दिर प्रवेशमा दलितहरू अझै पनि खुलेर प्रवेश गर्न र पूजापाठ गर्न सकेका छैनन् । कमजोर शैक्षिक अवस्थाका कारण आफ्नै जातिभित्र हुने कुसंस्कारलाई समेत दलितहरुले भिरेर हिंडेका पाइन्छ । दलित भित्रकै दमाई, कामी, सार्कीभित्र पनि ठूलो विभेद रहेको छ । सार्की आफूलाई कामीभन्दा ठूलो मान्छ भने कामी आफूलाई दमाई भन्दा ठूलो ठान्छ । यस्तो संस्कारले दलितलाई अझ खण्डीकरण गराउने गरेको जालका रूपमा भएको देखिन्छ । जसलाई अन्त्य गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, प्राध्यापक, शिक्षक, बुद्धिजीवी आदि समाजका अगुवाहरु जुटेर लाग्नुपर्ने हुन्छ । रोजगारमूलक कार्यहरु जस्तै होटल व्यवसाय गर्न सामाजिक रूपमा उनीहरूलाई बन्देज छ । दलित जातिमा भू–स्वामित्वको स्थिति नाजुक भइदिदा कृषिलाई जीवनको आधारशिला मानिरहेका यस जातिको खेती गर्ने आफ्नो निजी जग्गाजमिन समेत पर्याप्त छैन । अरुको जग्गामा अधिया/तेहु कमाएर जीवननिर्वाह गर्नुपर्ने वाध्यता उनीहरुको छ । वैकल्पिक पेशा र रोजगारको कुनै सुविधा नहुदा शिक्षा र स्वास्थ्य जस्ता संवेदनशील पक्षहरुमा समेत उनीहरुको पहुँच छैन । दलित जातिका महिलाहरू परम्परागत कुसंस्कार र गुजारामुखी कृषिप्रणालीमा बाधिएका छन् । पुरुष र महिलाको अवस्थाको तुलना गर्दा दलित महिलाको अवस्था अझ कमजोर छ । एकै समयमा एकै प्रकारको काममा

पाउँने पारिश्रमिकमा समेत पुरुष र महिलाको भेदभावका कारण ज्यालादरमा फरक रहेको पाइन्छ । उत्पादनमुखी, स्वरोजगारमुखी कुनै प्रकारका व्यवसायहरू त्यहाँ सञ्चालित छैनन् भने आधुनिक प्रविधिको प्रयोगसँगै दलितहरुको परम्परागत पेशाहरु लोप भइरहेका छन् । आर्थिक उन्नतिका अवसरहरूको सृजना गरी यिनीहरूको अवस्थालाई सुधार गर्नुपर्ने, शैक्षिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरी शिक्षामा दलित महिलाहरूलाई अभिरुचिका साथ संलग्न गराइनुपर्ने अवस्था टड्कारो महसुस हुन आउँछ ।

दलित जातिका महिलाहरु राजनीतिक दलहरुका भोट बैंकका रुपमा देखिएका छन् । दलित महिलाहरुको सशक्तिकरण गर्नका लागि राजनैतिक सचेतना, विकास तथा कानुनी अधिकारहरु कागजमा मात्र होइन व्यवहारिक रूपमा उतार्न समाज, राजनैतिक दल, राज्य, अनि यहाँका स्थानीय निकायहरू वास्तविक रूपमा लाग्ने गरेको देखिदैन । नबुभ्नेलाई ठगेर होइन बुभ्राएर वा प्रशिक्षित गराएर सचेतना गर्नुपर्ने देखिन्छ । सरकारी, गैरसरकारी, पत्रकार, बुद्धिजीवी, शिक्षक, प्राध्यापक, कर्मचारी, समाजसेवी सबै तहहरू इमान्दार रूपमा सक्रिय भएर जिम्मेवारीपूर्वक लागेर दलित जातिका महिलाहरुको यस अवस्थालाई अन्त्य गर्नुपर्ने अनिवार्यता महसुस हुन आउँछ ।

# सन्दर्भ सूचीहरु (References)

## नेपालीमा


इन्सेक, (१९९६), *नेपालमा जातीय छुवाछुत,* अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक), काठमाण्डौं, ।

गाविस प्रोफाइल, (२०६७), मंगलपुर गाउँ विकास समितिको कार्यालय, मंगलपुर गाविस, चितवन ।

नेपालको आन्तरिम संविधान, (२०६३), *नेपालको आन्तरिम संविधान २०६३,* कानुन किताब व्यवस्था समिति, सिंह दरबार, काठमाण्डौं ।

प्रश्रित, मोदनाथ, (२००१), *जातपात र छुवाछुतको उत्पत्ति र विकास,* काठमाण्डौंः साझा प्रकाशन ।

बराल, वासु, (२०५०), *हिन्दु सामाजिक संगठनको प्रारुप,* साझा प्रकाशन, काठमाण्डौ ।

बिष्ट, डोरबहादुर, (२०५५), *सबै जातको फूलवारी सातौं संस्करण,* ललितपुर, साझा प्रकाशन ।

विश्वकर्मा, पदमलाल, (२००१), *दलित समुदायको सामाजिक, आर्थिक राजनैतिक स्थिति र आरक्षणको सवाल,* काठमाडौं (ग्रिन्सो) ।

विश्वकर्मा, पदमलाल (२००२), "डर्वान घोषणा र कार्ययोजना तथा नेपालमा जातिय विभेद" ।

भट्टचन, कृष्ण बहादुर, (२०५८),
*दलित तथा जनजाती,* एकता बुक्स प्रकाशन ।

केन्दिय तथ्यांक विभाग, (२०६८), राष्ट्रिय जनगणना प्रतिवेदन, २०६८, नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्दिय तथ्यांक विभाग, काठमान्डौ ।

राष्ट्रिय मानव अधिकार आयोग, (२०६०), *नेपालमा मानव अधिकारको स्थिति* २०६०, राष्टिय मावन अधिकार आयोग, हरिहर भवन, पुल्चोक, ललितपुर ।

सोव, दुर्गा, (२०५८), *"उत्पीडनभित्र दलित महिला",* स्टडिज इन नेपाली हिष्टोरी एण्ड सोसाइटी, भोलम २, नम्बर २ काठमाडौं; मण्डला बुक पोवाइन्ट ।

शर्मा, जनकलाल, (१९९४), *हाम्रो समाजः एक अध्ययन, काठमाडौं :* साझा प्रकाशन, सन् १९९४ ।

## अङ्ग्रेजीमा


Acharya, M., (1997), *Gender Equality and Empowerment of Women - A Study Report Submitted to UNFPA* (Kathmandu: UNFPA)

Acharya M. and L. Bennet, (1981), **"***The Status of Women in Nepal***",** Vol- I, CEDA Kathmandu

Bista, Dor Bahadur, (1972), *People of Nepal*, *Second Edition*, Kathmandu, Ratna Pustak Bhandar

Bennett, Lynn, (1983), *Dangerous Wives and Sacred Sister: Social and symbolic roles of High Caste Woman in Nepal*, *Columbia University Press*

Bhasin, Kamala, (1993), *Understanding Gender*: Kali for Women, New Delhi

Caplan, A.P., (1972), *Priest and Cobblers:* A *Study of Social Change in a Hindu Village in Western Nepal:* London Inter, Text Book

Ember, C., and M. Ember, (1993), *Antthropology*: Prentice-Hall, New Delhi

Haralumbus, M., (1996), *Sociology: Theme and Perspective*, Oxford University Press, New Delhi

Keller, F.E., (1996), *"The Gender/Science or is Gender as Nature is to Science"*, In Feminism and Science, Keller, F. E. and H. E. Longino. Bloomington: India University Press

Luitel, Samira (1992), *Women and Development*, Published by B.P. Luitel, Kathmandu, Nepal

Majupuria, I., (1985), *A Nepalese Women*, New Delhi

National Dalit Report, (2002), *National Dalit Strategy Report, 2002.* Submitted to Nepal Rastriya Dalit Utthan Center, Kathmandu Napal

Pathy, J., (1987), *Anthropology of Development: Demystification and Relevance*. Gain Publishing House, New Delhi

Sharma, Prayag Raj, (1977); *Caste, social mobility and Sanskritization*: *A study of Nepal's old legal code*: Kailash Magazin.

# अनुसूची-१
# घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नावली

**(खण्ड- एक)**

**<u>उत्तरदाताहरुको व्यक्तिगत एवं पारिवारिक विवरणः</u>**

अन्तरवार्ता मिति :

घरधुरी सि.नं :

१. उत्तरदाताको नाम थर :

लिङ्ग : उमेर :

शिक्षा : भाषा :

धर्म :

पेशा :

२. वैवाहिक स्थिति :

क) विवाहित ख) अविवाहित

ग) विधवा घ) समबन्ध विच्छेद

ङ) अन्य ...

३. परिवारको प्रकार :

क) एकात्मक ख) संयुक्त

ग) बृहत

४. परिवारको घरमूली :

क) श्रीमान ख) तपाई ग) अन्य .....

५. उत्तरदाताको पारिवारिक संरचना :

| क.स | परिवारका सदस्यको नाम | नाता (घरमुलीसँगको) | उमेर | लिङ्ग | पेशा | वैवाहिक स्थिति | शिक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| | | | | | | | |

**(खण्ड - दुई)**

**<u>२.१ सामाजिक पक्ष</u>**

२.१ तपाईको परिवारको लागि खानेपानीको मुख्य श्रोत के हो ?

क) इनार    ख) धारा    ग) कुवा

घ) अन्य ...

२.२ इनार, धारा, आदि सजिलैसँग प्रयोग गर्न पाउनु हुन्छ ?

क) पाउछु    ख) पाउदिन

२.३ तपाइले आफ्नो प्रयोगको लागि चर्पी बनाउनु भएको छ ?

क) छ    ख) छैन

२.४ तपाईको जाति वा परिवारको मुख्य मुख्य चाडपर्वबारे बताइदिनु हुन्छ की ?

.................................................

२.५ चाडपर्वका लागि खर्च कसरी जुटाउनु हुन्छ ?

क) आफ्नै आमदानीको श्रोतबाट    ख) ऋृण गरेर

ग) वस्तुभाउँ वा अन्न विक्री गरेर    घ) अन्य ....

२.६  तपाईका आफ्ना छोराछोरीहरु स्कूल जाने गर्दछन् वा गर्दैनन् ?

क) गर्छ                    ख) गर्दैनन्

२.७ तपाईका छोराछोरीमाथि विद्यालयमा कुनै भेदभाव भउको छ छैन ?

क) छ            ख) छैन

२.८ तपाईको विवाह कुन उमेरमा भयो ?

............................बर्ष

२.९ तपाईको विचारमा विवाहको लागि कुन उमेर ठीक हो जस्तो लाग्छ ?

........................

२.१० तपाईका छोराछारीको विवाह गर्ने निर्णय कसले गर्दछ ?

क) श्रीमान              ख) आफैले              ग) छोराछोरी आफै

घ) नातेदार              ङ) अन्य .....

२.११ तपाईलाई आफ्नो जातिमा हुने अन्तरजातिय वैवाहिक सम्बन्ध स्वीकार्य छ ?

क) छ            ख) छैन

२.१२ तपाईले आफ्नो गाउँ समाजमा भएका सामाजिक भोजभतेरहरुमा सहभागि हुने गर्नु भएको छ ?

क) छ            ख) छैन

२.१३ भोजभतेरमा सहभागि हुदां वा समाजमा छुवाछुतको असर के कस्तो रहेको छ ?

क) सामन्य              ख) व्यापक मात्रमा              ग) विस्तारै कम हुदै गएको

२.१४ के तपाई आफ्नो स्थानीय ठाउँमा भएको मन्दिरहरुमा जाने गर्नु भएको छ ?

क) छ            ख) छैन

२.१५ मन्दिरभित्र पनि प्रवेश गर्नु भएको छ ?

क) छ            ख) छैन

२.१६ पुजारीले टीका लगाई दिन्छन् कि दिदैनन् ?

क) दिन्छन्              ख) दिदैनन्

२.१७ के तपाईको जाति वा बस्तीमा धर्म परिवर्तन गर्नेहरु छन् की छैनन् ?

क) छन्                  ख) छैनन्

२.१८ धर्म परिवर्तन गरे पश्चात तपाई वा तपाईको परिवारमा के कस्तो परिवर्तन आए ?

क) सकारात्मक ख) नकारात्मक ग) थाहा छैन

## ३.१ आर्थिक पक्ष

३.१ के तपाई वा परिवारसँग आफ्नै जग्गाजमिन छ ?

क) छ ख) छैन

३.२ यदि छ भने के कति मात्रामा जग्गाजमिन रहेको छ ?

| जग्गाजमिनको परिमाण (कठ्ठामा) | खेत | बारी |
|---|---|---|
| ० - २ | | |
| ३ - ५ | | |
| ६ - ८ | | |
| ९ कठ्ठाभन्दा माथि | | |

३.३ तपाईको जग्गाजमिनबाट हुने उत्पादित अन्नले खान लाउन पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

३.४ उत्पादित अन्नले खान लाउन कति महिनासम्म पुग्ने गर्दछ ?

क) ३ महिना भन्दा कम ख) ४-६ महिनासम्म ग) ७-९ महिनासम्म

घ) १०-१२ महिनासम्म

३.५ यदि उतपादित अन्नले खान लाउन नपुग्ने भए कसरी पुरा गर्नुहुन्छ ?

..............................

३.६ प्रविधिको विकासले तपाईको परम्परागत पेशामा केही परिवर्तन अएको छ/छैन ?

..........................

३.७ तपाईको परिवारको आम्दानीको मुख्य स्रोतहरु के के हो ?

क) कृषि ख) नोकरी ग) व्यापार

घ) ज्याला मजदुरी ङ) अन्य ............

३.८ बार्षिक रुपमा तपाइको मोटामोटी आमदानी तथा खर्चहरु के कति हुन्छ ?

क) आम्दानी रु. ......   ख) खर्च रु. .......

३.९ हाल तपाईले बचत गर्नु भएको छ ? यदि छ भने बचत काहाँ राखनु भएको छ ?

क) बैंक वा वित्तीय संस्था   ख) घरैमा   ग) साहुकोमा

घ) छिमेकीलाई ब्याजमा   ङ) अन्य ....

३.१० बचत गर्नुभउको भए बार्षिक बचत के कति मात्रामा रहेको छ ?

...........................

३.११ हाल तपाईले ऋण लिनु भएको छ भने काहाँबाट लिनु भयो ?

क) बैंक वा वित्तीय संस्था   ख) समूह कोष

ग) साहुकोबाट   घ) नातेदार/छिमेकी

ङ) अन्य ....

३.१२ तपाईको परिवारले कमाएको पैसा कसले राख्छ ?

क) श्रीमान   ख) आफैले   ग) दुबैले   घ) अन्य ....

३.१३ तपाईले कमाएको पैसा नि ?

क) श्रीमान   ख) आफैले   ग) दुबैले   घ) अन्य ...

३.१४ तपाईको परिवारले कमाएको पैसा चाहि खर्च गर्ने निर्णय कसले गर्दछ ?

क) श्रीमान   ख) आफै   ग) दुबैको सहमतिमा घ) अन्य .............

३.१५ तपाई आफैले कमाएको पैसा आफू खुसी गर्न पाउनु हुन्छ ?

क) पाउछु   ख) पाउदिन   ग) कहिलेकाही

३.१६ तपाईको परिवारमा काम गर्ने निर्णय कसले गर्छ ?

क) श्रीमान   ख) आफैले   ग) दुबैले

घ) अन्य ...

३.१७. तपाईको घरमा भान्छामा कुन इन्धन प्रयोग गर्नु हुन्छ ?

(क) दाउरा   (ख) गोवर ग्यास   (ग) ग्यास

(घ) स्टोभ( मट्टितेल)

## ४.१ राजनैतिक पक्षहरु

४.१ तपाइसँग नागरिकता छ ?

................

४.२ मतदाता नामावलीमा तपाई वा तपाईको परिवारको नाम छ ?

..................

४.३ गाविसले के काम गर्दछ भन्ने कुरा तपाईलाई थाहा छ ?

..................

४.४ यदि छ भने तपाइको गाविस वा राजनीतिक नेताहरुले स्थानीयस्तरमा के कस्तो कामहरु गरेको छ ?

क) बाटो निमार्ण ख) पुल निर्माण ग) कृषिक्षेत्रको विकास

घ) केही पनि नगरेको

४.५ तपाईको विचारमा राजनीति भनेको के हो ?

..............

४.६ के राजनीतिमा सहभागि पनि हुने गरेको छ ? यदि छ भने कुन दलप्रति आवद्ध हुनुहून्छ ?

..................................

४.७ यसरी राजनीतिक दलमा आवद्ध हुनुको कारण के हो ?

.................................

४.८ तपाईको विचारमा राजनीतिमा महिला सहभागिता हुनुपर्छ वा पर्दैन ?

क) पर्छ ङ) आवश्यक छैन

४.९ चुनावमा भोट हाल्दा भने आफूलाई मन परेको व्यक्ति वा पार्टी के रोज्नु हून्छ ?

क) व्यक्ति ख) दल ग) दुवै

४.१० भोट हाल्दा कसैको दवाव हुन्छ की आफ्नै इच्छाले दिने गर्नु भएको छ ?

क) आफ्नै इच्छाले ख) दवावमा

## अनुसुची-२
## (जानकार व्यक्तिहरुको लागि चेकलिष्ट प्रश्नावली)

जानकार व्यक्तिको नाम र थर :

पेशाः

ठेगानाः

- यस वार्डमा मुख्य गरी कुन कुन जातजातिको बसोबास रहेको छ ? र ती जातजातिहरुको बीचमा के कस्तो सम्बन्ध रहेको पाइन्छ ?
- दलित जातिको रुपमा रहेका जातिहरुको सामाजिक कार्य, धार्मिक तथा साँस्कृतिक व्यवहार एवं चालचलनहरु के कस्ता रहेका छन् ? के उनीहरु माथि सामाजिक रुपले जातिय भेदभाव तथा छुवाछुत हुने गरेको छ ? यदि हुने गरेको छ भने किन हुने गर्दछ ? र दलित भित्रै पनि भेदभाव एवं छुवाछुत हुनुको कारण के हो ?
- दलित जातिका महिलाहरु पनि अन्य जातजातिको सामाजिक कार्य एवं भोजभतेरमा सहभागि हुने गरेको पाइन्छ ? धार्मिक क्षेत्रहरुमा दलित जातिको प्रवेश हुन्छ वा हुदैन ? हुदैन भने किन ?
- दलित जातिको आम्दानीको स्रोतहरु के के रहेका छन् ? खास गरी दलित जातिका घरपरिवारमा महिलाहरुको आर्थिक अवस्था के कस्तो रहेको छ ? उनीहरु आर्थिक रुपले पिछडिनुमा के कारणहरु रहेको छ ? बचत समूहहरुमा दलित महिलाहरुको सहभागिता छ/छैन ? के उनीहरुले सामाजिक रुपमा आफ्नो घरपरिवार वा छरछिमेक वा सार्वजानिक स्थानहरुमा दलित महिलाहरुले यौनजन्य दुर्व्यवहार तथा जातिय छुवाछुत जस्ता समस्याहरु सहनु परेको छ ?
- दलित जातिको घरायसी काममा परिवारका सदस्यहरुमध्ये कस्ले निर्णायक भूमिका खेल्दछ ? तपाईहरुले दलित महिलाप्रति गरिने व्यवहारहरुलाई के कस्तो रुपमा अनुभव गर्नुभएको छ ?
- के तपाईहरु कुनै राजनीतिक दल, निकाय वा संस्थाप्रति आवद्ध हुनुहुन्छ ? हुनुहुन्छ भने आफ्नो गाउँ टोलमा रहेको दलित जातिको उत्थानका लागि के कस्तो कार्यहरु गर्नु भएको छ ?
- तपाईहरुको गाउँ छिमेकमा दलित एवं पिछडिएको जाति वा महिलाहरुलाई आर्थिक एवं राजनैतिक रुपमा सुरक्षा गर्ने कुनै सङ्गठन छ ? यदि छ भने कहाँ र कुन सङ्गठन हो ? र त्यस संगठनले हालसम्म के गरेको छ ?